# प्रथम पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१)




**भिमाद नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**भिमाद, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

समृद्ध जनता, सुरक्षित शहर, सुशासन सहित समाजवाद उन्मुख नगर

# भिमाद नगरपालिकाको प्रथम पञ्चवर्षीय योजना

## (आ.व. २०७६/०७७ - २०८०/०८१)



भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७५/०७६
चलानी नं.

## दुई शब्द

आफूले चुनेका जनप्रतिनिधिहरुले आफ्नो संविधान लेख्ने करिव ६५ वर्ष पुरानो चाहनाको प्राप्ति पश्चात प्राप्त नेपालको संविधान २०७२ ले नेपाललाई संघीय संरचनामा पुनःसंरचित गरी स्थानीय तहहरुलाई एक स्वशासित, अविछिन्न उत्तराधिकारवाला संस्थाको रुपमा स्थापित गरेको छ । सो अनुसार शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार लगायतका विकासको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । यो एक ऐतिहासिक अवसर हो र यस अवसरको सदुपयोग गरेर नगरपालिकाको सकारात्मक रुपान्तरण हाम्रो दायित्व, जिम्मेवारी र कर्तव्य हो । तीन तहको सरकार मध्ये जनताको दिनानुदिनका अवस्थासँग प्रत्यक्ष सरोकार र साझेदार गर्ने स्थानीय सरकारका सामु स्थानीय विकास र समृद्धिका लागि ठोस योजना तथा कार्यक्रम तय गर्ने महत्वपूर्ण जिम्मेवारी रहेको छ ।

भिमाद नगरपालिकालाई मुलुककै उत्कृष्ट नगरपालिकाको रुपमा विकास गर्न यहाँका नागरिकहरुको दक्षता तथा क्षमतामा अभिबृद्धि गरी सामाजिक तथा आर्थिक रुपान्तरणका नयाँ अवसरहरु सिर्जना गरेर जनसहभागितामा आधारित द्रुत तथा दिगो विकासका माध्यमले नागरिकको गुणस्तरीय जीवनको सुनिश्चितता गर्न **"समृद्ध जनता, सुरक्षित शहर, सुशासन सहित समाजवाद उन्मुख नगर"** भन्ने दूरदृष्टिका साथ नगरबासीको खुशी र समृद्धिको लागि यस नगरपालिकाको ५ वर्षे प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको काम, कर्तव्य र अधिकारहरुको सदुपयोग गर्दै, स्थानीयस्तरमा उपलब्ध स्रोत र साधनहरुको समुचित व्यवस्थापन र सदुपयोग गर्दै, समुदायमा आधारित संघसंस्थाहरु, गैर सरकारी संघसंस्थाहरु, व्यापारिक प्रतिष्ठानहरु, निजी तथा पब्लिक संस्थाहरु, विकास साझेदारहरु, छिमेकका स्थानीय सरकार, प्रादेशिक सरकार, संघीय सरकारसँग सहकार्य गर्दै सार्थक जनसहभागितामूलक कार्यक्रमहरु मार्फत भिमाद नगरपालिकाको सुन्दर भाग्य र भविष्यको सुनिश्चितता गर्ने दृढ अठोट गर्दै योजनाबद्ध तवरबाट कार्यक्रमहरु सञ्चालन गर्ने तर्फ यो आवधिक योजनालाई केन्द्रित गरिएको छ ।

सहभागितात्मक प्रक्रियाद्वारा तयार गरिएको यो आवधिक योजना निर्माणमा सहयोग गर्नुहुने नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरु, विज्ञ सेवा उपलब्ध गराउनु हुने योजना विज्ञ डा. रामचन्द्र लामिछाने लगायत बुद्धिजिवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरु तथा नागरिक समाजका प्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस योजनाको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबै पक्षहरुबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

मेख वहादुर थापा
नगर प्रमुख

भिमाद नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**भिमाद, तनहुँ**

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या: २०७५/०७६

चलानी नं.

## समाजवादको आधारशिला निर्माणको प्रयास

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही भिमाद नगरपालिकाको दिगो र द्रुत विकासका लागि " **समृद्ध जनता, सुरक्षित शहर, सुशासन सहित समाजवाद उन्मुख नगर"** भन्ने दूरदृष्टिका साथ यो आवधिक योजना तयार गरिएको छ । भिमाद नगरपालिकाको यो नै विकासको पहिलो मार्गचित्र भएकोले यसमा समय अनुसार सुधार गर्दै यसले निर्दिष्ट गरको दूरदृष्टिमा आधारित लक्ष्य र उद्देश्य प्राप्त गर्न निरन्तर नेतृत्वदायी भूमिका खेलिनेछ ।

यस आवधिक योजनाले जनताको सहभागितामा समग्र नगरपालिकाको आमूल रुपान्तरण गरेर नेपालको संविधानले परिकल्पना गरे अनुसारको समाजवाद उन्मुख समाजको निर्माण गर्ने लक्ष्य लिएको छ । यस नगरपालिकाले निर्दिष्ट गरेका विकासका सिद्धान्तहरु, दूरदृष्टि, लक्ष्य, उद्देश्यहरु, रणनीतिहरु, कार्यनीतिहरु, कार्यक्रमहरु र क्रियाकलापहरु त्यस दिशातर्फ उन्मुख हुने गरी निर्माण गरिएका छन् । नगरबासीहरुको खुशी र समृद्धि नै यस आवधिक योजनाको पहिलो र अन्तिम लक्ष्य हो ।

भिमाद नगरपालिकाबासीहरुमा समर्पित यस गुरु योजना तयार गर्न विविध पक्षहरुमा सहयोग गर्नु हुने नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, बुद्धिजिवी, समाजसेवी, शिक्षकहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु तथा योजना तर्जुमा कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउनु हुने विज्ञ समूहका सदस्यहरु प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

शारदाखनाल

शारदा खनाल

उप-प्रमुख

भिमाद नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## भिमाद, तनहुँ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७५/०७६
चलानी नं.

### नयाँ उत्साह र उमङ्गको स्रोत

नयाँ संविधान २०७२ अनुसार राज्यको पुनर्संरचना वमोजिम गठन भएको तनहुँ जिल्लाको पश्चिम दक्षिण भेगमा रहेको यस भिमाद नगरपालिका प्राकृतिक तथा साँस्कृतिक विविधताको संगमस्थल हो । यहाँ उपलब्ध प्राकृतिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक तथा आर्थिक स्रोतहरुमा प्रविधि, सीप, दक्षताको संमिश्रणले यस नगरपालिकाको आमूल रुपान्तरण गर्न सकिन्छ भन्ने मान्यतालाई मनन गर्दै समृद्ध पालिका र सुखी पालिकाबासी निमाण गर्न **"समृद्ध जनता सुरक्षित शहर, सुशासन सहित समाजवाद उन्मुख नगर"** भन्ने दूरदृष्टिका साथ यो आवधिक योजना तर्जुमा गरी लागु गर्ने अठोट गरिएको छ । यस योजनाले नयाँ र परिवर्तित अवस्थाका ऐतिहासिक, राजनीतिक, सामाजिक, साँस्कृतिक, प्राकृतिक, विज्ञान तथा प्रविधि र मानव संसाधनमा अन्तर्निहित संभावनाहरुको प्रष्फुटन गरी द्रूत तथा दिगो विकासको मार्ग कोरेको छ, जसले गर्दा नयाँ उत्साह र उमंग सिर्जना भएको छ ।

यस गुरुयोजना निर्माणका लागि नेतृत्वदायी भूमिका खेल्नुहुने भिमाद नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, उप-प्रमुखज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी साथीहरु यस योजना निर्माणको सन्दर्भमा आफना अमुल्य सुझावहरु उपलब्ध गराउनुहुने शिक्षक, समाजसेवी, बुद्धिजिवी, राजनैतिक दलका प्रतिनिधिज्यूहरु तथा यस योजना तर्जुमा गर्न सहजीकरण गर्नुहुने विज्ञ डा. रामचन्द्र लामिछाने लगायत विज्ञ समूहका सम्पूर्ण सदस्यहरुलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

थमन सिह थापा
प्रमुख प्रशासकीय अधिकृत

## योजना निर्माण सहजकर्ताको तर्फबाट

भिमाद नगरपालिकाको आवधिक योजना (आ.व. २०७६/०७७ देखि २०८०/०८१) ले जनसहभागितामा आधारित नगरपालिकाको द्रुत तथा दिगो विकासको परिकल्पना गरेको छ । यस आवधिक योजनाले एक्काइसौं शताब्दीका विकासका संभावना र भिमाद नगरपालिकाबासीका चाहनाहरुलाई समायोजन गरेर भिमाद नगरपालिकालाई विकसित विश्वसँग जोड्ने लक्ष्य लिएको छ । नगरपालिकाबासीमा अन्तर्निहित क्षमता, यहाँ भएका स्रोत तथा साधनहरुले बोकेको संभावनाहरुको अधिकतम् प्रष्फुटन र सदुपयोगले सिर्जना गर्न सक्ने सकारात्मक परिवेशलाई आँकलन गरी **"समृद्ध जनता सुरक्षित शहर, सुशासन सहित समाजबाद उन्मुख नगर"** भन्ने दूरदृष्टि तयार गरिएको छ । यो योजना जनसहभागितामा आधारित उच्चतम विधिहरु प्रशंसनीय खोज विधि, सामाजिक कलाकारिता, खुला स्थान प्रविधि जस्ता सवलतामा आधारित विधिहरुको प्रयोग गरिएको छ । यस योजनाले केन्द्रविन्दूमा जनता र भिमाद नगरपालिकाको संभावनालाई राखेर नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छ । नयाँ राजनीतिक व्यवस्था प्रादुर्भाव भएको सन्दर्भमा दैनिक जनजीवनमा परिवर्तनको महसुस गराएर विकास र सकारात्मक रुपान्तरणप्रति उत्साह र उमंग सिर्जना गराउँदै आफ्ना उत्पादनका स्रोतहरुको रुपमा रहेका ज्ञान, सीप, जल, जमिन, जंगल, कला, संस्कृति, आदिको उत्पादकत्व बृद्धि गरी अधिकतम लाभ लिने वातावरण निर्माण गर्न यस आवधिक योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ । सदियौं देखि वेवास्ता गरिएका स्थानीय तहमा उपलब्ध स्रोत तथा साधनहरुलाई यसले मूलप्रवाहीकरण गरेको छ र सबैको पहुँचमा स्रोत र अवसरको सुनिश्चितता गर्दै समावेशी विकासद्वारा समाजवाद उन्मुख समाज स्थापनाको लक्ष्य लिएको छ ।

यस महत्वपूर्ण दस्तावेज निर्माणमा सहजीकरणको अवसर प्रदान गर्नु भएकोमा भिमाद नगरपालिकालाई हार्दिक आभार व्यक्त गर्दछु । यस योजना निर्माणको क्रममा निरन्तर सहयोग र उत्पेरित गर्नु हुने र नगरपालिकाका सबै सूचना उपलब्ध गराएर सबै परामर्श छलफलहरु निरन्तर सहभागिता तथा सहजीकरण गर्नुहुने आदरणीय नगर प्रमुख श्री मेख बहादुर थापाज्यू तथा उप-प्रमुख श्री शारदा खनालज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस योजना निर्माणमा शुरुदेखि निरन्तर मार्ग निर्देशन प्रदान गर्दै उत्साह र उमंग तथा नयाँ नयाँ जानकारी र विचारहरु प्रदान गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री थमन सिंह थापा लगायत नगरपालिका परिवार प्रति विशेष धन्यवाद व्यक्त गर्दछु । यस आवधिक योजना निर्माणको लागि श्रृङ्खलाबद्ध छलफलहरुमा उत्साहमूलक, व्यवस्थित र सूचनामूलक जानकारी उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्नुहुने ईरिप्स नेपालका श्री अनिल पौडेल प्रति हार्दिक आभार व्यक्त गर्दछु । मस्यौदा छलफलमा सहभागी भएर आफ्नो अमुल्य सुझाव दिनुहुने आदरणीय वडा अध्यक्षज्यूहरु तथा कार्यपालिकाका सदस्यज्यूहरु तथा यस गुरुयोजना निर्माणको सन्दर्भमा विभिन्न कोणबाट सल्लाह, सुझाव, सूचनाहरु उपलब्ध गराउनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

डा. राम चन्द्र लामिछाने
सहजकर्ता एवम् परामर्शदाता

## विषय सूची


| शिर्षक | | पृष्ठ |
|---|---|---|
| आवधिक योजनाको सारांश | | |
| प्रस्तावना | | |
| | **परिच्छेद १** | |
| | **परिचय** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | योजना निर्माणका उद्देश्य | १ |
| १.३ | योजनाका क्षेत्रहरु | २ |
| | १.३.१ आर्थिक विकास क्षेत्र | २ |
| | १.३.२ सामाजिक विकास क्षेत्र | ३ |
| | १.३.३ पूर्वाधार विकास क्षेत्र | ३ |
| | १.३.४ लोकतन्त्र र सुशासनका क्षेत्र | ३ |
| | १.३.५ अन्तरसम्बन्धित क्षेत्र | ३ |
| | १.३.६ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | ३ |
| १.४ | योजना तर्जुमा प्रक्रिया | ४ |
| | **परिच्छेद २** | |
| | **भिमाद नगरपालिकाको वस्तुस्थिति विवरण** | |
| २.१ | पृष्ठभूमि | ६ |
| २.२ | भौगोलिक स्थिति | ६ |
| २.३ | भू बनोट | ७ |
| २.४ | नगरपालिकाको प्रशासनिक गठन | ७ |
| २.५ | जनसांख्यिक विवरण | ८ |
| | २.५.१ जनसंख्या | ८ |
| | २.५.२ मातृभाषाको आधारमा जनसंख्या | ८ |
| | २.५.३ जातजातीको आधारमा जनसंख्या | ९ |
| | २.५.४ उमेर समूह अनुसारको जनसंख्या | १० |
| २.६ | बत्ती बाल्न प्रयोग गरिने ईन्धन | १० |
| २.७ | खाना पकाउन प्रयोग गरिने ईन्धन | ११ |
| २.८ | बाल क्लबहरु | ११ |
| २.९ | आमा समूहहरु | ११ |

| शिर्षक | पृष्ठ |
|---|---|
| २.१० टोल विकास संस्था | ११ |
| २.११ खानेपानीको अवस्था | ११ |
| २.१२ शौचालयको अवस्था | १२ |
| २.१३ धर्मिक, साँस्कृतिक सम्पदा तथा पर्यटन पूर्वाधार | १२ |
| २.१४ आर्थिक अवस्था | १२ |
| २.१४.१ भू-उपयोग | १२ |
| २.१४.२ खाद्यान्न उत्पादन | १३ |
| २.१४.३ खाद्यान्न उपलब्धता | १३ |
| २.१४.४ मुख्य आम्दानीका स्रोतहरु | १३ |
| २.१४.५ पशुपालन | १३ |
| २.१५ भिमाद नगरपालिकाको विकासको समिक्षा | १३ |

## परिच्छेद ३

## नगरपालिकाको योजना

| | |
|---|---|
| ३.१ नगरपालिकाको समग्र विकासका सिकाई, सबल पक्ष, अवसर र संभावनाहरु | १७ |
| ३.१.१ आर्थिक विकास क्षेत्र | १७ |
| ३.१.२ सामाजिक विकास क्षेत्र | २२ |
| ३.१.३ भौतिक पूर्वाधार विकास क्षेत्र | २९ |
| ३.१.४ लोकतन्त्र तथा सुशासन | ३२ |
| ३.१.५ अन्तरसम्बन्धित क्षेत्रहरु | ३६ |
| ३.१.६ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | ४० |
| ३.२ योजना खाका | ४२ |
| ३.२.१ भिमाद नगरपालिकाको विकासका मार्ग निर्देशक सिद्धान्तहरु | ४२ |
| ३.२.२ आवधिक योजनाको दूरदृष्टि | ४२ |
| ३.२.३ आवधिक योजनाको लक्ष्य | ४२ |
| ३.२.४ आवधिक योजनाको उद्देश्य | ४२ |
| ३.२.५ विकासका प्राथमिकताका क्षेत्रहरु | ४३ |
| ३.२.६ दिगो विकास लक्ष्यहरुको स्थानीयकरण र भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | ४४ |
| ३.२.७ भिमाद नगरपालिकाको विकास रणनीति | ५७ |
| ३.२.८ समष्टिगत आर्थिक लक्ष्य र खाका | ६३ |

| शिर्षक | | पृष्ठ |
|---|---|---|

### परिच्छेद ४

### समष्टिगत आर्थिक नीति


४.१ सार्वजनिक वित्त ६७

४.१.१ सार्वजनिक खर्च ६७

४.१.२ नगरपालिकाको आर्थिक कार्यनीतिहरु ६८

४.१.३ राजश्व ६९

४.१.४ सार्वजनिक, निजी र सहकारी साझेदारी ७१


### परिच्छेद ५


५.१ आर्थिक विकास क्षेत्र ८१

५.१.१ कृषि ८२

५.१.२ पशुपंछी ९१

५.१.३ सिंचाई तथा जलस्रोत ९४

५.१.४ संस्कृति तथा पर्यटन ९६

५.१.५ उद्योग, बाणिज्य तथा आपूर्ति १०१

५.१.६ खाद्य तथा पोषण १०४

५.१.७ वन तथा वातावरण १०७

५.१.८ भूमि व्यवस्थापन ११०

५.२ सामाजिक विकास क्षेत्र ११३

५.२.१ जनसंख्या तथा बसाईसराई ११६

५.२.२ शिक्षा, विज्ञान तथा प्रविधि १२०

५.२.३ स्वास्थ्य तथा पोषण १३०

५.२.४ खानेपानी तथा सरसफाई १३८

५.२.५ युवा तथा खेलकुद १४१

५.२.६ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक सुरक्षा १४५

५.३ पूर्वाधार विकास क्षेत्र १५३

५.४ लोकतन्त्र र सुशासन १५९

५.५ अन्तर सम्बन्धित क्षेत्र १६६

५.६ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन १७५

६. अनुसूची १७९

## आवधिक योजनाको सारांश

नेपालको संविधान २०७२ ले नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा बहुभौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकर गर्दै नागरिक स्वतन्त्रता, मानवअधिकार, बालिग मताधिकारको सुनिश्चित गर्न समानुपातिक समाबेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजबाद उन्मुख समाज सहितको राष्ट्रको परिकल्पना गरेको छ । नयाँ संविधानले नेपाललाई संघीय संरचनामा पुनर्संरचित गरी स्थानीय, प्रादेशिक र संघीय संरचनामा विभाजन गरेको छ । स्थानीय तहलाई स्वायत्त, अविच्छिन्न उत्तराधिकारवाला संस्थाको रुपमा स्थापित गरी स्थानीयस्तरको समग्र तथा दिगो विकासको लागि जिम्मेवार तहको रुपमा स्थापित गरेको छ । संविधानको प्रावधान अनुसार गण्डकी प्रदेश अन्तरगत तनहुँ जिल्लाको भिमाद नगरपालिकाको स्थापना भएको छ । यस नगरपालिकाको सन्तुलित र समग्र विकास गरी संविधानले परिकल्पना गरेका मौलिक अधिकारहरुको सुनिश्चितता र समृद्ध नगरपालिका निर्माण गर्ने उद्देश्यका साथ योजना तर्जुमा गरी यो आवधिक योजना तर्जुमा गरिएको छ ।

यो आवधिक योजनाले **"समृद्ध जनता सुरक्षित शहर, सुशासनसहित समाजवाद उन्मुख नगर"** भन्ने दूरदृष्टि सहित समाजवाद उन्मुख समाजको लागि जनविकास अभियानलाई मार्गनिर्देश गर्नेछ ।

यस आवधिक योजना निर्माणको सन्दर्भमा नगरपालिकाभित्र रहेका सामाजिक, प्राकृतिक, साँस्कृतिक, आर्थिक, भौतिक स्रोतहरुको सुक्ष्म विश्लेषण गरी विगतका सफल सिकाईहरु, वर्तमानमा भएका अवसरहरु र संभावित अवसरहरु तथा स्रोतहरुको लेखाजोखा गरी ती सबैले सिर्जना गर्न सक्ने संभावनाहरुको लेखाजोखा गरी नगरपालिकाको समग्र विकासलाई सकारात्मक योगदान दिएर समावेशी, समुन्नत, वातावरणीय सन्तुलन सहितको भौतिक विकास र समृद्ध समाज निर्माण गर्न दिगो विकास र सामाजिक न्यायमा आधारित विकासका सिद्धान्तहरु निर्माण गरेर विकासको दूर दृष्टि, लक्ष्य, उद्देश्यहरु र विकासका कार्यक्रमहरु तथा क्रियाकलापहरु निर्माण गरिएका छन् ।

यो योजना अवधिमा भिमाद नगरपालिकाको आर्थिक बृद्धिलाई ८ देखि १० प्रतिशतको दरमा कायम गरी निरपेक्ष गरीबिलाई शुन्यमा झारेर सबै प्रकारका सामाजिक विसंगति, कुरीति र विभेदहरुको अन्त्य र सामाजिक न्यायमा आधारित गुणस्तरीय जीवन सहितका समृद्ध र समावेशी समाजको निर्माण गर्ने लक्ष्य रहेका छन् ।

यस आवधिक योजना जनसहभागितामा आधारित सहभागितामूलक योजना तर्जुमा पद्धतिहरु तथा प्रशंसनीय खोजका विधिहरुको प्रयोगका साथै नागरिकका भावना तथा चाहनाहरु, नगरपालिकाभित्रका सूचना र तथ्याङ्कहरु, नेपालको संविधान, ऐन, कानून, नीति, नियम र कार्यक्रमहरु, अन्य सरोकारवालाहरुसँग अन्तरक्रिया मार्फत सङ्कलित अभिमत, सूचना र तथ्याङ्कहरु, आन्तरिक तथा बाह्य स्रोतहरुको विस्तृत लेखाजोखा लगायतको व्याख्या एवम् विश्लेषण गरेर तयार गरिएको छ । यो एक गतिशील दस्तावेज हो । यसले नगरपालिकाको समग्र विकासलाई मार्ग निर्देशन गर्नेछ । नगरपालिकाले आगामी दिनमा प्राप्त गर्ने उपलब्धी एवम् नयाँ अवसरहरुलाई ध्यानमा राखी यसमा थप परिमार्जन तथा सुधार गर्दै जानेछ । नगरपालिकाका विकासलाई वैज्ञानिक दृष्टकोणका आधारमा व्यवस्थित गर्न र यस गुरुयोजनालाई उपयोगी बनाउन ११ भागमा बाँडिएको छ ।

यस योजना अवधिमा अनुमानित रु. ५,२८,८३,७५,०००.०० लगानी हुने अनुमान गरिएको छ । लगानीका लागि आवश्यक बजेट भिमाद नगरपालिकालाई प्राप्त हुने संघीय सरकार तथा गण्डकी प्रदेशको समानीकरण अनुदान र सशर्त अनुदान, राजश्व बाँडफाँट अनुदान, समपुरक अनुदान, विशेष अनुदान तथा नगरपालिकाको आन्तरिक श्रोत लगायत संघीय तथा प्रदेश सरकारबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा विनियोजन हुने बजेट, उपभोक्ता, गैरसरकारी संस्था तथा निजी क्षेत्रको समेत सहभागिता गराई जुटाईनेछ । योजनाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन प्रक्रिया मार्फत विकासको गुणस्तरीयता र सुशासनलाई सुनिश्चित गरिएको छ ।

# प्रस्तावना

नेपालको संविधान २०७२ ले नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा बहुभौगोलिक विवधायुक्त राष्ट्रको रुपमा स्वीकर गर्दै नागरिक स्वतन्त्रता, मानवअधिकार, बालिग मताधिकारको ग्यारेन्टी सहित सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजवादको परिकल्पना गरेको छ । संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, भाग १७ स्थानीय कार्यपालिका, धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकार, भाग १८ स्थानीय व्यवस्थापिका, भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली, भाग २० संघ, प्रदेश र स्थानीय तहबीच अन्तर सम्बन्ध एवम् अनुसूची ८ र ९ ले व्यवस्था गरेका अधिकार एवं प्रावधानहरुको प्रयोग गर्ने गरी गण्डकी प्रदेश अन्तरगत तनहुँ जिल्लाको पश्चिम दक्षिणमा अवस्थित भिमाद नगरपालिकाको स्थापना भएको छ । यस नगरपालिकाको चौतर्फी विकास एवं दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी ती लक्ष्य हासिल गर्न योगदान गर्नेगरी समृद्ध नगरपालिका निर्माण गर्ने उद्देश्यका साथ यो ५ वर्षे आवधिक योजना तर्जुमा गरिएको छ । यो योजनालाई **समाजवाद उन्मुख समाजको लागि जनविकास अभयान** भनिनेछ । नगरपालिका भित्र वातावरणीय सन्तुलन कायम गर्दै नगरपालिकाबासीहरुको सहभागितामा पालिकाबासीको जीवनमा सकारात्मक रुपान्तरण ल्याएर गुणस्तरीय जीवनको सुनिश्चितता सहितको द्रूत आर्थिक तथा सामाजिक विकास नै यस आवधिक योजनाको लक्ष्य हो ।

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले नेपाललाई विधिवत रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा रुपान्तरण गरेको छ । तीन तहको सरकारमध्ये स्थानीय तहहरु अविछिन्न उत्तराधिकारवाला स्वशासित इकाईको रुपमा स्थापित भएका छन् । संवैधानिक रुपमा नै स्थानीयस्तरको शान्ति, समृद्धि, स्थायित्व तथा विकासको लागि स्वयं स्थानीय तहहरुलाई अधिकार सम्पन्न गरिएको छ । नेपालको संविधान २०७२ ले दिएको शासकीय अधिकारको सदुपयोग गर्दै भिमाद नगरपालिकाले आफ्नै नेतृत्वमा प्रथम पञ्चवर्षीय आवधिक योजना (आ.व. २०७६/०७७ - २०८०/०८१) तर्जुमा गरेको छ । यो भिमाद नगरपालिकाको पहिलो आवधिक योजना भएकोले यस योजनाले नै विकासका मुख्य सूचकाङ्कहरु निर्धारण गरेको छ । यस योजना तर्जुमा प्रक्रियामा जनसहभागितामा आधारित सहभागितामूलक योजना तर्जुमा पद्धतिहरु तथा प्रशंसनीय खोज लगायतका सवलतामा आधारित विधिहरु प्रयोग गरेर जनताका भावना तथा चाहनाहरु, नगरपालिका भित्रका सूचनाहरु, नेपालको संविधान, ऐन, कानून, नीति, नियमहरु एवम् कार्यक्रमहरुको सङ्कलन, नगरपालिकाभित्र र नजिकका सरोकारवालाहरुसँग अन्तरक्रिया मार्फत अभिमत सङ्कलन एवम् आन्तरिक तथा बाह्य स्रोतहरुको विस्तृत लेखाजोखा, व्याख्या एवम् विश्लेषण गरेर तयार गरिएको छ ।

यो एक गतिशील दस्तावेज हो । यसले भिमाद नगरपालिकाको विकासलाई मार्ग निर्देशन गर्नेछ । नगरपालिकाले नयाँ अवसरहरु सिर्जना गरेर अझ सकारात्मक परिणामहरु प्राप्त गर्ने अवस्थामा वार्षिक नीति तथा कार्यक्रम मार्फत यस योजनालाई थप परिमार्जन तथा सुधार गर्दै जानेछ ।

## १.२ योजना निर्माणका उद्देश्य

भिमाद नगरपालिकाको गठन पश्चात यो नै पहिलो पञ्चवर्षीय योजना हो । भिमाद नगरपालिकाको विकासलाई मार्ग निर्देशन गर्न नगरपालिकाबासीको सहभागितामा पालिकाको समृद्धि र विकासको लागि योजनाबद्ध रुपमा विकास कार्यक्रमहरु सञ्चालन गर्न, नागरिकहरुको दक्षता र क्षमता अभिबृद्धि गर्न, पालिकामा सुशासनको प्रत्याभूति गराउन "**समाजवाद उन्मुख समाजको लागि जनविकास अभियान**" सफलतापूर्वक सञ्चालन गर्नको

लागि यो आवधिक योजना तयार गरी लागु गरिएको छ । यस आवधिक योजनाको दूरदृष्टि **"समृद्ध जनता, सुरक्षित शहर, सुशासन सहित समाजवाद उन्मुख नगर"** रहेको छ ।

यस आवधिक योजनाको निम्न लिखित विशिष्ठ उद्देश्यहरु रहेका छन् ।

१ नेपालको संविधानले निर्दिष्ट गरेका समाजवाद उन्मुख समाज निर्माणको लागि संविधानले प्रदत्त गरेका मौलिक हकहरुको सुनिश्चितताको लागि कार्यक्रमहरु सञ्चालन गर्ने,

२ नगरपालिकाबासीका आधारभूत आवश्यकताहरु परिपूर्ति गरी सबैको आत्मसम्मानको सुनिश्चितता गर्ने,

३ नागरिकको सहभागितामा आर्थिक, सामाजिक, साँस्कृतिक विकास तथा वातावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

४ नागरिकको सीप, क्षमता तथा दक्षता अभिबृद्धि गरी स्थानीय स्रोत र साधनहरुको अधिकतम सदुपयोग गरी आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गर्ने,

५ समृद्ध नगरपालिका र सुखी नगरपालिकाबासीको लागि विषयगत क्षेत्रहरुमा योजनाबद्ध रुपमा विकास गरी दिगो आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय सन्तुलन सहितका विकास कार्यक्रमहरु सञ्चालन गर्ने,

६ सुशासन, पारदर्शिता, जवाफदेहिता, समावेशिता, चुस्त र स्फुर्त सेवा प्रवाहका माध्यमले समग्र नगरपालिकाको विकासमा जनसहभागिताद्वारा नगरपालिकाका कार्यक्रमहरुमा नागरिकहरुको स्वामित्व अभिबृद्धि गरी नगरपालिकाप्रति गौरवान्वित बनाउने,

७ दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गरी दिगो विकासको लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने ।

## १.३ योजनाका क्षेत्रहरु

यस आवधिक योजनाले भिमाद नगरपालिकाको समग्र विकासका पक्षहरुलाई निर्देशित गरेको छ । यस गुरु योजनाले तल उल्लेखित क्षेत्रका योजनाहरुलाई समेटेको छ ।

### १.३.१ आर्थिक विकास क्षेत्र

यस विषय अन्तर्गत कृषि, पशुपालन, सिंचाई, खाद्य तथा पोषण, वन तथा वातावरण, उद्योग वाणिज्य तथा आपूर्ति तथा भू-उपयोग जस्ता क्षेत्रहरु समेटिएका छन् ।

### १.३.२ सामाजिक विकास क्षेत्र

यस विषय अन्तर्गत जनसंख्या व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक, युवा, खेलकुद, सामाजिक सुरक्षा, असहाय अपाङ्गता भएकाहरुको समग्र विकास सुनिश्चित गर्ने योजनाहरु समेटिएका छन् ।

### १.३.३ पूर्वाधार विकास क्षेत्र

यस विषय अन्तरगत उर्जा, जलविद्युत, यातायात पूर्वाधार, सडक, केवलकार, यातायात व्यवस्थापन, प्रादेशिक तथा स्थानीय पूर्वाधार, विज्ञान तथा प्रविधि, शहरी विकास, ग्रामिण विकास, आवास तथा बस्ती विकास, पुननिर्माण जस्ता विषयगत क्षेत्रका योजनाहरु समेटिएका छन् ।

### १.३.४ लोकतन्त्र र सुशासन क्षेत्र

यस अन्तरगत नगरपालिकाको एकता, सुरक्षा, शान्ति र सुव्यवस्था, नेतृत्व निर्माण, निर्वाचन प्रणालीमा सुधार, मानव अधिकार, न्याय प्रणाली, स्थानीय तहको सन्तुलित विकास, शासकीय सुधार, प्रशासकीय सुधार, वित्तीय सुधार, भ्रष्टाचार नियन्त्रण, मानव बेचबिखन तथा ओसार पसार अन्त्य जस्ता विषयका योजनाहरु समेटिएका छन् ।

### १.३.५ अन्तरसम्बन्धित क्षेत्र

यस क्षेत्र अन्तरगत गरिबी निवारण, श्रम तथा रोजगारी, मानव संसाधन विकास, अनुसन्धान तथा विकास, उद्यमशीलता विकास, समानता, समावेशीकरण, सामाजिक सुधार, सामाजिक साँस्कृतिक विविधता, विपद व्यवस्थापन, वातावरण, जलवायु परिवर्तन, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरुसँग सम्बन्धित विषयका योजनाहरु समेटिएका छन् ।

### १.३.६ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

यस विषय अन्तरगत तथ्याङ्क प्रणाली, योजना तर्जुमा, आयोजना बैंक, संस्थागत तथा कार्यान्वयन व्यवस्था, तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय, जोखिम व्यवस्थापन तथा अनुगमन तथा मूल्याङ्कन विषयसँग सम्बन्धित योजनाहरु समावेश गरिएका छन् ।

## १.४ योजना तर्जुमा प्रक्रिया

सहभागितामूलक योजना तर्जुमा पद्धति अवलम्बन गरी नगर सभाले आवधिक योजना मार्फत विकासका नयाँ संभावनाहरु खोज्न सकिने र विकास प्रक्रिया संस्थागत र संगठित रुपमा अगाडि बढाउन सकिने संभावना बोध गरेपछि नगर प्रमुखको नेतृत्वमा रणनीतिक गुरुयोजना निर्माणको पहल शुरु भयो । यसै सन्दर्भमा सहभागितामूलक आधुनिक योजना तर्जुमा विधिको प्रयोग गरी यो योजना तर्जुमा गरिएको छ । यस योजना प्रक्रियामा नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका, स्थानीय आर्थिक कार्यप्रणाली, संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध तथा अनुसूची ८ र ९ ले गरेको व्यवस्थाहरुलाई ध्यान दिइएको छ । यो योजना तर्जुमा गर्दा निम्नलिखित प्रक्रियाहरु अवलम्बन गरिएको छ ।

### १.४.१ निर्देशक समिति तथा विषयगत समितिहरुसँग छलफल

यस आवधिक योजना तर्जुमाको तयारीका सिलसिलामा नगर प्रमुखको संयोजकत्वमा निर्देशक समिति गठन गरी सो समितिका पदाधिकारीहरु र विषयगत समितिहरुसँग विस्तृत छलफल गरी योजनाको मुख्य खाका र विषयगत खाका तयार गर्ने कार्य भयो ।

### १.४.२ नगरपालिकास्तरीय गोष्ठी

सबै निर्वाचित जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत शाखाका कर्मचारीहरु, तथ्याङ्क सङ्कलकहरु समेतको सहभागितामा भिमाद नगरपालिका र ईस्टर्न रिसर्च ईन्स्टिच्युट अफ पोजिटिभ साईन्सको आयोजनामा बृहत कार्यशाला गोष्ठीको आयोजना गरी पालिकाको वर्तमान अवस्था, अवसरहरु तथा संभावनाहरुको पहिचान, पालिकाको दूर दृष्टि, लक्ष्य, उद्देश्यहरु, रणनीतिहरु, कार्यक्रमहरु, कार्यनीतिहरु एवम् क्रियाकलापहरुको खाका तयार गरियो ।

### १.४.३ अन्य प्रकाशनहरुको अध्ययन तथा विश्लेषण

यस आवधिक योजना निर्माणका सन्दर्भमा विभिन्न देशहरुले अपनाएका विकासका मोडलहरु, नेपाल सरकारका आवधिक योजनाहरु, अन्य नगरपालिका तथा गाउँपालिकाका आवधिक योजनाहरुको पनि पुनरावलोकन गरिएको छ ।

### १.४.४ स्रोत व्यक्तिहरुसँग छलफल

भिमाद नगरपालिकामा लामो समयदेखि विभिन्न क्षेत्रहरुमा योगदान दिंदै आउनु भएका व्यक्तित्वहरुसँग प्रत्यक्ष भेटघाट गरी नगरपालिकाको विकासका अवसर तथा संभावनाहरुका बारेमा छलफल गरी राय सुझाव सङ्कलन गरियो ।

### १.४.५ स्थलगत सर्वेक्षण

सहजकर्ताहरुको समूह तथा जनप्रतिनिधिहरुको संयुक्त समूहले नगरपालिकाका सबै वडाहरुको स्थलगत भ्रमण गरी पालकाबासीहरुसँग प्रत्यक्ष अन्तरक्रिया गरेर सूचनाहरु सङ्कलन गरियो ।

### १.४.६ संघीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरु तथा पालिकाको विगतका वार्षिक विकास योजनाहरुको पुनरावलोकन

यस गुरुयोजना तयारीका सन्दर्भमा भिमाद नगरपालिकाका विगत दुई आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु, नेपाल सरकारको पन्ध्रौं योजना, विषयगत नीति, कार्यक्रम तथा विकास योजनाहरु तथा दिगो विकासका लक्ष्यहरुको पुनरावलोकन गरिएको छ ।

### १.४.७ तथ्याङ्क तथा सूचनाहरुको विश्लेषण

प्राप्त तथ्याङ्कहरु, सूचनाहरु, राय सुझावहरुलाई विश्लेषण गरेर योजनाको मस्यौदा तयार गरी नगरका कार्यापलिकाका सदस्यहरुको उपस्थितिमा छलफल गरियो र उक्त छलफलबाट प्राप्त राय, सुझाव तथा सिफारिसहरुलाई समेत संलग्न गरी यो आवधिक योजना तयार गरिएको छ ।

### १.४.८ मस्यौदा योजना उपर छलफल

मस्यौदा योजनालाई नगरकार्यपालिकाका पदाधिकारीहरु तथा विज्ञहरु समक्ष प्रस्तुत गरी प्राप्त राय सुझावहरुका आधारमा मस्यौदा योजनालाई परिमार्जन गरी नगरकार्यपालिकामा प्रस्तुत गरियो ।

### १.४.९ अन्तिम छलफल

मस्यौदा योजना माथि छलफलका क्रममा प्राप्त राय तथा सुझावहरुलाई समावेश गरी योजनाको अन्तिम स्वरुप तयार गरी नगरकार्यपालिकाबाट स्वीकृत गरियो ।

## परिच्छेद २

## भिमाद नगरपालिकाको वस्तुस्थिति विवरण

### २.१. पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारको मिति २०७३/११/२२ को निर्णय अनुसार नाम, सीमाना, वडा संख्या र सीमाना कायम गरिएको र नेपाल राजपत्रमा मिति २०७३/११/२७ को राजपत्रमा प्रकाशित भएपछि विधिवत रुपमा भिमाद नगरपालिकाको स्थापना भएको हो ।

भिमाद नगरपालिकाको नामाङ्कनका सम्बन्धमा प्राचीन महाभारत कथासँग जोडिएको पाईन्छ । किंवदन्ती अनुसार पाण्डवका ५ भाई छोरा मध्ये बल र बुद्धिका प्रखर मानिने भिमसेनले आफ्नो समयमा सेती नदीमा आई बाँध बाँधेका थिए । उनले बाँधेको बाँधलाई भिमबाँध भनिन्थ्यो । इतिहासको विकासक्रम र परिवर्तनसँगै भिमबाँध शब्दको अपभ्रंश भई भिमाद भन्न थालियो । भिमाद शब्द जनजिब्रोमा लोकप्रिय भएकोले यस स्थानको नाम भिमाद रहन गएको भन्ने भनाई छ । साविक भिमाद गाउँ विकास समिति समेत गाभिएर यो नगरपालिका स्थापना भएकोले सोही गा.वि.स. को नामलाई कायम राख्दै यस ऐतिहासिक स्थलको महिमा झल्काउने गरी **भिमाद नगरपालिका** नामाकरण गरिएको हो ।

### २.२ भौगोलिक स्थिति

यस नगरपालिकाको क्षेत्रफल १२९ वर्ग किलोमिटर रहेको छ । यो नगरपालिका २७°५७'५९.७५" उत्तरी अक्षाँश देखि २८°००'२४.०७" उत्तरी अक्षाँशसम्म र ८३°५७'५८.०५" पूर्वी देशान्तर देखी ८४°०९' ५०.१९" पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्र सतहदेखि न्यूनतम ३६० मिटर (टुटुवा) देखि अधिकतम १३४० मिटर (कोटबाराही) सम्मको उचाईमा अवस्थित छ । यस नगरपालिकाको सिधा मापन दूरी सरदर पूर्व पश्चिम लम्बाई १९.४७ कि.मि. र उत्तरदक्षिण चौडाई ११.९६ कि.मि. रहेको छ ।

## २.३ भू बनोट

भिमाद नगरपालिका सानासाना पहाड, नदी, खोलाहरु, नदी र खोला किनारमा फाँटहरु, पहाडी क्षेत्रमा धमसाईलो तथा भिरालो जमिन, ठाउँ ठाउँमा पठार जस्ता थुम्काहरुको सम्मिश्रणबाट बनेको छ । यहाँको माटो बलौटे, चिम्टयाइलो, रातो तथा खैरो माटो र कहींकहीं कमेरो माटो पनि पाईन्छ । यहाँको माटो मलिलो भएकोले कृषि उत्पादनका लागि उपयुक्त छ र वन क्षेत्रले ओगटेको भाग पनि प्रशस्तै भएकोले पशुपालन व्यवसायको पनि राम्रो संभावना रहेको छ ।




## २.४ नगरपालिकाको प्रशासनिक गठन

नेपाल सरकारको मिति २०७३ फाल्गुण २७ गते प्रकाशित राजपत्र वमोजिम भिमाद नगरपालिका विधिवत रुपमा स्थापना भएको हो । साविकका ४ वटा गा.वि.स. हरुको पूरै भूभाग र ४ वटा गा.वि.स.का केही भूभागहरु समावेश गरेर देहाय वमोजिम ९ वटा वडाहरु रहने गरी यस नगरपालिकाको गठन भएको छ ।

| कायम भएका वडाहरु | समावेश भएका साविकका गा.वि.स. हरु | समावेश भएका साविकका वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | किहुँ | १ - ९ | |
| | गजरकोट | ९ | |
| २ | अरुणोदय | १ - ९ | |
| ३ | माझकोट | ७ - ८ | |
| ४ | माझकोट | १ - ५ | |

| कायम भएका वडाहरु | समावेश भएका साविकका गा.वि.स. हरु | समावेश भएका साविकका वडा नं. | कैफियत |
|---|---|---|---|
| ५ | माझकोट | ९ | |
| | ऋषिङ्ग रानीपोखरी | ९ | |
| | साभुङ्ग भगवतीपुर | २ | |
| ६ | भिमाद | १ | |
| ७ | भानुमती | ७ | |
| | भिमाद | २,४,५,८,९ | |
| ८ | भानुमती | १,३,९ | |
| | भिमाद | ३,६,७ | |
| ९ | भानुमती | २,४,५,६,८ | |

## २.५ जनसाँख्यिक विवरण

### २.५.१ जनसंख्या

बि.सं. २०६८ को जनगणना अनुसार यस नगरपालिकाको कुल घरधुरी संख्या ७४८८ र कुल जनसंख्या ३१३६२ रहेको छ । जसमध्ये पुरुष १३३६० र महिला १८००२ रहेको छ । यसैगरी औषत परिवारको आकार ४.१९ जना र जनघनत्व २४३.१२ प्रति वर्ग किलोमिटर रहेको छ ।

### २.५.२ मातृभाषाको आधारमा जनसंख्या

भिमाद नगरपालिकामा १५ भन्दा बढी भाषाभाषीहरु बस्ने भएपनि सद्भाव र सहकार्य कायम छ ।

| क्र.सं. | भाषा | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | मगर | ६९५० | ४९५४ | ११९०४ | ३७.९६ |
| २ | नेपाली | ९१२२ | ६९११ | १६०३३ | ५१.१२ |
| ३ | नेवारी | ९४९ | ७२८ | १६७७ | ५.३५ |
| ४ | गुरुङ्ग | ४४० | ३०६ | ७४६ | २.३८ |
| ५ | उर्दू | २४८ | १९५ | ४४३ | १.४१ |
| ६ | कुमाल | ४० | ३० | ७० | ०.२२ |
| ७ | भोजपुरी | २८ | ४१ | ६९ | ०.२२ |
| ८ | मैथिली | १९ | २१ | ४० | ०.१३ |
| ९ | राई | २७ | ३७ | ६४ | ०.२० |
| १० | साङ्केतिक भाषा | १२ | ६ | १८ | ०.०६ |
| ११ | तामाङ्ग | ७ | ५ | १२ | ०.०४ |
| १२ | थकाली | १३ | ८ | २१ | ०.०७ |
| १३ | थारु | ३ | ११ | १४ | ०.०४ |
| १४ | अन्य | १५ | १५ | ३० | ०.१ |

| क्र.सं. | भाषा | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १५ | उल्लेख नगरेका | १२९ | ९२ | २२१ | ०.७ |
| | जम्मा | १८००२ | १३३६० | ३१३६२ | १०० |

## २.५.३ जातजातीको आधारमा जनसंख्या

भिमाद नगरपालिकामा २४ भन्दा बढी जातजातीहरुको बसोबास रहेको छ । यति धेरै जातजातीको वसोबास भएकोले यो नगरपालिका संस्कृति र परम्पराको विविधताले धनी भएकोले पर्यटन क्षेत्रको विकास गर्न सम्भव छ । साथै यहाँ जातीय सहिष्णुता कायम भएकोले जातीय द्वन्द्व छैन ।

| क्र.सं. | भाषा | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | मगर | ७४९७ | ५३७३ | १२८७० | ४१.०४ |
| २ | ब्राम्हण | २५३० | १९८१ | ४५११ | १४.३८ |
| ३ | नेवार | १२०० | ९३२ | २१३२ | ६.८ |
| ४ | गुरुङ्ग | ४७७ | ३४१ | ८१८ | २.६१ |
| ५ | क्षेत्री | ३६१ | २९८ | ६५९ | २.१ |
| ६ | कुमाल | ४७९ | ३४७ | ८२६ | २.६३ |
| ७ | वादी | ११३ | ८४ | १९७ | ०.६३ |
| ८ | दमई | ९३० | ७१८ | १६४८ | ५.२६ |
| ९ | राई | ४० | ५६ | ९६ | ०.३१ |
| १० | घर्ति/भुजेल | ३८९ | २९९ | ६८८ | २.१९ |
| ११ | दरै | ६ | ७ | १३ | ०.०४ |
| १२ | हलवाई | ६ | ५ | ११ | ०.०४ |
| १३ | कामी | १४८५ | १०७५ | २५६० | ८.१६ |
| १४ | मुसलमान | २८० | २२७ | ५०७ | १.६२ |
| १५ | सार्की | ११५० | ८२५ | १९७५ | ६.३ |
| १६ | सन्यासी/दशनामी | ५७ | ४३ | १०० | ०.३२ |
| १७ | सुनार | १२ | ९ | २१ | ०.०७ |
| १८ | तामाङ्ग | २१ | १७ | ३८ | ०.१२ |
| १९ | थकाली | २२ | १७ | ३९ | ०.१२ |
| २० | ठकुरी | ८८२ | ६४१ | १५२३ | ४.८६ |
| २१ | थारु | ७ | १८ | २५ | ०.०८ |
| २२ | तराईमूलका अन्य | १५ | १० | २५ | ०.०८ |
| २३ | अन्य | २१ | २१ | ४२ | ०.१३ |
| २४ | नखुलेको | २२ | १६ | ३८ | ०.१२ |
| | जम्मा | १८००२ | १३३६० | ३१३६२ | १०० |

### २.५.४ उमेर समूह अनुसारको जनसंख्या

| क्र.सं. | उमेर समूह | जनसंख्या | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | ० - ४ | १४१७ | १३६३ | २७८० | ८.८६ | (० देखि १४) ३४.६७ |
| २ | ५ - ९ | १८८७ | १९१६ | ३८०३ | १२.१३ | |
| ३ | १० — १४ | २१४६ | २१४४ | ४२९० | १३.६८ | |
| ४ | १५ — १९ | २१०९ | १५७९ | ३६८८ | ११.७६ | (१५ देखि ५९) ५४.२६ |
| ५ | २० — २४ | १७०४ | ७९० | २४९४ | ७.९५ | |
| ६ | २५ — २९ | १४९६ | ६०३ | २०९९ | ६.७ | |
| ७ | ३० — ३४ | ११६४ | ५०३ | १६६७ | ५.३२ | |
| ८ | ३५ — ३९ | ९९५ | ४५८ | १४५३ | ४.६३ | |
| ९ | ४० — ४४ | ९२८ | ५५२ | १४८० | ४.७२ | |
| १० | ४५ — ४९ | ८६४ | ५५८ | १४२२ | ४.५३ | |
| ११ | ५० — ५४ | ७७८ | ६४५ | १४२३ | ४.५३ | |
| १२ | ५५ — ५९ | ६५९ | ६३३ | १२९२ | ४.१२ | |
| १३ | ६० — ६४ | ६०७ | ५३५ | ११४२ | ३.६४ | (६० देखि ६९) ६.३४ |
| १४ | ६५ — ६९ | ४६१ | ३८६ | ८४७ | २.७ | |
| १५ | ७० — ७४ | ३४२ | २९० | ६३२ | २.०२ | (७० भन्दा माथि) ४.७३ |
| १६ | ७५ भन्दा माथि | ४४५ | ४०५ | ८५० | २.७१ | |
| | जम्मा | १८००२ | १३३६० | ३१३६२ | १०० | |

यस नगरपालिकामा उच्च उत्पादकत्व १५ वर्ष देखि ५९ वर्षसम्मको जनसंख्या ५४.२६ प्रतिशत रहेको छ । नगरपालिकाको विकासका लागि आवश्यक सक्रिय जनशक्तिको हिस्सा उच्च भएकोले यस समूहको दक्षता अभिबृद्धि गर्न सकिएमा पालिकाको समृद्धि सहज देखिन्छ ।

### २.६ बत्ती बाल्न प्रयोग गरिने ईन्धन

| क्र.सं. | ईन्धनको स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बायोग्याँस | २५ | ०.३३ |
| २ | विद्युत | ४६९७ | ६२.७३ |
| ३ | मट्टीतेल | १२९१ | १७.२४ |
| ४ | सोलार | ११६५ | १५.५६ |
| ५ | नखुलेको | ९१ | १.२२ |
| ६ | अन्य | २१९ | २.९२ |
| | जम्मा | ७४८८ | १०० |

बि.सं. २०६८ सालको जनगणना अनुसार यस पालिकाबासीको बत्ती बाल्न प्रयोग गर्ने प्रमुख ईन्धनको स्रोत विद्युत नै हो । हाल विद्युतीय उर्जाको पहुँच ९५ प्रतिशत भन्दा माथि पुगि सकेको छ ।

## २.७ खाना पकाउन प्रयोग गरिने इन्धन

| क्र.सं. | ईन्धनको स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बायोग्याँस | ४९७ | ६.६४ |
| २ | दाउरा | ५६३६ | ७५.२८ |
| ३ | विद्युत | ९ | ०.१२ |
| ४ | गोवर गुईंठा | ६ | ०.०८ |
| ५ | मट्टीतेल | २५ | ०.३३ |
| ६ | एल.पि.ग्याँस | १२२१ | १६.३० |
| ७ | नखुलेको | ९१ | १.२१ |
| ८ | अन्य | ३ | ०.०४ |
| | जम्मा | ७४८८ | १०० |

बि.स. २०६८ सालको जनगणना अनुसार खाना पकाउन प्रयोग गरिने ईन्धनको स्रोतहरु मध्ये ७५ प्रतिशत अंश दाउरा नै रहेकोले वैकल्पिक तथा नविकरणिय उर्जा प्रयोग बृद्धि गरी दाउराको निर्भरता कम गर्नुपर्ने देखिन्छ । हाल एल.पि. ग्याँस र विद्युत उर्जाको प्रयोगमा बृद्धि हुँदै गईरहेको छ ।

## २.८ बाल क्लवहरु

यस पालिकामा बालबालिकाहरुलाई सामाजिक दायित्वमा संगठित र सक्रिय बनाउन ९ वटै वडामा बाल क्लवहरु गठन गरि सकिएको छ भने नगरस्तरमा बाल सञ्जाल रहेको छ ।

## २.९ आमा समूहहरु

यस पालिकाका सबै वडाहरुमा महिला तथा आमा समूहहरु गठन भै सक्रिय रहेका छन् । पारिवारिक हकहित, सामाजिक विकृति तथा विसंगतिहरु विरुद्ध यी समूहहरुको योगदान उदाहरणीय छ ।

## २.१० टोल विकास संस्था

यस पालिकामा कुनैपनि घरधुरी नछुट्ने गरी टोल विकास संस्थाको गठन गर्ने व्यवस्था गरिएको छ । टोल विकास संस्था दर्ता तथा सञ्चालन सम्बन्धि कार्यविधि बनाई हाल १२८ वटा टोल विकास संस्थाहरु सक्रिय रहेका छन् । वार्षिक बजेट तर्जुमाका बखत टोल विकास संस्थाको सक्रिय भूमिका रहने व्यवस्था गरिएको छ ।

## २.११ खानेपानीको अवस्था

| क्र.सं. | पानीको स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ढाकिएको कुवा/पंधेरो | २९९ | ३.९९ |

| क.सं. | पानीको स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| २ | खोला/खोल्सी | ११ | ०.१५ |
| ३ | नढाकिएको कुवा/पंधेरो | ९८० | १३.०९ |
| ४ | ट्यूववेल | ८ | ०.११ |
| ५ | पाईप धारा | ५०१० | ६६.९ |
| ६ | Sprout Water | १०८६ | १४.५ |
| ७ | नखुलेको | ९२ | १.२३ |
| ८ | अन्य | २ | ०.०३ |
| | जम्मा | ७४८८ | १०० |

बिक्रम सम्वत् २०६८ सालको जनगणना अनुसार पाईपलाईन/धाराबाट खानेपानी प्राप्त गर्ने घरधुरी करिब ६७ प्रतिशतमात्र रहेको देखिन्छ । हाल यो संख्या बढेको भएपनि सबै घरधुरीमा पाइपलाइनको खानेपानी सुविधा पुऱ्याउन सकिएको छैन ।

### २.१२ शौचालयको अवस्था

यस पालिकामा समावेश भएका साविकका सबै गा.वि.स. हरु खुला दिशामुक्त क्षेत्र घोषणा भै सकेकोले भिमाद नगरपालिका पनि खुलादिशामुक्त पालिका भन्न सकिन्छ । बि.सं. २०६८ सालको जन गणना अनुसार सेफ्टिक ट्याङ्क सहितको शौचालय प्रयोग गर्ने घरधुरी सबै भन्दा बढी ४२८८ रहेको छ । ढल निकास सहितको शौचलय प्रयोग गर्ने ९६, सामान्य प्रयोग गर्ने १४२९ र शौचालय नभएकाको संख्या १५८३ रहेको छ ।

### २.१३ धार्मिक, साँस्कृतिक सम्पदा तथा पर्यटन पूर्वाधार

पालिकाभित्र ऐतिहासिक, आकर्षक, धार्मिक, साँस्कृतिक महत्व तथा मनोरम स्थलहरु रहेका छन् । त्यसैले यहाँ पर्यटन क्षेत्रको विकासको प्रचुर संभावना रहेको छ ।

### २.१४ आर्थिक अवस्था

#### २.१४.१ भू-उपयोग

यहाँको भू-उपयोगलाई कृषि, आवास क्षेत्र, वन तथा चरन क्षेत्र, नदीनाला, सडक क्षेत्र आदिमा विभाजन गर्न सकिन्छ । यस भिमाद नगरपालिकाको कुल क्षेत्रफल १२९५०.१७ हेक्टर रहेको छ जसमध्ये सबभन्दा बढी कृषि जमिनको क्षेत्रफल ७८५५.७९ हेक्टर छ । त्यसैगरी वन क्षेत्र ४०८९ हेक्टर, चरन क्षेत्र १८१.८६ हेक्टर, घाँसे झाडी क्षेत्र ४३४.६ हेक्टर, आवादि क्षेत्र २३६.२८ हेक्टर, बाँझो क्षेत्र १२.२५ हेक्टर र नदीले ओगटेको क्षेत्र २३८.४४ हेक्टर रहेको छ ।

### २.१४.२ खाद्यान्न उत्पादन

यस पालिकाबासीको मुख्य पेशा कृषि नै हो । हालसम्म पालिकाका अधिकांश किसानहरुले परम्परागत कृषि प्रणाली नै अवलम्बन गरिरहेका छन् । यहाँको मुख्य बाली धान, मकै, कोदो, दलहन हो र यसको खपत घरयासी रुपमै हुन्छ । फलफुल तथा अदुवा बाली यहाँको नगदेबाली भएपनि उचित मुल्य प्राप्त नहुँदा कृषक व्यावसायिकता तर्फ आकर्षित हुन सकेका छैनन् ।

### २.१४.३ खाद्यान्न उपलब्धता

यहाँको मुख्य पेशा कृषि भएपनि १८ प्रतिशत घरपरिवारलाई मात्र आफ्नो कृषि उत्पादनबाट वर्षभरी खान पुग्छ । ६ देखि ८ महिना पुग्ने ५० प्रतिशत, ९ देखि ११ महिना पुग्ने १६ प्रतिशत घरधुरी रहेका छन् । १२ महिना कृषि कार्यमा संलग्न हुने घरपरिवारहरु धेरै भएपनि न्यून उत्पादनका कारण यहाँ खाद्यान्नको अभाव रहेको छ । उत्पादकत्व बृद्धि गर्न सकिएमा खाद्यान्न अभावको अवस्थालाई संवोधन गर्न सकिने छ ।

### २.१४.४ मुख्य आम्दानीका स्रोतहरु

यहाँका बासिन्दाको मुख्य आम्दानीको स्रोत कृषि क्षेत्र नै हो । व्यापार व्यवसाय, नोकरी, ज्याला मजदुरी पनि यहाँका बासिन्दाको आयस्रोतहरु हुन । रेमिटेन्स अर्को महत्वपूर्ण आयस्रोतको रुपमा रहेको छ । सबै वडाका युवा युवतीहरु अध्ययन तथा रोजगारीका लागि विदेशिएका छन् । विदेशमा हासिल गरेको सीप र दक्षतालाई उपयोग गरी उत्पादनको क्षेत्रमा आकर्षित गर्न सकियो भने पालिकाको समृद्धि टाढा छैन ।

### २.१४.५ पशुपालन

यस नगरपालिकामा पशुपालन एक महत्वपूर्ण आर्थिक गतिविधिको रुपमा रहेको छ । प्राय सबै जसो किसानहरुले धेरथोर पशुपालन गरेकै छन् । तर व्यावसायिक रुपमा पशुपालन गर्ने भने धेरै कम छन् । चरन क्षेत्र प्रशस्त भएको र बजारको पनि समस्या नभएकोले पशुपालन व्यवसायको संभावना राम्रो छ ।

## २.१५ भिमाद नगरपालिकाको विकासको समिक्षा

### २.१५.१ सडक

यस पालिकाका विभिन्न वडा तथा गाउँहरु कालोपत्रे, ग्राभेल तथा कच्ची सडकहरुले जोडिएका छन् । प्राय सबै टोलमा मोटरबाटोहरु पुगेको भएपनि स्तरीय सडकको अभावमा १२ महिना चल्ने अवस्था छैन ।

हालसम्म करीब १५ कि.मि. सडकमात्र कालोपत्रे भएको छ । यस नगरपालिकाको केन्द्र भिमाद बजारमा रहेको बसपार्क कालोपत्रे भएको छ । त्यसैले सडकको स्तरोन्नति गर्नु पर्नेछ ।

भिमाद नगरपालिकाका बाटाहरु




## २.१५.२ पुलहरु

यस नगरपालिकाभित्र १५ वटा झोलुङ्गेपुल र ५ वटा पक्की पुलहरु रहेका छन् । यहाँ धेरै खोला र खोल्सीहरु रहेकोले वर्षायाममा आवतजावतमा अवरोध हुन्छ । त्यसैले धेरै पुलहरु निर्माण गर्नुपर्ने छ ।

## २.१५.३ चौतारीहरु

परापूर्वकालदेखि मानिसहरुले थकाई मेट्न तथा शितलता लिन धार्मिक तथा साँस्कृतिक विशेषता जोडेर निर्माण भएका वर, पिपल तथा स्वमीको रुखहरुको चौतारीहरु अझै प्रशस्तै छन् । तर सडक निर्माण गर्ने क्रममा त्यस्ता चौतारीहरु मासिएका छन् । यस्ता चौतारीहरुको पनि संरक्षण गर्नुपर्छ ।

## २.१५.४ शैक्षिक संस्थाहरु

यस पालिकाभित्र उच्च शिक्षाका लागि १ वटा क्याम्पस, ४५ वटा सामुदायिक विद्यालयहरु, १४ वटा संस्थागत विद्यालयहरु छन् । विद्यार्थी संख्या घट्दै गएकोले सामुदायिक विद्यालयहरु गाभिने क्रम जारी छ । प्राविधिक तथा व्यावसायिक तालिम परिषद अन्तरगत एक वटा तनहुँ प्राविधिक शिक्षालय रहेको छ । जसमा कृषि बालि विज्ञान विषयको ३ वर्षे कक्षा सञ्चालन भैरहेको छ ।

### २.१५.५ स्वास्थ्य संस्थाहरु

यस पालिकाभित्र कुनैपनि सरकारी तथा निजी अस्पताल छैन । यस पालिकामा जम्मा ११ वटा सरकारी स्वास्थ्य संस्था रहेका छन् । जसमध्ये एउटा प्राथमिक स्वास्थ्य केन्द्र, ४ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र र ३ वटा सामुदायिक स्वास्थ्य इकाईहरु छन् । वडा नं. ३ मा एउटा पनि स्वास्थ्य संस्था छैन ।

### २.१५.६ सुरक्षा संस्थाहरु

नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा अमनचैन कायम गर्नका लागि यस पालिकामा नेपाल प्रहरीको एक इलाका प्रहरी कार्यालय र एक प्रहरी चौकी रहेका छन् ।

### २.१५.७ सामुदायिक वन

यस पालिकामा ४६ वटा सामुदायिक तथा एउटा निजी वनहरु रहेका छन् । हरियाली र संरक्षणको दृष्टीकोणले सामुदायिक वनहरु सन्तोषजनक देखिएपनि आय आर्जनको स्रोतको रुपमा वैज्ञानिक तरिकाले वनको उपयोग गर्न सकिएको छैन ।

### २.१५.८ प्रमुख नदीनालाहरु

यस पालिकामा एउटा सेती नदी रहेकोछ जुन पालिकाको उत्तरी सीमाना भएर बगेको छ । यस अलावा क्याङ्दी खोला, जिदी खोला, मैदी खोला, वन्टाङ्खोला, गोफाखोला, कुलाङ्खोला, पिरुङ्खोला, धुवाँखोला यहाँका प्रमुख खोलाहरु हुन् भने यहाँ खोल्साखोल्सीहरु पनि प्रशस्तै छन् ।

### २.१५.९ वन्यजन्तु तथा पन्छीहरु

नेपाल जैविक विविधतामा अत्यन्त धनी मुलुक हो । यो नगरपालिकामा पनि प्रशस्त मात्रामा वन्यजन्तुहरु पाईन्छ । पालिकामा पाईने वन्यजन्तुहरुमा मृग, बाघ, स्याल, खरायो, बाँदर, भालु, दुम्सी, लोखर्के, मलसाप्रो आदि पाईन्छन् । यस्तै चराचुरुङ्गीमा कालिज, लुईचे, ढुकुर, तित्रा, मैना, जुरेली, गिद्ध, धनेष, सुगा, लाटोकोसेरो, चिल आदि मुख्य छन् ।

### २.१५.१० प्राकृतिक प्रकोपको अवस्था

यस पालिकाको भू बनोट पहाडी भिरालो भएकोले वर्षायाममा बाढी र पहिरो मुख्य प्रकोपको रुपमा रहेको छ । साथसाथै आगजनी, चटयाङ्ग र असिना पनि प्रकोपको रुपमा रहेको छ । यहाँका सबै वडाहरुमा उल्लेखित प्राकृतिक प्रकोपहरु हुने गरेका छन् ।

### २.१५.११ विपद व्यवस्थापन पूर्व तयारी

यस पालिकामा हालसम्म विपद व्यवस्थापनको लागि पूर्व तयारी योजना नबनेको भएपनि भिमाद नगरपालिकामा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ र भिमाद नगरपालिकाको विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ निर्माण भै कार्यान्वयनमा रहेको छ । उल्लेखित कानूनको आधारमा स्थानीय विपद व्यवस्थापन समिति गठन भै परिचालन भैरहेको छ । ठूलो लगानी लाग्ने हुनाले दमकलको व्यवस्था गर्न सकिएको छैन तर पनि नगरपालिकाको केन्द्र तथा ९ वटै वडाहरुमा अग्नि नियन्त्रणका लागि फायरबलको व्यवस्था गरिएको छ ।

## परिच्छेद ३

## नगरपालिकाको योजना

### ३.१. नगरपालिकाको समग्र विकासका सिकाई, सबल पक्ष, अवसर र संभावनाहरु

भिमाद नगरपालिकाको समग्र वस्तुस्थितिको विश्लेषण विषयगत क्षेत्र अनुसार हालसम्म गरिएका विकास प्रक्रियाहरुको सिकाई, पालिकामा उपलब्ध अवसरहरु र समग्र विसकासका लागि संभावनाहरुको लेखाजोखा गरिएको छ ।

### ३.१.१ आर्थिक विकास क्षेत्र

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| १ कृषि विकास | निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषिमा रुपान्तरण गर्ने | उत्पादनमा विविधता कायम गर्न कृषकहरु तयार हुनु | जमिनको सदुपयोग गरी उत्पादकत्व बृद्धि गर्न सकिने | व्यावसायिक रुपमा तरकारी, फलफुल, अन्नबाली, मसलाबाली उत्पादन गर्न सकिने |
| | कृषकको सीप तथा दक्षता अभिबृद्धि गरी प्रविधिको प्रयोग गर्न सक्षम बनाउन पर्ने | जनशक्ति र जमिनको उपलब्धता | कृषिमा प्रविधिको प्रयोग गर्न सकिने | कृषि सीप विकास केन्द्र वा कृषक पाठशालाको स्थापना गर्न सकिने |
| | कृषकहरुलाई उत्पादन समूहमा आबद्ध गराई एकीकरण गरेर चक्लाबन्दी गरी सामुहिक व्यावसायिक खेतीलाई प्रवर्द्धन गर्न पर्ने । | उत्पादन बृद्धि गर्न र चक्लाबन्दी प्रणाली अबलम्बन गर्न कृषकहरुमा उत्साह हुनु | बजार क्षेत्रको सहज पहुँच तथा सडक सञ्जालसँग जोडिएकोले बजार व्यवस्थापन गर्न सकिने | सबै वडाहरुमा उपलब्ध कृषियोग्य जमिन र कृषक परिवारको अभिलेख राखी सामुहिक खेती प्रणालीको विकास गर्न सकिने |
| | उत्पादन क्यालेण्डर तथा व्यावसायिक योजना बनाएर उत्पादन गर्न पर्ने | कृषि सम्बन्धि प्राविधिक सेवा उपलब्ध हुनु | १.आपूर्ति केन्द्रहरुको सबलीकरण तथा सेवा केन्द्र तथा बजार क्षेत्रको विस्तार<br>२.प्राङ्गारिक मल कारखाना चलाउन सकिने | १.समुदायमा आधारित कृषिसामग्री आपूर्ति केन्द्रको स्थापना<br>२.सबै वडाहरुमा कृषि परामर्श सेवा केन्द्र स्थापना<br>३.उत्पादन योजना अनुसार उद्यम विकास केन्द्र स्थापना |
| | संघीय सरकार, प्रादेशिक सरकार तथा स्थानीय सरकारको नीति तथा कार्यक्रमहरुको बारेमा पर्याप्त जानकारी हुनुपर्ने | कृषकहरुको समूहमा आबद्धता हुनु र समूहमा छलफलको प्रक्रिया प्रारम्भ हुनु | अगुवा कृषकहरु र स्थानीय शिक्षकहरुको सहयोगमा कृषकलाई नयाँ र ताजा सूचना जानकारी गराउने | १.नगरपालिकाको कृषि नीति निर्माण गर्ने<br>२.कृषि ज्ञान केन्द्रको सबलीकरण गर्ने<br>३.उत्पादन पकेट क्षेत्रको विकास गर्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | उत्पादक समूहहरुलाई विशेष सेवा तथा अनुदान दिनुपर्ने | नगरपालिकाको विशेष प्राथिमकतामा कृषि क्षेत्र पर्नु | समुह र सामुहिक खेती प्रणालीको विकास हुन सक्ने | १.उत्पादन समूहहरुलाई विशिष्टिकृत गर्ने<br>२.अनुदान, सेवा तथा सहुलियत मापदण्ड निर्माण गर्ने<br>३.उच्च मूल्य प्रजाति तथा उच्च पोषण भएका बाली पहिचान गरी उत्पादन गर्न प्रोत्साहित गर्ने<br>४.कृषक सहकारी विस्तार गर्ने<br>५.पब्लिक लिमिटेड कम्पनीहरु स्थापना गर्ने |
| | कृषि विमा कार्यक्रम लागु गर्नुपर्ने | नगरपालिका र किसान दुवै पक्ष तयार हुनु | सकारात्मक सरकारी नीति तथा विमा कम्पनीहरुको उपलब्धता | कृषि विमा नीति तर्जुमा गरी लागु गर्ने |
| २. पशुपन्छी विकास | पशुपालक कृषक तथा व्यावसायिक पशुपालक कृषकहरुको अभिलेख तयार गरी व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्नपर्ने | चरीचरण र बजारको सहज उपलब्धता तथा कृषकको पशुपालन प्रतिको बढ्दो उत्साह | थोरै लगानीमा आय आर्जन तथा रोजगारीको अवसरहरु सिर्जना हुन सक्ने | १.कृषकलाई व्यावसायिक योजना तयार गर्न लगाउने<br>२.योजना मुताविक अनुदान तथा सहयोग मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने<br>३.प्रत्येकवडामा पशु सेवा केन्द्रको स्थापना गर्ने<br>४.नक्ष्लसुधार केन्द्रको स्थापना गर्ने<br>५.घाँसबालीको उत्पादन गर्ने<br>६.पशुविमा कार्यक्रम लागु गर्ने |
| ३.खाद्य सुरक्षा तथा पोषण | पोषणको बारेमा सबै नागरिकहरुलाई जानकारी भई पोषणजन्य वस्तुहरुको उत्पादन तथा उपयोग गर्ने परम्पराको विकास गर्नुपर्ने | १.पोषणयुक्त बाली उत्पादन गर्ने जमिन तथा जनशक्तिको उपलब्धता<br>२.कृषि तथा स्वास्थ्य क्षेत्रमा कार्यरत संघ संस्थाहरुको उपलब्धता<br>३.सञ्चार माध्यमको उपलब्धता | १.घरघरमा पोषणयुक्त बाली उत्पादन गर्न सकिने<br>२.विद्यार्थीहरु, युवाहरु तथा सञ्चार माध्यमको परिचालन गरी पोषण सम्बन्धमा जानकारी गराउन सकिने | १.करेसाबारी कार्यक्रमहरु लागु गर्न सकिने<br>२.नगरपालिकाभित्र उत्पादन हुने पोषणयुक्त बालीहरुको सूची तयार गरी सार्वजनिक गर्न सकिने<br>३.पोषण सुरक्षा सम्बन्धि जनचेतामूलक कार्यक्रमहरु सञ्चालन गर्न सकिने<br>४.रासायनिक विषादि प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउन सकिने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| ४.सिंचाई | सम्पूर्ण जमिनको लगत तयार गरी कुन जमिनमा कुन बाली लगाईन्छ र त्यसको लागि कस्तो प्रकारको सिंचाई सुविध आवश्यक हुन्छ भन्ने कुराको अभलेख तयार गर्नुपर्ने | १.बेसीमा भूमिगत सिंचाईको संभावना हुनु<br>२.पहाडी भेगमा पनि सिंचाईको स्रोत उपलब्ध हुनु<br>३.उपभोक्ता समिति गठनगरी सिंचाई प्रणाली निर्माण तथा व्यवस्थापन | १.सर्फेस, डिप, लिफ्ट सिंचाईको लागि अवसरहरु भएको<br>२.साना सिंचाई विस्तार गर्न सकिने | उपभोक्ताहरुको सहकार्यमा<br>१.सर्फेस सिंचाई निर्माण गर्न सकिने<br>२.डिप सिंचाई गर्न सकिने<br>३.लिफ्ट सिंचाई गर्न सकिने<br>४.साना सिंचाईमा अनुदान दिन सकिने |
| ५. भूमि व्यवस्था | उत्पादनयोग्य भूमिको लगत तयार गरी उत्पादन योजना निर्माण गर्नुपर्ने | सार्वजनिक जमिन उपलब्ध हुनु | भू-बनौट र मोहडा अनुसार उत्पादन योजना बनाएर बाली, फलफुल तथा जडीबुटी उत्पादनमा विविधिकरण गर्न सकिने | १.भूमिको बनावट अनुसार उत्पादन योजना तयार गर्न सकिने<br>२.उच्च मूल्य प्रजातिका बाली उत्पादन गर्न सकिने |
| | भूक्षययुक्त क्षेत्रहरु पहिचान गरी संरक्षण योजना बनाउनु पर्ने | भूक्षय जोखिमयुक्त क्षेत्रहरुको पहिचान भएको | भूक्षय नियन्त्रणमा जनसहभागिता सहित जैविक प्रविधिको प्रयोग गर्न सकिने | १.विभिन्न प्रजातीका बिरुवा रोपण गर्न सकिने<br>२.अमृसो तथा नेपियर जातका घाँस रोपण गर्न सकिने |
| ६. जलस्रोत | संरक्षण तथा सही उपयोग नीति निर्माण गरी सोही मुताविक जलस्रोतको सदुपयोग गर्नुपर्ने | प्रशस्त खोलानाला तथा जरुवा हुनु | पालिकाको धेरै क्षेत्रमा पानीको उपलब्ध भएकोले सो को संरक्षण गर्न सकिने | १.जलस्रोत तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने<br>२.पानीका मुहान संरक्षण कार्यक्रमहरु सञ्चालन गर्ने<br>३.जैविक तटबन्धन निर्माण गर्ने<br>४.जलक्रिडा स्थलहरु विकास गर्ने |
| ७. वन तथा वनस्पति सम्पदा | जनसहभागितात्मक पद्धतिद्वारा वनको दिगो व्यवस्थापन गरी वनजन्य पैदावारहरुको उत्पादकत्व बृद्धि गरी वनमा आधारित उद्यम | १. प्रशस्त वन जंगल हुनु<br>२.सामुदायिक वन तथा निजी वनमा गुणस्तरीय रुखहरु उपलब्ध हुनु | १.दिगो व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने<br>२.स्थानीयस्तरमा नै बिरुवा उत्पादन गर्ने | १.सामुदायिक तथा निजी वनहरुको दिगो व्यवस्थापन गर्ने<br>२.सबै वडाहरुमा हाईटेक नर्सरी स्थापना |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | विकास गरेर नगरपालिकाभित्र नै आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने | | ३.बृक्षारोपण गर्ने<br>४.सडक तथा नदीकिनारामा बृक्षारोपण गर्ने | ३.नगरपालिका भित्रका सबै सडक तथा नदी किनाराहरुमा बृक्षारोपण (बाँस, अमृसो, फुलका विरुवाहरु, निगालो आदि) |
| ८.खनिज सम्पदा | खनिज स्रोतहरुको पहिचान गरी अभिलेख निर्माण गरी उपयुक्त व्यवस्थापन गर्न नीति निर्माण गरी कार्यान्वयन गर्न पर्ने | ढुङ्गा खानी हुनु | १.खानीउत्खनन् सम्बन्धि नीति निर्माण गर्ने<br>२.खानी उत्खननको लागि जनशक्ति विकास गर्ने | १.खानी उत्खननको संभाव्यता अध्ययन गरी विस्तृत प्रतिवेदन तयार गर्ने<br>२.पालिका र नागरिकको साझेदारीमा क्रसर उद्योग तथा खानी सञ्चालन गरी आय आर्जन तथा रोजगारी सिर्जना गर्ने |
| ९. उद्योग | नागरिकहरुलाई समूहमा आवद्ध गराई पब्लिक लिमिटेड कम्पनीहरुको स्थापना गरी उद्योग तथा उद्यम विकास गरेर वातावरण मैत्री गुणस्तरीय उत्पादकत्वद्वारा आय आर्जन तथा रोजगारी सिर्जना गर्न सकिने | पब्लिक लिमिटेड कम्पनी निर्माण गर्न आवश्यक जनशक्ति, ऐन कानून तथा उद्यम सञ्चालनको लागि कच्चा पदार्थको उपलब्धता हुनु | १.भौतिक पूर्वाधारको सहज व्यवस्थापन गर्न सकिने<br>२.उत्पादित वस्तुहरुको सहज बजारीकरण गर्न सकिने<br>३.जनताको सहभागितामा उद्योगहरुको विकास | १.नगरपालिका र जनताको सहभागितामा पब्लिक लिमिटेड कम्पनीहरुको स्थापना गर्न सकिने<br>२.व्यवसायिक योजना मुताविक उत्पादन गरी बजारीकरण गर्न सकिने<br>३.स्थानीयस्तरमा नै आकर्षक रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने |
| १०. वाणिज्य | कारोबारलाई बैंकिङ्ग प्रणाली मार्फत सञ्चालन गर्ने वातावरण निर्माण गर्न वित्तीय संस्थाहरुको बृद्धि गरी व्यवसायिक वातावरणको सिर्जना गर्ने | १.बढ्दो सहरीकरण तथा बैंकिङ्ग प्रणाली प्रति नागरिकहरुको बढ्दो आकर्षण<br>२.स्थानीय तथा राष्ट्रिय बजार केन्द्रहरु सडक सञ्जालसँग जोडिएको | १.सबै वडाहरुका बजार क्षेत्रहरुलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्न सकिने<br>२.नागरिकको क्षमता अभिबृद्धि गरी अनलाईन पद्धतिलाई बढाउँदै लैजान सकिने | १.वाणिज्य विषयमा उच्च शिक्षा अध्यापन गर्ने संस्थाहरुको विकास गर्न सकिने<br>२.प्रत्येक वडामा बैंकिङ्ग क्षेत्रको विस्तार गर्न सकिने<br>३.सहकारीको क्षमता अभिबृद्धि गरी बैंकिङ्ग कारोबार गर्न सक्षम बनाउने<br>४.व्यापार सूचना केन्द्रहरुको स्थापना गर्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| ११. आपूर्ति | समुदायमा आधारित संस्थाहरु वा पब्लिक लिमिटेड कम्पनी निर्माण गरी आपूर्ति प्रणाली सुचारु गर्न डिलर तथा भण्डार भवनको व्यवस्थापन गर्न पर्ने | १.सुरक्षित तथा पहुँचयोग्य स्थान हुनु<br>२.यातायात सञ्जालको उपलब्धता<br>३.बिजुलीको उपलब्धता | १.समुदायमा आधारित संस्थाहरु तथा पब्लिक लिमिटेड कम्पनीहरुको स्थापना गरी नागरिकको नेतृत्वमा आपूर्ति व्यवस्थापन गर्ने | १.पालिकाको आपूर्ति नीति निर्माण गरी कार्यान्वयन गर्न सकिने<br>२.नागरिक र पालिकाको संयुक्त सहभागितामा पब्लिक लिमिटेड कम्पनी स्थापना गरी आपूर्ति, संयन्त्र निर्माण गरी आपूर्ति सुचारु गर्न सकिने<br>३.फलफुल/तरकारी प्रशोधन केन्द्र स्थापना गर्न सकिने |
| १२.पर्यटन | पालिका र नागरिकको साझेदारीमा पर्यटन उद्योग स्थापना गरी सञ्चालन गर्ने र पर्यटन विकासलाई मूलप्रवाहीकरण गर्नपर्ने | १.पर्याप्त पर्यटकीय क्षेत्रहरु हुनु<br>२.राष्ट्रिय सडक सञ्जालमा जोडिनु<br>३.तनहुँ जलविद्युत योजना पश्चात सेती नदीमा ताल निर्माण हुनु<br>४.प्रसिद्ध धार्मिक स्थल हुनु<br>५.रक क्लाईम्विङ्ग प्यारा ग्लाईडिङ्ग तथा क्यानोनिङ्गको संभावना<br>६.जातीय तथा साँस्कृतिक विविधता हुनु | १.आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना हुने<br>२.राष्ट्रिय शहरहरुसँग जोडिएकोले त्यहाँ आउने पर्यटकहरुलाई आकर्षण गर्न सकिने | १.पर्यटकीय स्थलहरुमा भौतिक पूर्वाधार निर्माण<br>२.पर्यटन तालिम केन्द्रहरुको स्थापना<br>३.पर्यटन सूचना केन्द्रहरुको स्थापना<br>४.पर्यटन क्षेत्रको प्रचार प्रसार (वेभसाईट, टि.भि., युट्यूव आदि) |

### ३.१.२ सामाजिक विकास क्षेत्र

| उपक्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| १. जनसंख्या तथा बसाईसराई | १.पालिकाभित्र मौसमी तथा स्थायी रुपमा बसाईसराई भएर आउने तथा जाने जनसंख्याको व्यवस्थित अभिलेख राख्नुपर्ने<br>२.पालिकाको जनसंख्या नीति बनाएर लागु गर्न पर्ने<br>३.प्रौढ उमेरका नगरबासीहरुलाई जनसंख्या शिक्षाको बारेमा जानकारी गराउनु पर्ने | १.बसोबासयोग्य भू-भाग हुनु<br>२.उर्बरभूमीको उपलब्धता<br>३.व्यावसायिक अवसरहरु तथा बजारयोग्य क्षेत्रहरु<br>४.आधारभूत भौतिक पूर्वाधारहरुको सुविधा<br>५.युवा जनशक्तिको प्रचुरता<br>६.सामाजिक विविधता | १.फरक समुदाय, संस्कृति र ज्ञान भएका मानिसहरु बसाई सरेर आउन सक्ने<br>३.नगरबासीहरुको अन्य क्षेत्रका मानिसहरुसँग सम्बन्ध तथा सम्पर्क स्थापित हुन सक्ने<br>३.विभिन्न प्रकारका संस्कृति, रहनसहन, ज्ञान तथा प्रविधिहरुको संगमस्थल बन्न सक्ने<br>४.सामाजिक सद्भावमा बृद्धि हुने | १.मौसमी तथा स्थायी रुपमा बसाई सरेर आउने र जानेहरुको विस्तृत विवरण राख्ने<br>२.नयाँ बसाई सरी आउनेहरुको लागि समुदायमा घुलमिल हुने कार्यक्रमहरु सञ्चालन गर्ने<br>३.जनसंख्या नीति बनाएर लागु गर्ने<br>४.जनसंख्या शिक्षा कार्यक्रम सञ्चालन गर्ने |
| २. शिक्षा | १.विद्यालय क्षेत्रलाई पूर्ण रुपमा गैरराजनीतिक क्षेत्रको रुपमा घोषणा गरी शिक्षक, अभिभावक, विद्यार्थी र कर्मचारीहरुलाई दलीय आबद्धताबाट (सक्रिय राजानीति) बाट टाढा राख्ने<br>२.शिक्षक तथा कर्मचारीहरुमा विषयगत, सामाजिक तथा मनोवैज्ञानिक विज्ञता अभिबृद्धि गर्नुपर्ने<br>३.शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने<br>४.प्रत्येक विद्यालयमा न्यूनतम रुपमा छात्र तथा छात्रा शौचालय, विज्ञान प्रयोगशाला, पुस्तकालाय, प्रतिक्षालय, साईकल स्टयाण्ड, छात्राहरुको लागि | १.भर्नादरमा बृद्धि भैरहेको<br>२.भौतिक पूर्वाधारमा सुधार<br>३.शैक्षिक सामाग्रीमा बृद्धि<br>४.अतिरिक्त क्रियाकलापमा बृद्धि<br>५.पालिकाको शिक्षा नीति, कानून निर्माणको प्रक्रियामा<br>६.बालमैत्री विद्यालयहरु<br>७.प्राविधिकधारको विद्यालयमा बृद्धि<br>८.जेहेन्दार महिला, दलित छात्रबृत्तिको व्यवस्था<br>९.निःशुल्क पाठ्यपुस्तकको व्यवस्था | १.पालिकालाई पूर्ण विद्यार्थी भर्ना भएको पालिकाको रुपमा घोषणा गर्न सकिने<br>२.८० प्रतिशत भन्दा बढी विद्यार्थीहरुले ए प्लस रिजल्ट ल्याउन सक्ने<br>३.विद्यालयहरु बालबालिकाको आकर्षणको केन्द्र हुन सक्ने<br>४.छात्राहरुको अध्ययन प्रति रुचि बढ्ने र उच्च शिक्षाको लागि अभिप्रेरित हुन सक्ने<br>५.गरीब दलित समुदायका विद्यार्थीहरुले आत्मसम्मान र गौरब बोधका साथ अध्ययन गर्न सक्ने र जातीय विभेद अन्त्यको आधार तयार हुने<br>६.पाठ्यपुस्तक समयमा नै उपलब्ध हुन सक्ने | १.भर्ना अभियानलाई तिब्रता र निरन्तरता दिनुपर्ने<br>२.विद्यालयको शैक्षिक प्रगतिलाई निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने<br>३.अभिभावक सहितको सहभागितामा अनुगमन तथा मूल्याङ्कन संयन्त्रको गठन गर्ने<br>४.शिक्षक, विद्यार्थी, कर्मचारीहरु तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई सबै प्रकारका राजनीतिक गतिविधिबाट अलग राख्ने<br>५.वार्षिक शैक्षिक योजना बनाएर शैक्षिक, अतिरिक्त क्षमता अभिबृद्धि तथा समुदायसँग अन्तरक्रियाका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने |

| उपक्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | चेन्जिङ्ग रुम, स्वच्छ पिउनेपानी खेलकुद परिसर, सभाकक्ष हुनुपर्ने<br>५.स्थानीय पाठ्यक्रम, ईन्टरनेट सुविधा, नियमित अतिरिक्त क्रियाकलापहरु हुनै पर्ने अभिभावकको चासोमा बृद्धि हुनु पर्ने<br>६.बालमैत्री शैक्षिक वातावरण<br>७.नियमित रुपमा अभिभावक, शिक्षक, विद्यार्थीहरु र जनप्रतिनिधि अन्तरक्रिया कार्यक्रम हुनु पर्ने | | ७.विद्यालयहरु समावेशी र अपाङ्गमैत्री हुन सक्ने<br>८.किशोरी (सेनेटरी प्याड, आइरन चक्की, चेन्जिङ्गरुम) मैत्री विद्यालय बनाउन सकिने<br>९.गुणस्तरीय शिक्षामा बृद्धि हुन सक्ने | |
| ३. स्वास्थ्य तथा पोषण | १.सबै वडाहरुमा सुविधा सम्पन्न स्वास्थ्य संस्थाको स्थापना गरी दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्नुपर्ने<br>२.स्वास्थ्य सेवा केन्द्रहरुले आफ्नो कार्यक्षेत्रका सबै नागरिकहरुको स्वास्थ्य प्रोफाईल तयार गर्नुपर्ने<br>३.स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्नपर्ने<br>४.स्वास्थ्य शिक्षा कार्यक्रमहरु सञ्चालन गरी स्वस्थ व्यवहार तथा आदतहरु विकास गर्न जनचेतना अभियानहरु सञ्चालन गर्नपर्ने<br>५.पोषणजन्य वस्तुहरुको बारेमा जानकारी गराई घरायसी खपतको लागि आवश्यक पर्ने पोषणतत्व | १.सबै वडामा स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन<br>२.आमा सुरक्षा कार्यक्रम सञ्चालन<br>३.खोप र गाउँघर क्लिनिक कार्यक्रमहरु नियमित रुपमा सञ्चालन<br>४.औषधीको आपूर्तिको राम्रो व्यवस्था भएको, फर्माशिष्ट सहित फार्मेसी सञ्चालन भएको, प्रयोगशालाको स्थापना र सञ्चालन, एम्वुलेन्स सञ्चालन<br>५.करारमा अ.न.मी., ल्याव असिस्टेन्ट, आँखा उपचार केन्द्र सञ्चालन<br>६.पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम लागु भएको<br>७.पालिका पूर्ण खोपयुक्त भएको | १.पालिकामा अन्तर्राष्ट्रियस्तरको मातृशिशु मृत्यूदर कायम गर्न सकिने<br>२.स्वास्थ्य सेवा तथा भौतिक पूर्वाधारहरुको सबलीकरण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने र पालिकाबासीको समय तथा स्रोतको बचत गर्न सकिने<br>३.स्वास्थ्यमा भईरहेको खर्चको ठूलो हिस्साको बचत गर्न सकिने<br>४.पोषणजन्य वस्तुहरुको बारेमा जानकारी गराई त्यस्ता वस्तुहरुको उत्पादन गरी पोषण सहज आपूर्ति गर्न सकिने<br>५.संघीय तथा प्रदेश सरकारको सहकार्यमा सुविधा सम्पन्न अस्पतालको स्थापना गर्न सकिने | १.पालिकाको स्वास्थ्य तथा पोषण सुरक्षा नीति निर्माण गर्न<br>२.मातृ तथा शिशु सुरक्षा कार्यक्रम निरन्तरता<br>३.सुनौला १००० दिन कार्यक्रम सञ्चालन<br>४.स्वास्थ्य विमा कार्यक्रम लागु गर्ने<br>५.पालिकाबासी सबैको स्वास्थ्य प्रोफाईल तयार गरी वार्षिक रुपमा नियमित स्वास्थ्य जाँच गर्ने<br>६.आपतकालिन उद्धार संयन्त्र निर्माण गर्ने<br>७.नियमित रुपमा पालिकाभित्रका सबै वडाहरुको सरसफाई अभियान सञ्चालन गर्ने |

| उपक्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | उत्पादनको लागि योजनाबद्धतवरले प्रशिक्षित गर्नपर्ने<br>६.सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने | ८.पूर्ण सरसफाईका लागि निरन्तर कार्यक्रमहरु सञ्चालन भैरहेको | | |
| ४. खानेपानी तथा सरसफाई | १.पालिकाको खानेपानी तथा सरसफाई नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने<br>२.पालिकाबासीहरु सबैलाई स्वच्छ र शुद्ध खानेपानी उपलब्ध गराउन पर्ने<br>३.सार्वजनिक ठाउँहरुमा शौचालय तथा खानेपानीको व्यवस्था गर्नपर्ने ४.नियमित रुपमा टोलहरु सफाई कार्यक्रम सञ्चालन गर्ने | १.पानीको स्रोत प्रशस्त हुनु<br>२.भूमिगत जलको प्रचुर संभावना हुनु<br>३.चर्पीको प्रयोग र हातधुने बानीको विकास हुनु<br>४.जनशक्तिको उपलब्धता | १.समुदायको नेतृत्वमा डिप बोरिङ्ग तथा पानीको स्रोतको सदुपयोग गरी घरघरमा तथा सार्वजनिक स्थलहरुमा स्वच्छ खानेपानीको आपूर्ति गर्ने<br>२.सरसफाई अभियान सञ्चालन गर्ने<br>३.पानी शुद्धिकरण तथा संरक्षणको लागि नागरिकलाई सशक्तिकरण गर्ने | १.एक घर एक धारा तथा सार्वजनिक स्थलहरुमा खानेपानीको व्यवस्था गर्ने<br>२.सार्वजनिक स्थलहरुमा शौचालय तथा पानीको व्यवस्था गर्ने |
| ५. युवा | १.युवाहरुलाई सशक्तिकरण गरी सीप तथा दक्षता अभिबृद्धि गरी सिर्जनात्मक कार्यमा संलग्न गराएर सामाजिक तथा आर्थिक विकास, खेलकुद विकास र वातावरण संरक्षणको लागि परिचालन गर्ने | १.युवा क्लवहरुको उपलब्धता<br>२.नियमित खेलकुद कार्यक्रमहरुको आयोजना<br>३.युवा लक्षित कार्यक्रमहरु सञ्चालन हुनु<br>४.प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु | १.युवा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने<br>२.युवाहरुको सीप तथा दक्षता अभिबृद्धि गर्ने<br>३.युवा उद्यमी कार्यक्रमहरु सञ्चालन गर्ने ४.युवाहरुलाई विकासका कार्यमा संलग्न गराउन सकिने | १.सीप विकास केन्द्रको स्थापना गर्न सकिने<br>२.युवा उद्यमी सिर्जना गर्न सकिने<br>३.युवा क्लवहरुलाई स्वयं सेवाका कार्यहरु गर्ने संयन्त्र बनाउन सकिने |

| उपक्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
| --- | --- | --- | --- | --- |
| ६. महिला | १.महिलाहरुलाई सशक्तिकरण गरी स्थानीय आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरुलाई नेतृत्व गर्न सक्षम बनाएर आर्थिक तथा सामाजिक विकासमा मूलप्रवाहीकरण गर्नपर्ने<br>२.महिला तथा छात्राहरुका विशिष्ट आवश्यकताहरुलाई सम्बोधन गर्न आवश्यक पर्ने सामग्रीहरु तथा भौतिक पूर्वाधार संरचनाहरुको विकास गर्नपर्ने<br>३.महिला, छात्रा तथा बालबालिकाहरुका बारेमा सम्मानजनक व्यवहार गर्ने शब्दकोषहरुको निर्माण गरी प्रसार गर्नपर्ने | १.महिलाहरुमा समानता सम्बन्धि चेतना अभिबृद्धि भएको<br>२.महिला सशक्तिकरण र समानता पालिकाको मुख्य प्राथमिकताको विषय हुनु<br>३.महिला पूनर्स्थापना केन्द्रको स्थापना<br>४.नियमित रुपमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन<br>५.सेनेटरी प्याडको व्यवस्था<br>६.महिलाहरुको नाममा सम्पत्ति पास गर्दा विशेष छुटको व्यवस्था<br>७.सुरक्षित मातृत्व र एम्बुलेन्सका लागि अतिरिक्त सुविधाको व्यवस्था<br>८.महिला सहभागितामा बृद्धि<br>९.न्यायिक समितिमा महिला नेतृत्वको व्यवस्था हुनु | १.महिलाहरुको क्षमता अभिबृद्धि गरी उद्योग तथा व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्ने<br>२.छात्राको लागि उच्च शिक्षा निरन्तर गर्न सकिने<br>३.महिला स्वास्थ्यमा सुधार ल्याउन सकिने<br>४.महिलाको नेतृत्वमा स्थानीय तहको विकास गर्न सकिने<br>५.महिला सशक्तिकरण गरेर समतामूलक समाजको निर्माण गर्न सकिने | १.पालिकाको महिला विकास नीति निर्माण गरी लागु गर्ने<br>२.महिला उद्यम सिर्जना गर्न सकिने<br>३.महिलाहरुमा नेतृत्व विकास हुन सक्ने<br>४.महिलाहरुको प्रतिनिधित्व बृद्धि हुन सक्ने |

| उपक्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| ७.बालबालिका तथा किशोर किशोरी | १.बालबालिका तथा किशोर किशोरीहरुका अधिकारको संरक्षण गर्दै उनीहरुलाई सिर्जनशील र उत्प्रेरित गरी रचनात्मक तथा उत्साहित बनाउन पर्ने<br>२.बालबालिका तथा किशोर किशोरीहरुको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा संरचनाहरुको विकास गर्नपर्ने | १.नगर तथा वडा बाल सञ्जालको गठन<br>२.जनप्रतिनिधि तथा सरोकारवालाहरुलाई बालअधिकार सम्बन्धि अनुशिक्षण<br>३.बजेटको व्यवस्था<br>४.बालविवाह रोक्ने अभियान<br>५.पालिकाले बालमैत्री व्यवहार र आचार पालना गर्न शुरुवात गरेको<br>६.विपन्न बालबालिकाहरुलाई आर्थिक सहयोग<br>७.बालबालिकालाई विद्यालयमा आकर्षण गर्नका लागि मनोरञ्जनको सामग्रीको व्यवस्था | १.बालबालिका भित्र रहेका प्रतिभालाई प्रष्फुटन गर्न सकिने<br>२.बालबालिका तथा किशोरकिशोरीहरुलाई खुशी र उत्साहित बनाउने<br>३.बालबालिकाहरुको संरक्षणको लागि जनचेतना तथा हटलाईनको व्यवस्था गर्ने<br>४.बालबालिकाहरुको लागि मनोरञ्जन, खेलकुद तथा उद्यानहरु निर्माण गर्न सकिने | १.बालबालिका तथा किशोरकिशोरी संरक्षण आचार संहिता निर्माण गर्ने<br>२.बालसंरक्षण हटलाईन स्थापना गर्ने<br>३.बालसंरक्षण समिति र नगर बालक्लव सञ्जाललाई सबलीकरण गर्ने<br>४.पालिकामा बाल इजलास स्थापना गर्ने<br>५.पालिकास्तरमा बालबालिका बौद्धिक प्रतिस्पर्धाका कार्यक्रमहरु सञ्चालन गर्ने<br>६.प्रत्येक टोलटोलमा बाल उद्यान, खेलकुद परिसर, पुस्तकालय स्थापना गर्ने<br>७.किशोरकिशोरी संरक्षण कार्यक्रम सञ्चालन गर्ने |
| ८. खेलकुद | १.पालिकास्तरमा खेलकुद सम्बन्धि विषयलाई नियमित सञ्चालन गर्नपर्ने<br>२.खेलकुदको बारेमा पालिकाबासी सबैलाई जानकारी गराउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी खेलकुदप्रति सबै नागरिकहरुको आस्था र विश्वास जगाउने कार्यक्रम सञ्चालन गर्नपर्ने<br>३.व्यावसायिक खेलकुदलाई प्रवर्द्धन गर्न मुख्य खेलहरुमा व्यावसायिक प्रशिक्षणको व्यवस्था गर्नपर्ने | १.नगरस्तरीय खेलकुद समिति गठन<br>२.लैङ्गिक समावेशिता सहितको खेलकुद विकास<br>३.खेल सामाग्रीको व्वयस्था गरिएको<br>४.प्रत्येक वर्ष विविध खेलहरु समावेश भएको मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन<br>५.भौतिक पूर्वाधारको स्तरोन्नति भैरहेको<br>६.खेलकुदको लागि ठाउँहरु उपलब्ध भएको<br>७.खेलकुद शिर्षकमा प्रत्येक वर्ष बजेट विनियोजन भएको | १.कभर्डहल, खेलमैदान, रङ्गशाला निर्माण गर्न सकिने<br>२.व्यावसायिक खेलाडीहरु उत्पादन गर्न सकिने<br>३.राष्ट्रियस्तरको खेलकुद आयोजना गर्न सकिने<br>४.महिलाहरुको खेलकुदमा क्षमता अभिबृद्धि गर्न सकिने<br>५.खेलकुद एकेडेमीको स्थापना गर्न सकिने | १.कभर्डहलहरु निर्माण गर्ने<br>२.रङ्गशाला निर्माण गर्ने<br>३.व्यावसायिक प्रशिक्षणको व्यवस्था गर्ने<br>४.महिला तथा गृहिणीहरुको लागि नियमित रुपमा खेलकुद प्रतिस्पर्धाहरु आयोजना गर्न सकिने<br>५.खेलकुद एकेडेमी स्थापनाको लागि संभाव्यता अध्ययन गरी कार्यक्रम अगाडि बढउन सकिने |

| उपक्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | ४.पालिकास्तरीय कभर्डहलको स्थापना गरेर व्यावसायिक प्रशिक्षणको व्यवस्था गर्नपर्ने<br>५.वडास्तरीय कभर्डहलहरुको निर्माण गरी व्यावसायिक प्रशिक्षण सञ्चालन गर्नपर्ने | ८.स्वास्थ्यका लागि खेलकुद सम्बन्धि अभियानको थालनी | | |
| ९.सामाजिक सुरक्षा तथा संरक्षण | १.पालिकाको सामाजिक सुरक्षा तथा संरक्षण नीति निर्माण गरी कार्यान्वयन गर्नपर्ने | १.पालिकासँग सामाजिक सुरक्षा नीति बनाउने अधिकार सुरक्षित हुनु<br>२.सामाजिक शाखाको व्यवस्था हुनु<br>३.सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन भई रहनु | १.जोखिममा परेका नागरिकहरुको सुरक्षाको प्रत्याभूति गराउन सक्ने<br>२.सीमान्तकृत र जोखिममा रहेका नागरिकहरुको आत्मसम्मान र आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने<br>३.सामाजिक न्यायमा आधारित समाजको आधार निर्माण गर्ने | १.सामाजिक सुरक्षा नीतिको निर्माण गरी कार्यान्वयन गर्ने<br>२.पुनर्स्थापना केन्द्रहरुको स्थापना गर्ने<br>३.सामाजिक सुरक्षा भत्ताको समतामूलक वितरण गर्ने<br>४.सामाजिक सुरक्षा भत्तालाई समसामयिक रुपमा दुरुस्त गर्ने |
| १०. कला तथा संस्कृति | १.पालिकाको कला तथा संस्कृतिको विकास गर्न कला तथा संस्कृति नीति बनाएर लागु गर्नपर्ने<br>२.कला तथा संस्कृति संरक्षण तथा प्रबर्द्धन शाखाको स्थापना गर्नपर्ने | १.परम्परागत कला र संस्कृतिले धनी समुदायको बसोबास<br>२.परम्परागत कला र संस्कृतिको संरक्षण गर्न सकिने | १.पालिकाभित्र रहेका भाषा, साहित्य तथा कलाको संरक्षण तथा प्रबर्द्धन गर्ने<br>२.पालिकाको सामाजिक विविधताको प्रबर्द्धन हुन सक्ने<br>३.पर्यटन प्रबर्द्धन गर्ने<br>४.भौतिक पूर्वाधारको राम्रो विकास हुन सक्ने | १.कला तथा संस्कृति शाखाको स्थापना<br>२.पालिकामा बोलिने सबै भाषाहरुको शब्दकोष निर्माण गर्ने<br>३.सबै वडाहरुमा सांस्कृतिक समूहहरुको निर्माण<br>४.संग्रहालयको स्थापना |
| ११. अपाङ्गता भएका व्यक्तिहरु | १.पालिकाभित्र भएका अपाङ्गता भएका जनसंख्याको तथ्याङ्क लिएर अभिलेख राख्ने र अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाईल बनाई राख्न पर्ने | १.अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन भएको<br>२.अपाङ्गताको परिचयपत्र वितरण भएको | १.अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिबृद्धि गर्ने<br>२.अपाङ्गता पुनर्स्थापना केन्द्रहरुको स्थापना गर्ने | १. अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र दुरुस्त गर्ने<br>२. अपाङ्गता भएका व्यक्तिहरुको लागि सरकारका नीति तथा कार्यक्रमहरुको बारेमा सबैलाई सुसूचित गर्ने |

| उपक्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | २.पालिकाको अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धि नीति निर्माण गरी कार्यान्वन गर्नपर्ने<br>३.अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक आधारभूत सामग्रीहरु वितरण गर्न पर्ने<br>४.अपाङ्गताको आत्मसम्मान र पहिचानको लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नपर्ने | ३.अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच बृद्धि भएको | ३.अपाङ्गता भएका नागरिकहरुको लागि शिक्षामा पहुँच बृद्धि गर्ने<br>४. अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरु परिपूर्ति गर्ने<br>५. अपाङ्गता भएका व्यक्तिहरुको लागि सहभागिता र मूलप्रवाहीकरण गर्ने<br>६.सहयोगीको लागि तालिमको व्यवस्था गर्ने | ३. अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता सुनिश्चित गर्न कार्यक्रमहरु सञ्चालन गर्ने<br>४.विद्यालय तथा सार्वजनिक स्थलहरुलाई अपाङ्गतामैत्री तथा समावेशी बनाउने |
| १२. ज्येष्ठ नागरिक | १.ज्येष्ठ नागरिकहरुको लागि अनुभव र सिकाईहरुलाई घर देखि टोल तथा वडा विकासमा सदुपयोग गर्न अनुभव आदानप्रदान तथा सिकाई हस्तान्तरण केन्द्रहरुको स्थापना गर्नपर्ने<br>२.नियमित रुपमा ज्येष्ठ नागरिक सम्मेलन गर्ने . | १. ज्येष्ठ नागरिकहरुको तथ्याङ्क सङ्कलन भएको<br>२.सामाजिक सुरक्षा भत्ता समयमा नै वितरण भैरहेको<br>३. ज्येष्ठ नागरिकहरुको पालिका तर्फ विश्वास बढेको | १. ज्येष्ठ नागरिकहरुले आर्जन गरेका अनुभव तथा सीपहरुलाई नगरपालिकाको विकासमा सदुपयोग गर्न सकिने<br>२. ज्येष्ठ नागरिक र युवा पुस्ता बिच निरन्तर संवाद र अनुभव आदान प्रदान गर्न सक्ने<br>३.स्थानीय विद्यालयहरुमा विभिन्न क्षेत्रबाट अवकाश प्राप्त व्यक्तिहरुका अनुभवहरु आदानप्रदान गर्न सकिने | १. ज्येष्ठ नागरिक मञ्चको स्थापना गर्न सकिने<br>२.पालिकाको इतिहास तथा सामाजिक विविधता र यसको महत्व युवा पुस्तामा हस्तान्तरण गर्न सकिने |

### ३.१.३ भौतिक पूर्वाधार विकास क्षेत्र

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| १. उर्जा | १.नविकरणीय उर्जाका स्रोतहरुको प्रयोगमा जोड दिंदै विद्युत, सौर्य, बायो ग्याँस आदिको प्रयोग मार्फत वातावरण अनुकुल उर्जा प्रयोग गरेर दाउरा र पेट्रोलियम पदार्थ माथिको निर्भरता घटाउन पर्ने | १.सबै वडामा विद्युतीकरण<br>२.दाउरा, पेट्रोलियम पदार्थ सहज उपलब्धता<br>३.तीनै तहका सरकारले प्राथमिकीकरणमा राखेको | १.सब स्टेशन स्थापना गर्न सकिने<br>२.बाँकी रहेको घरधुरीमा विद्युतीकरण गर्न सकिने<br>३.विद्युतीकरण योजना बनाएर काम गर्न सकिने | १.बाँकी घरधुरीमा विद्युतीकरण गर्ने<br>२.विद्युत खपतमा बृद्धि हुन सक्ने |
| २. जलस्रोत | १.उपलब्ध जलस्रोतको बहुआयामिक उपयोग गर्न पर्ने<br>२.मुहान संरक्षण गर्न सकिने | सबै वडामा जलस्रोतको उपलब्धता | १.पानीको वहुउपयोग गर्न सकिने | १.वेमौसमी खेती गर्न सकिने<br>२.खानेपानीको उद्योग सञ्चालन गर्ने |
| ३. बैकल्पिक अन्य उर्जा | १.आधुनिक उर्जाको प्रयोग गरी दाउराको खपत घटाउन पर्ने<br>२.स्थानीय जनतालाई प्राविधिक ज्ञान दिएर वैकल्पिक उर्जा प्रयोग गर्न सक्षम गराउनु पर्ने | १.प्रशस्त मात्रामा पशुपालक व्यवसाय भएकोले बायोग्यासको लागि आवश्यक पर्ने पदार्थ सहज उपलब्धता | १.बायोग्याँस तथा सौर्य उर्जाको प्रयोग गर्न सकिने<br>२.वायु उर्जा उत्पादनको परीक्षण गरेर सफल भएमा विस्तार गर्न सकिने | १.अनुदानमा वायो ग्याँस प्लान्ट स्थापना गर्न प्रोत्साहन गर्ने<br>२.सौर्य उर्जा तथा वायु उर्जाको परीक्षण गर्ने |
| ४. यातयात | १.निजी क्षेत्रलाई ग्रामिण क्षेत्रमा लगानी गराएर गुणस्तरीय यातायात सेवा उपलब्ध गराउने वातावरण निर्माण गर्नपर्ने<br>२.यातायातको नियमित अनुगमन गरी उचित भाडा तथा गुणस्तर सुनिश्चित गर्नपर्ने | १.बस सञ्चालनमा रहेको<br>२.हालको बसपार्क कालोपत्रे भएको<br>३.बसपार्क विस्तार गर्न नजिकै जग्गा उपलब्ध हुनु | १.निजीक्षेत्रसँग सहाकार्य गरेर ग्रामिण तहसम्म यातायात सञ्चालन गर्ने<br>२.उचित भाडा तथा गुणस्तरको सुनिश्चित गर्ने<br>३.बसपार्क तथा प्रतिक्षालयलाई व्यवस्थित गर्ने | १.सबै टोललाई यातायात सञ्जालले जोड्ने<br>२.गुणस्तरीय यातायात सेवा उपलब्ध हुन सक्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | ३.बसपार्क, बस बिसौनी र प्रतिक्षालयहरुलाई व्यवस्थित गर्नपर्ने<br>४.आरक्षण अनुसारको सुविधा सुनिश्चित गर्नपर्ने | | | |
| ५. सडक | १.सडकको स्तरोन्नति तथा समयमा मर्मत गर्नुपर्ने<br>२.ढल निकास नभएको खोला, खोल्सा लाई व्यवस्थित गर्नपर्ने<br>३.सडक नालीको निर्माण गर्नपर्ने<br>४.सडक निर्माणमा जैविक प्रविधिको प्रयोग गर्नपर्ने<br>५.भू-उपयोग नीति अनुसार सडक निर्माण गर्नपर्ने | १.सबै वडा सडक सञ्जाल मार्फत जोडिएको<br>२.प्रत्येक वडामा तिब्र रुपमा सडक ट्र्याक विस्तार भईरहेको<br>३.वडाहरुमा रिङ्गरोडको अवधारणा ल्याइएको<br>४.टोलटोलमा उत्साहजनक लागत सहभागितामा सडक स्तरोन्नति भईरहेको | १.सबै टोलहरु स्तरीय सडक सञ्जालबाट जोडिन सक्ने<br>२.रोजगारी सिर्जना हुन सक्ने<br>३.सडक सञ्जालको विस्तार पश्चात आर्थिक गतिविधिहरु गतिशिल हुन सक्ने | १.सबै टोलहरुलाई स्तरीय सडक सञ्जालले जोड्ने<br>२..सबै सडकहरुको स्तरोन्नति गरी बाह्रै महिना यातायात चल्ने बनाउने |
| ६. केवलकार, तथा अन्य यातायात | पालिकाबासी र पालिकाको संयुक्त लगानीमा सम्भावित स्थानमा केवलकार बनाउनु पर्ने | जनचासो रहेको | उच्च स्थानमा पर्यटकीय स्थल रहेको | पर्यटन प्रबर्द्धन तथा रोजगारी सिर्जना हुन सक्ने |
| ७. यातायात व्यवस्थापन | १.ट्राफिक नियमको बारेमा सबै पालिकाबासीलाई जानकारी गराउन पर्ने<br>२.सडक सुरक्षा सम्बन्धमा सबै नगरबासीलाई जानकारी हुनपर्ने<br>३.सडकबत्तिको व्यवस्था गर्नपर्ने | १.ट्राफिक चिन्हहरु राखिएको<br>२.बजार क्षेत्रमा पार्किङ्ग स्थानहरु तोकिएको<br>३.ट्राफिक प्रहरी जनशक्ति सहितको इलाका प्रहरी कार्यालय रहेको<br>४.कालोपत्रे बसपार्क रहेको | १.सडक अनुशासन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरी दुर्घटना न्यूनीकरण गर्ने<br>२.सडक बत्तिको व्यवस्था गरी सुरक्षा गर्न सकिने<br>३.सडक सुरक्षामा अभिबृद्धि गर्न सकिने | १. सुरक्षित र सहज रुपमा यातायात सञ्चालन हुन सक्ने<br>२.सडक दुर्घटना न्यूनिककरण हुन सक्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | ४.संवेदनशील ठाउँहरुमा सिसि क्यामेरा जडान गर्नपर्ने | | | |
| ८. सञ्चार तथा सूचना प्रविधि पूर्वाधार | १. ईन्टरनेट तथा मोबाईल टावरको क्षमता बढाउन पर्ने<br>२.सबैले प्रयोग गर्नसक्ने सर्वशुलभ सूचना प्रविधिको विकास गर्नपर्ने | १.NTC, NCELL को टावरको निर्माण भैसकेको<br>२.वस्तीहरु क्रमशः शहरीकरण तर्फ बढीरहेको<br>३.मोबाईल फोनतथा ईन्टरनेट सेवाको प्रयोगकर्ता बढ्दै गईरहेको | १.व्यवसाय तथा कारोबारमा सूचना तथा प्रविधिको प्रयोग हुन सक्ने<br>२.पालिकाका सेवा प्रवाह तथा सञ्चालन हुने कार्यक्रमहरु अनलाईन गर्न सकिने<br>३.अनलाईन सेवाको विस्तार गर्न सकिने | १.सूचना प्रविधियुक्त नगरपालिका बनाउन सकिने |
| ९.प्रादेशिक तथा स्थानीय पूर्वाधार | स्थानीय र प्रादेशिक योजनाको समन्वय एवं तालमेल राम्रो हुनु पर्ने | प्रादेशिक आवधिक योजना तर्जुमा कार्य भैरहेको | ठूला परियोजनामा संघ तथा प्रदेश सरकारसँग सहकार्य हुन सक्ने | ठूला पूर्वाधार तयार हुन सक्ने |
| १०.विज्ञान तथा प्रविधि | १.प्राविधिक शिक्षालयको विस्तार हुनुपर्ने<br>२.युवाहरुमा प्राविधिक ज्ञान तथा सीप हुनपर्ने<br>३.विज्ञान तथा प्रविधिमा उच्च शिक्षाको व्यवस्था हुनपर्ने | १.प्राविधिक शिक्षालय सञ्चालनमा रहेको<br>२.विद्यालयहरुमा आई.सि.टी. ल्यावहरुको व्यवस्था भएको<br>३.विज्ञान प्रयोगशाला रहेको | १.प्राविधिक शिक्षाको विस्तार<br>२.प्राविधिक ज्ञान तथा तालिम केन्द्रको स्थापना<br>३.विज्ञान तथा प्रविधि विषयमा उच्च शिक्षालयहरुको स्थापना | १.पोलिटेक्निकल ईन्स्टिच्यूटको स्थापना<br>२.सीप विकास केन्द्रको स्थापना<br>३.अनुसन्धान तथा विकास केन्द्रको स्थापना गर्न सकिने |
| ११. शहरी विकास | १.बजार क्षेत्रमा सबैतिर ढल विस्तार गर्नपर्ने<br>२.बजार व्यवस्थापन सम्बन्धि निर्णयहरु कार्यान्वयन गर्नपर्ने | १.एकिकृत शहरी विकास योजना तयार भएको<br>२.डम्पिङ्ग साईट तोकिएको<br>३.नियमित रुपमा फोहर सङ्कलन भैरहेको | १.फोहर मैला व्यवस्थापन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने<br>२.पालिकाको मौलिकता झल्किने गरी घर तथा संरचनाहरु निर्माण गर्न सकिने | १.फोहर मैला व्यवस्थापन कम्पनीको स्थापना तथा सञ्चालन गर्न सकिने<br>२.पालिकाको सौन्दर्यता र मौलिकतालाई प्रबर्द्धन गर्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | | | ३.नगरबासी र पालिकाको संयुक्त लगानीमा फोहर प्रशोधन कम्पनीको स्थापना गर्न सकिने | |
| १२. आवास तथा वस्ती विकास | १.सबै सार्वजनिक तथा व्यापारिक प्रयोजनका भवनहरु अपाङ्गतामैत्री /प्रयोगकर्तामैत्री बनाउनु पर्ने<br>२.आवाशीय क्षेत्रको पहिचान तथा विकास गर्नपर्ने | १.पालिका भवन निर्माणको लागि प्रक्रिया शुरु<br>२.वडा कार्यालय भवनहरु निर्माणाधिन | १.बाँझो जग्गाको उपयोग हुन सक्ने<br>२.पूर्वाधार क्षेत्रको लगानीमा मितव्ययिता कायम हुन सक्ने | १.बस्तीयोग्य क्षेत्र छनौट गरी एकिकृत बस्ती विकास गर्ने<br>२.पालिकाको मौलिकता झल्किने गरी घर तथा भौतिक संरचनाहरुको नक्शा डिजाईन गर्ने |

## ३.१.४ लोकतन्त्र तथा सुशासन

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| १. राष्ट्रिय एकता | १.राष्ट्रिय एकता सम्बन्धि कार्यक्रम/योजनाहरु सञ्चालन गर्नपर्ने | राष्ट्रिय एकता प्रति सजग, धार्मिक र जातीय सहिष्णुता र क्षेत्रीय समन्वय रहेको | १.राष्ट्रिय एकता प्रबर्द्धन गर्न सकिने<br>२.राजनैतिक, धार्मिक, जातीय सहिष्णुता प्रबर्द्धन गर्न सकिने | १.सबै भाषा तथा संस्कृतिको सुनिश्चितता गर्ने<br>२.जातीय सहिष्णुता कायम गर्न जातीय सद्भाव कार्यक्रमहरु सञ्चालन गर्ने |
| २. सुरक्षा | १.सुरक्षा निकायहरुद्वारा राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गर्नपर्ने<br>२.सुरक्षा निकाय जनमुखी हुनपर्ने<br>३.नगर प्रहरी प्रभावकारी हुनपर्ने | १.नेपाल प्रहरीका इकाईहरु रहनु<br>२.नगर प्रहरी गठन भै परिचालन हुनु | सुरक्षा निकाय र पालिका बीच समन्वय गरी प्रभावकारी सुरक्षा प्रदान गर्न सकिने | १.सुरक्षा दस्ता निर्माण<br>२.नागरिक र प्रहरी साझेदारी<br>३.सुरक्षा सचेतना |
| ३. शान्ति तथा सुव्यवस्था | १.चुस्तस्फुर्त प्रशासन हुनु पर्ने<br>२.गुनासो सुन्ने व्यवस्था हुनपर्ने | १.सामाजिक सद्भाव कायम भएको | १.सिसि क्यामेरा जडान गरी सेवाग्राही मैत्री नीति बनाई कार्यान्वयन गर्ने | १.नागरिकहरुमा सुरक्षाको प्रत्याभूति दिन सकिने<br>२.दण्डहिनताको न्यूनिकरण हुन सक्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | ३.दण्ड हिनताको अन्त हुनपर्ने | २.समुदायका सदस्यहरुमा सहयोगी भावना | | |
| ४. नेतृत्व निर्माण | १.सर्वसाधारण जनताले नेतृत्व विकासको अवसर पाउन पर्ने<br>२.स्थानीयस्तरका नेतृत्वको क्षमता बृद्धि गर्नुपर्ने | १.नेतृत्व विकास तालिमहरु सञ्चालन<br>२.अवलोकन भ्रमण<br>३.जिम्मेवारी बाँडफाँड | १.युवापुस्ताको नेतृत्वप्रतिको रुचि<br>२.युवापुस्तालाई प्रशिक्षित गरी भविष्यको नेतृत्व तयार गर्ने | १.सबल र सक्षम नेतृत्व निर्माण हुन सक्ने |
| ५. निर्वाचन प्रणालीमा सुधार | १.मतदाता शिक्षा सञ्चालन<br>२.विद्युतीय मतदानको बारेमा जानकारी गराउन पर्ने | १.मतदाता नामावलीको नियमित अद्यावधिक भएको | १.मतदाताका लागि आवश्यक पर्ने आधुनिक प्रविधि अपनाउन सकिने | १.मतदाता शिक्षा कक्षाहरु सञ्चालन गर्ने<br>२.विद्युतीय मतदान यन्त्रहरुको उपयोग गर्न सिकाउने |
| ६. मानव अधिकार | १.नागरिकहरुलाई मानव अधिकार सम्बन्धमा जानकारी गराउनपर्ने<br>२.गैरसरकारी तथा सरकारी संघसंस्थाहरुसँग सहकार्य गर्नपर्ने | १.मानव अधिकार सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्ने सरकारी र गैर सरकारी संस्थाहरु क्रियाशिल हुनु | १.नगर देखि वडास्तरसम्म मानव अधिकार संरक्षण समितिहरु गठन गर्ने<br>२.नागरिकको अधिकार सुनिश्चित गर्ने | १.मानव अधिकार समितिहरु गठन तथा परिचालन गर्ने<br>२.मानव अधिकार शिक्षा सञ्चालन गर्ने |
| ७. न्याय प्रणाली | १.न्यायिक सचेतना अभिबृद्धि गर्नपर्ने<br>२.न्यायिक साक्षरता अभिबृद्धि गर्नपर्ने | १.वडास्तरमा मेलमिलाप समिति हुनु<br>२.पालिकामा न्यायिक समिति हुनु | १.वडास्तरीय मेलमिलाप समितिको क्षमता अभिबृद्धि<br>२.न्यायिक समितिको न्याय सम्पादन गर्ने क्षमता अभिबृद्धि गर्ने | १.सभ्य समाजको स्थापना हुन सक्ने<br>२.सरकार प्रति नागरिकहरुमा विश्वास बढ्ने |
| ८. संघीय शासन प्रणाली | संघीय शासनको बारेमा जनतालाई सुसुचित गर्नपर्ने | संघ, प्रदेश र स्थानीय तह बीचका एकल तथा साझा अधिकारहरु संविधानमा नै उल्लेख भएका | साझा अधिकारहरुमा समन्वय र सहकार्य गर्ने | नागरिकहरुमा संघीय शासन प्रणालीको अपनत्व कायम हुन सक्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| ९. स्थानीय तहको सन्तुलित विकास | १.समयमै योजना तर्जुमा गर्न पर्ने<br>२.पालिका क्षेत्रमा समानुपातिक रुपमा विकास हुनपर्ने | १.टोलटोलबाट वडामा र वडावडाबाट पालिकामा मागका आधारमा प्राथमिकिकरण गरी योजनाहरुको छनौट हुने गरेको<br>२.योजना कार्यान्वयनमा उपभोक्ता समितिलाई प्राथमिकता | १.स्थानीय विकास मार्फत जनतामा सेवा प्रवाह<br>२.पालिकामा बजेटको उपलब्धता | १.दिगो विकासका लक्ष्यहरु हासिल गर्न सकिने<br>२.सबै क्षेत्रको सन्तुलित विकास हुन सक्ने |
| १०. शासकीय सुधार | प्रचलित कानूनहरुको पालना र कार्यान्वयन गर्नपर्ने | १.जनप्रतिनिधिहरुको उपस्थिति<br>२.पालिका तथा वडाहरुबाट प्रचलित कानून वमोजिम सेवा प्रवाह | कानूनको परिपालना हुन सक्ने | सरकार र शासन प्रणालीप्रति जनविश्वास बढ्ने |
| ११. प्रशासकीय सुधार | १.जनशक्तिको दक्षता अभिबृद्धि गर्नपर्ने<br>२.प्रविधिको विकास<br>३.कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्नपर्ने | १.ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण गरी कार्यान्वयन भैरहेको<br>२.संघीय तथा प्रादेशिक कानूनको परिपालना | १.सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग | १.पालिकाको अभिलेखहरु विद्युतीय प्रणालीमा राख्न सकिने<br>२.पालिकाले सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्न सकिने<br>३.सेवा प्रवाहमा सुशासन कायम गर्न सकिने |
| १२. वित्तीय सुशासन | १.वित्तीय साक्षरता हुनपर्ने<br>२.कर शिक्षा दिन पर्ने<br>३.बेरुजु फर्छयौट हुनपर्ने | १.आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परिक्षणको व्यवस्था<br>२.आर्थिक प्रशासन तथा राजश्व शाखाको व्यवस्था<br>३.विद्युतीय प्रणालीबाट बजेट तर्जुमा र खर्च | वित्तीय सुशासन मार्फत आर्थिक, भौतिक, पूंजि निर्माणको विकास गर्न सकिने | १.नियमित रुपमा वित्तीय प्रतिवेदन प्रस्तुत गर्ने<br>२.बजेट तर्जुमा तथा खर्चमा विद्युतीय प्रणालीको प्रयोग गर्ने<br>३.स्थानीय खरिद नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने<br>४.खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| १३. भ्रष्टाचार निवारण | १.सेवा प्रदायकहरु सेवाग्राहप्रति जवाफदेही हुनुपर्ने<br>२.अनुगमनलाई नियमित गर्ने<br>३.विद्युतीय शासन प्रणाली अवलम्बन गर्नपर्ने<br>४.नागरिक वडापत्र सेवाग्राहीको पहुँचमा पुऱ्याउने र सोही वमोजिम सेवा प्रवाहको सुनिश्चतता गर्ने | १.आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको<br>२.महालेखा परीक्षकको विभागबाट अन्तिम लेखापरीक्षणको व्यवस्था भएको<br>३.भ्रष्टाचार निवारण गर्ने संस्था नागरिकको पहुँचमा रहेको<br>४.विद्युतीय प्रणालीबाट बजेट तर्जुमा र खर्च गरिएको | | भ्रष्टाचारशुन्य पालिका बनाउन सकिने |
| १४. मानव बेचविखन तथा ओसार पसार | १.प्रभावकारी संयन्त्र स्थापना गर्न पर्ने<br>२.चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने<br>३.दण्डहिनताको अन्त गर्नपर्ने | १.आमा समूहहरु गठन र परिचालन भैरहेको<br>२.नेपाल प्रहरीको उपस्थिति<br>३.बाल क्लवहरुको गठन तथा परिचालन<br>४.स्थानीयस्तरका संघसंस्था र समितिहरुमा महिला प्रतिनिधित्व सुनिश्चित भएको | १.दण्डहिनताको अन्त गर्ने | १.बालमैत्री नगरपालिका बनाउन सकिने<br>२.लैङ्गिक हिंसारहित नगरपालिका बनाउन सकिने |

### ३.१.५ अन्तरसम्बन्धित क्षेत्र

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल षक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| १. तथ्याङ्क प्रणाली | १.नियमित तथ्याङ्क अद्यावधिक गर्नपर्ने<br>२.सेवा प्रदायक संघसंस्था तथा कार्यालयहरुमा व्यवस्थित तथ्याङ्क राख्ने प्रणालीको विकास गर्नपर्ने<br>३.विद्युतीय प्रणालीद्वारा अभिलेख राख्ने व्यवस्था गर्नपर्ने | १.पालिकाको डिजीटल प्रोफाईल तयार हुने क्रममा रहेको<br>२.सूचना अधिकारीको व्यवस्था भएको<br>३.वेभसाईटको व्यवस्था भएको<br>४.वडा कार्यालयहरुमा विद्युतीय प्रणालीको विस्तार भएको | १.पालिकाको विद्युतीय तथ्याङ्क अद्यावधिकको लागि तथ्याङ्क सङ्कलन गर्ने र मोवाईल एप्सको व्यवस्था भएको<br>२.तथ्याङ्क सङ्कलन र व्यवस्थापनको क्षेत्रमा सहयोग गर्न साझेदार निकायहरुसँग सहकार्य गर्न सकिने | १.सहज रुपमा विश्वसनीय तथ्याङ्क उपलब्ध हुन सक्ने |
| २. गरिबी निवारण | १. गरिबी मापन गरी अभिलेख राखेर गरिबी परिचयपत्र वितरण गर्नपर्ने | १.उद्यमशिलता एवं छोटो, मध्यम र लामो अवधिको सीप विकास तालिम सञ्चालन<br>२.गरिबी निवारण कार्यक्रम सञ्चालन | १.आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न सकिने<br>२.आय आर्जनका सबै संभावनाहरुको पहिचान गरी उपयुक्त विकल्प छनौट गरी सोही मुताविक सहजीकरण गर्न सकिने | १.गरिबीको रेखामुनी रहेका जनसंख्या पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गरी गरिबी घटाउन सकिने |
| ३. श्रम तथा रोजगारी | १.तालिम प्राप्त व्यक्तिहरुलाई उद्यमशीलता विकासको लागि उत्प्रेरित गर्नु<br>२.वैदेशिक रोजगारीबाट फर्केकाहरुको वास्तविक तथ्याङ्क पत्ता लगाएर उनीहरुको सीप तथा दक्षतालाई उपयोग गर्नुपर्ने<br>३.बेरोजगार युवा युवतीको तथ्याङ्क व्यवस्थित गर्नपर्ने | १.जिविकोपार्जनका तालिमहरु सञ्चालन भएको<br>२.वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि स्वरोजगारका कार्यक्रममा सहयोग<br>३.प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वियनमा रहेको<br>४.बेरोजगारको तथ्याङ्क सङ्कलन भएको<br>५.कृषि र पशुपालनको क्षेत्रलाई व्यावसायिक बनाउन उपकरण, बिउ, बिजन तथा अनुदान सहयोग गरिएको | १.उत्पादित वस्तुहरुलाई बजारसम्मको पहुँच विस्तार हुनसक्ने<br>२.स्थानीयस्तरमै रोजगारीको अवसरहरु पहिचान गर्न सकिने<br>३.स्थानीय रोजगार केन्द्र मार्फत बेरोजगारको पहिचान गरी रोजगारी दिलाउन मद्दत पुग्ने | १.युवा उद्यमी सृजना हुन सक्ने<br>२.श्रमको सम्मान सहित पेशा तथा व्यवसायहरुको प्रवर्द्धन हुन सक्ने<br>३.सक्रीय जनशक्तिको सदुपयोग गर्न सकिने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल षक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | ४. कृषि र पशुपालन क्षेत्रलाई व्यवसायको रुपमा अगाडि बढाउने तर्फ अभिप्रेरित गर्नपर्ने | | | |
| ४. मानव संसाधन विकास | १.सीपयुक्त र दक्ष जनशक्तिको विकास गर्नुपर्ने | १.पर्याप्त युवा जनशक्ति विद्यमान हुनु<br>२.तनहुँ प्राविधिक शिक्षालय हुनु<br>३.विद्यालयमा प्राविधिक शिक्षाको व्यवस्था गर्न पहल भएको | उपलब्ध मानव संशाधनको अधिकतम उपयोग गर्न सकिने | गुणस्तरीय जनशक्ति उत्पादन गर्न सकिने |
| ५. अनुसन्धान तथा विकास | अनुसन्धान तथा विकास क्षेत्रलाई महत्वपूर्ण क्षेत्रको रुपमा स्वीकार गरी कार्यान्वयनमा ल्याउनु पर्ने | अनुसन्धान तथा विकासका लागि खोज अनुसन्धान तथा तथ्याङ्क सङ्कलनका लागि प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, परातात्विक क्षेत्रहरुको उपलब्धता | अनुसन्धानको माध्यमबाट विकासका रणनीतिहरु निर्माण गर्न सकिने | विकासमा नविनतम प्रारुप प्रयोग गर्न सकिने |
| ६. उद्यमशीलता विकास | १.संभावित उद्यम विकासका क्षेत्रहरुको पहिचान गरी उद्यम विकासका लागि नीति निर्माण गरी कार्यान्वियन गर्नपर्ने | १.कच्चा पदार्थको उपलब्धता<br>२.जनशक्तिको पर्याप्तता<br>३.उद्यम विकास रणनीतिक योजना तर्जुमा भएको<br>४.उद्यम विकासको क्षेत्रमा बजेटको व्यवस्था | १.लघु तथा घरेलु उद्यमको विकास गर्न सकिने<br>२.स्थानीयस्तरमा रोजगारी सृजना गर्न सकिने<br>३.निर्यात प्रबर्द्धन गर्न सकिने<br>४.साझेदारीमा उद्यम सञ्चालन गर्न सकिने | आर्थिक विकासमा उद्योगक्षेत्रको योगदानमा बृद्धि गर्न सकिने |
| ७. समानता | लैङ्गिक, वर्गीय तथा जातीय लगायतका असमानता हटाउन पर्ने | १.सामाजिक समावेशीकरण तथा लैंगिक हिंसा सम्बन्धि कार्यक्रम र बजेटको उपलब्धता<br>२.सार्वजनिक कार्यमा सबै क्षेत्रको सहभागितामा उल्लेख्य बृद्धि हुँदै जानु | १.समानता सम्बन्धमा चेतनास्तरमा बृद्धि गर्न सकिने<br>२.विभिन्न जातजाती, वर्ग, लिङ्ग बिचको विभेद न्यूनीकरण गर्न सकिने | विभेदभुक्त समाजको स्थापना गर्न सकिने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल षक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| ८. समावेशीकरण | १.समावेशीकरण नीति निर्माण गरी कार्यान्वयन गर्नपर्ने<br>२.विकास निर्माणका सबै कार्यहरुमा सबैको सहभागिता सुनिश्चितता गर्नपर्ने | १.लक्षित वर्गको पहिचान भएको<br>२.लक्षित वर्गको लागि प्रत्येक वर्ष बजेटको व्यवस्था भएको<br>३.विकास निर्माण कार्यहरुमा सबैको सहभागिता बृद्धि भएको | १.सबैको सहभागिता सुनिश्चित गर्न सकिने<br>२.विकासको वितरण समानुपातिक हुन सक्ने | नगरपालिकाका हरेक क्रियाकलाप समावेशीतामूलक बनाउन सकिने |
| ९. विपद व्यवस्थापन | १.दमकलको व्यवस्थापन गर्नपर्ने<br>२.विपद व्यवस्थापन पूर्वतयारी सामग्रीहरुको व्यवस्था गर्नपर्ने<br>३.नदीबाट हुने कटान नियन्त्रणको लागि दिर्घकालिन योजनाहरु निर्माण गर्नपर्ने<br>४.विपद व्यवस्थापन क्षेत्रमा बजेट विनियोजन गर्ने<br>५.मानवीय कारणले हुने विपदलाई कम गर्ने खालका जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने | १.विपद व्यवस्थापन कोषको स्थापना र सञ्चालन<br>२.स्थानीय विपद व्यवस्थापन समितिको गठन र परिचालन<br>३.युवा क्लवहरुको विद्यमानता<br>४.नजिकै नेपाली सेनाको बाहिनी रहेको | १.विपद जोखिमयुक्त क्षेत्रको पहिचान हुने<br>२.विपद जोखिम व्यवस्थापन संयन्त्र बनाउन सकिने<br>३.आय आर्जनको क्षेत्रको रुपमा उपयोग गर्न सकिने | १.पहिचान भएका जोखिम क्षेत्रहरुमा विपदबाट हुने क्षति न्यूनीकरण<br>२.नागरिकहरुलाई विपदबाट हुने जोखिमबाट सुरक्षाको प्रत्याभूति दिन सकिने |
| ९. वातावरण | १.वातावरण नीति निर्माण गरी कार्यान्वयन गर्नपर्ने<br>२.ल्याण्डफिल साईटको निर्माण हुनुपर्ने<br>३.पूर्वाधार निर्माण गर्दा बृक्षारोपण कार्यलाई प्रभावकारी बनाउनपर्ने | १.वन जंगल भएको<br>२.जलाधार क्षेत्रहरुको प्रचुर उपलब्धता<br>३.विविध जङ्गली पशुपन्छी हरुको उपलब्धता<br>४.सामुदायिक वन उपभोक्ता समितिहरु क्रियाशिल रहेको | १.वातावरणीय सन्तुलन कायम गर्नेगरी विकासका गतिविधिहरुलाई सञ्चालन गर्न सकिने<br>२.जनसहभागिता जुटाउन सकिने<br>३.सामुदायिक वनहरुसँग समन्वय गर्न सकिने | १.पालिकालाई देशकै हरियाली नमूना पालिकाको रुपमा विकास गर्न सकिने<br>२.जङ्गली जनावरहरुको संरक्षण गर्न सकिने<br>३.कार्बन व्यापारबाट आर्थिक वृद्धिमा योगदान पुग्न सक्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल षक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| | ३.विकास निर्माणका कार्यहरु सञ्चालन गर्दा वातावरणीय असरलाई ध्यान दिनपर्ने | | | |
| १०. जलवायु परिवर्तन | १.अतिबृष्टि, अनाबृष्टि, खण्डबृष्टिबाट बच्नको लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने<br>२.पानीको मुहानहरुको संरक्षण गर्नपर्ने<br>३.माटोको आद्रता व्यवस्थापन गर्न हरियाली व्यवस्थापन गर्नपर्ने | जलवायु परिवर्तनले हुनसक्ने जोखिमको बारेमा जनचेतना अभिबृद्धि भएको | जलवायु परिवर्तनलाई प्राथमिकतामा राखी स्रोतहरुको संरक्षण तथा बृद्धि गर्न सकिने | जलवायु अनुकुलनमा योगदान गर्न सकिने |
| ११. सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरु | १.समन्वयको अभावमा आयोजना तथा कार्यक्रमहरुको दोहोरोपना हटाउनुपर्ने | १.विकास निर्माणका काममा साझेदारी कायम भएको<br>२.विकासमा समन्वय एवं सहकार्य | लगानी बृद्धि हुन सक्ने | गैर सरकारी संस्थाहरुसँग उपलब्ध विशेषज्ञताको स्थानीय आवश्यकताका आधारमा उपयोग गर्न सकिने |

### ३.१.६ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
|---|---|---|---|---|
| १. योजना तर्जुमा | १.पालिकाको योजना तर्जुमा निर्देशिका तयार गरी लागु गर्ने<br>२.लागत अनुमान गरी योजना तर्जुमा गर्नपर्ने<br>३.ठूला आयोजनाहरुको DPR, IEE, EIA तयार गरी कार्यान्वयन गर्नपर्ने | १.जनसहभागितामा योजना निर्माण गर्ने पद्धतिको विकास<br>३.नगरको पार्श्वचित्र तयार हुने क्रममा रहेको<br>४.वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भएको<br>५.नगर उद्यम विकास रणनीतिक योजना निर्माण भै सकेको | १.अर्थपूर्ण सहभागितामा योजना तर्जुमा गर्ने<br>२.तथ्याङ्कमा आधारित योजना निर्माण गर्न सकिने | योजनामा अपनत्वबोध भै विकासमा दिगोपना हुन सक्ने |
| २. आयोजना बैंक | आयोजना बैंकमा राखिएका योजनाहरुको प्राथमिकीकरण गरिनुपर्ने | योजनाहरुको पहिचान गरिएको | कुन वर्ष कुन योजना गर्ने भन्ने कुराको सुनिश्चित हुन सक्ने | प्राथमिकताका आधारमा योजनाहरुको डि.पि.आर. तयार गरी कर्यान्वयनमा ल्याउन सकिने |
| ३. संस्थागत तथा कार्यान्वयन व्यवस्था | १.स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुनुपर्ने<br>२.पालिकाको O & M गर्न पर्ने<br>३.पालिकाको कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन हुनुपर्ने<br>४.भौतिक पूर्वाधारको व्यवस्था हुनपर्ने | १.कर्मचारी/जनप्रतिनिधिहरुको सक्रिय सहभागिता<br>२.सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धति<br>३.कार्यालय भवन निर्माणको लागि पर्याप्त जमिनको उपलब्धता<br>४.केन्द्र तथा वडामा ईन्टरनेट सेवा विस्तार | १.नयाँ युवा जनशक्तिको उपलब्धता हुन सक्ने<br>२.सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग<br>३.सेवा प्रवाहमा नविनतम प्रणालीको विकास हुने | १.सरल, सहज र छिटो छरितो एवं गुणस्तरीय सेवा प्रवाह हुन सक्ने |

| उप क्षेत्रहरु | समस्यामा आधारित सिकाईहरु | सबल पक्षहरु | अवसरहरु | संभावनाहरु |
| --- | --- | --- | --- | --- |
| ४. तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय | प्रदेश तथा संघसँग समन्वय तथा सहकार्य हुनपर्ने | १.संघीय सरकारबाट कर्मचारीहरुको समायोजन भएको<br>२.वित्तीय हस्तान्तरण अन्तरगत संघीय तथा प्रदेश सरकारबाट समानीकरण राजश्व बाँडफाँड तथा सशर्त अनुदान प्राप्त हुने<br>३.आयोजनाहरुमा सहकार्य | १.तीन तहको सरकार बीच सुमधुर सम्बन्ध स्थापित हुन सक्ने<br>२.राष्ट्रिय महत्वका आयोजनामा सहकार्य हुन सक्ने<br>३.ठूला लगानीका आयोजनाहरुमा संघ तथा प्रदेश सरकारको सहभागिता हुन सक्ने | १.दिगो तथा द्रूत विकासमा लगानी बढ्न सक्ने |
| ५. जोखिम व्यवस्थापन | १.जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी कार्यक्रम तर्जुमा गर्नपर्ने | १.स्थानीय विपद व्यवस्थापन समिति गठन गरिएको<br>२.विपद जोखिम न्यूनिकरण सम्बन्धि ऐन तथा कार्यविधि जारी गरिएको<br>३.जोखिम न्यूनिकरणका लागि विभिन्न सामग्री तथा उपकरणहरुको उपलब्धता भएको | १.जोखिमयुक्त क्षेत्रहरु संरक्षण गर्न सकिने | विपद जोखिम न्यूनिकरण हुन सक्ने |
| ६. अनुगमन तथा मूल्याङ्कन | १.अनुगमन तथा मूल्याङ्कन नीति तथा कार्यक्रमहरु बनाएर लागु पर्नपर्ने<br>२.तेस्रो पक्षबाट अनुगमन गर्ने प्रक्रियाको थालनी गर्नपर्ने<br>३.अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नपर्ने | १.वडा तथा नगरस्तरीय योजना तथा अनुगमन समिति तर्जुमा भएको<br>२.योजना अनुगमन तथा मूल्याङ्कन फारामको प्रयोग | योजना तर्जुमा तथा कार्यान्वयनमा देखिएका त्रुटीहरु सुधार हुन सक्ने | सेवा प्रवाह एवं योजना कार्यान्वयनमा गुणस्तरीय परिणाम हासिल हुन सक्ने |

## ३.२ योजना खाका

### ३.२.१ भिमाद नगरपालिकाको विकासका मार्गनिर्देशक सिद्धान्तहरु

१. पालिकाभित्रका हरेक नागरिकको मौलिक हकको संरक्षण गर्दै आत्मसम्मानको सुनिश्चितता गर्ने

२. पालिकाको उत्पादनमुखी भू-उपयोग नीति बनाई कार्यान्वयन गर्ने

३. समुदायको बौद्धिकिकरण गर्दै ज्ञान र तथ्यमा आधारित प्रविधियुक्त विकास गर्ने

४. पालिकाभित्र पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रणमा जोड दिई शासकीय सुधारलाई अभिप्रेरित गर्ने

५. पालिकाको मौलिक कला, धर्म, संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्ने

६. पालिकाभित्र गरिबी, बेरोजगारी तथा भोकमरी उन्मूलन गरेर समृद्ध भिमाद निर्माण गर्ने

७. पालिकाको सन्दर्भमा दिगो विकासको लक्ष्य स्थानीयकरण गरी पालिकाको दिगो तथा द्रूत विकास गर्ने

८. पालिकाभित्र सबल संचार तथा सूचनाको हकको प्रत्याभूति गरी सुसूचित नागरिक बनाउने

१०. पालिकाभित्र बौद्धिक सम्पत्तिको सुरक्षा गर्ने

### ३.२.२ आवधिक योजनाको दूरदृष्टि

*"समृद्ध जनता सुरक्षित शहर, सुशासन सहित समाजवाद उन्मुख नगर"*

### ३.२.३. आवधिक योजनाको लक्ष्य

*"आ.व. २०८०/०८१ सम्ममा स्रोत तथा साधनहरु एवम् प्रविधिको सदुपयोग गरी नागरिक तथा विकास साझेदारहरुसँग सहाकार्य गरेर निरपेक्ष गरिबी र सबै प्रकारका विभेद अन्त्य गरी समृद्ध, समावेशी र समाजवाद उन्मुख समाजको निर्माण गर्ने"*

### ३.२.४ आवधिक योजनाको उद्देश्य

१. सुशासन तथा सामाजिक न्यायको प्रत्याभूति गर्ने

२. भौतिक, सामाजिक, साँस्कृतिक मूल्य र मान्यतामा आधारित दक्ष, सभ्य तथा सुसंस्कृत समाजको निर्माण गर्ने

३. वातावरण मैत्री समावेशी भौतिक पूर्वाधारहरुको विकास गर्ने

४. आधारभूत शिक्षा र स्वास्थ्यमा सबैको पहुँचको सुनिश्चितता गर्ने

५. जैविक खेती प्रणालीको पर्वर्द्धन गरी कृषि उत्पादकत्व बृद्धि, पर्यटन तथा उद्यम विकास गरी द्रूत आय आर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक बृद्धिदर प्राप्त गर्ने

६. प्रविधिको विकास तथा विस्तार गर्ने

८. मानव अधिकार संरक्षण, दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्ने

९. जनसशभागिताद्वारा प्राकृतिक तथा जैविक वातावरणको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै दिगो विकास हासिल गर्ने

### ३.२.५ विकासका प्राथमिकताका क्षेत्रहरु

पालिकाको समग्र विकासको लागि पालिकाका सबै क्षेत्रहरुको विकासलाई सम्बोधन गर्नु पर्दछ । यसरी विकासका क्रियाकलापहरुलाई सञ्चालन गर्दा विकासका लागि गरिने क्षेत्र तथा क्रियाकलापहरुको सही प्राथिमकताले समयमा नै अपेक्षित परिणाम ल्याउँदछ । विकासका सही प्राथमिकताले लगानीको सही प्रतिफल प्राप्त गराउँदछ । भिमाद नगरपालिकाको सन्दर्भमा पालिकामा सुशासनको प्रत्याभूति मार्फत दक्ष जनशक्तिको विकास गरी यस आवधिक योजनाले निर्दिष्ट गरेका दूरदृष्टिले दिशानिर्देश गरेको मार्गमा विकासका क्रियाकलापहरुलाई कार्यान्वयन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न जनसहभागितामा आधारित दिगो र द्रूत विकासको लागि निम्नानुसारको ९ वटा प्राथमिकतामा आधारित नीति तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दै लगिनेछ ।

१. कृषिमा आधुनिकीकरण, व्यावसायिकीकरण तथा बजारीकरण

२. गुणस्तरीय तथा प्राविधिक शिक्षा र दक्ष जनशक्ति विकास

३. स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता

४. भौतिक पूर्वाधार, सडक सञ्जाल स्तरोन्नति तथा यातायात व्यवस्थापन

५. भू-उपयोग तथा भूमि व्यवस्थापन र संरक्षण

६. सूचना, प्रविधि, सञ्चार तथा सुशासन प्रबर्द्धन

७. कला संस्कृति, पर्यटन प्रबर्द्धन तथा उद्यम विकास

८. जलवायु परिवर्तन, वातावरणिय सन्तुलन तथा जल उत्पन्न प्रकोप नियन्त्रण

९. आन्तरिक राजश्व बृद्धि तथा वित्तीय सुशासन

### ३.२.६ दिगो विकास लक्ष्यहरुको स्थानीयकरण र भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य

यस योजनाले दिगो विकास लक्ष्य सन् २०३० लाई भिमाद नगरपालिकाको सन्दर्भमा स्थानीयकरण गरी नगरपालिकाको विकास कार्यक्रमहरुमा आत्मीकरण गरी यसका सूचकहरुलाई आधार मानेर स्थानीय तहको योजनामा आन्तरिकीकरण गरेको छ । यस प्रक्रियाले दिगो विकास लक्ष्यहरुले निर्दिष्ट गरे वमोजिम राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता हासिल गर्न सहयोगी भूमिका खेल्नेछ ।

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| **दिगो विकास लक्ष्य १ः हरेक क्षेत्रमा रहेका सबै स्वरुपको गरिबीको अन्त्य गर्ने** | | | |
| **लक्ष्य १.१** सन् २०३० सम्ममा प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका गरिबीको अन्त गर्ने | १. दैनिक १.२५ डलर भन्दा कम आम्दानी भएको जनसंख्या न्यूनिकरण गर्ने | १४ प्रतिशत | ७ प्रतिशतमा झार्ने |
| प्रतिव्यक्ति आम्दानी | १. प्रति व्यक्ति आय | १०४३ डलर | १५०० डलर |
| **लक्ष्य १.३** राष्ट्रिय रुपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली र न्यूनतम आधार लगायतका उपायहरु सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरिब र सङ्कटग्रस्त एवम् कमजोर अवस्थामा रहेका व्यक्तिहरुलाई उल्लेख्य रुपमा समावेश गरी सक्ने | १. सामाजिक सुरक्षण प्रणालीहरुद्वारा समेटिएका जनसंख्याको अनुपात | २७ | ५५ |
| | २. कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | १२ | १३ |
| | ३. रोजगारी प्राप्त गर्ने कुल व्यक्तिहरुमध्ये प्रतिदिन १.२५ डलर भन्दा कम प्राप्त गर्ने व्यक्तिहरु (प्रतिशत) | १६ | १० |
| **लक्ष्य १.४** सबै महिला तथा पुरुष विशेष गरेर गरीब र सङ्कटग्रस्त अवस्थामा रहेका महिला र पुरुषहरुको आर्थिक स्रोत साधनमा समान अधिकार सुनिश्चित गर्ने, यसका साथै आधारभूत सेवा सुविधाहरुमा पहुँच भूमिमाथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरुपका सम्पत्ति, उत्तराधिकार, पैतक सम्पत्ति, स्रोत साधन, उपयुक्त नयाँ प्रविधि तथा लघु वित्त लगायतका वित्तीय सेवामा उनीहरुको पहुँच सुनिश्चित गर्ने | १. ३० मिनेटको पैदल यात्रामा बजारको केन्द्रमा पहुँच भएका परिवारहरु (कुल जनसंख्याको प्रतिशत) | ५७ | ७५ |
| | २. औपचारिक वित्तीय सेवाहरुबाट समेटिएका परिवार (कुल परिवारको प्रतिशत) | ५० | ७० |
| | ३. आर्थिक दृष्टिकोणले जनसंख्याको तल्लो पञ्चम (Bottm Quintile) को उपभोगमा हिस्सा (प्रतिशत) | ७ | १० |
| | ४. महिलाहरुमा रहेको कुल सम्पत्तिको हिस्सा | २५ | ३३ |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| **लक्ष्य १.५** गरिब र सङ्कटग्रस्त अवस्थामा रहेका मानिसहरुको उत्थानशिलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घट्नाहरुका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरु र विपदको जोखिमहरु तथा कमजोरपनालाई कम गर्ने | राष्ट्रिय विपद जोखिम न्यूनिकरण रणनीतिहरु अनुरुप स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिहरु लागु गर्ने | | |
| **दिगो विकास लक्ष्य २ः भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने** | | | |
| **लक्ष्य २.१** सन् २०३० सम्म भोकमरी अन्त्य गर्ने र खास गरी शिशु लगायत गरिब र सङ्कटग्रस्त अवस्थाहरुमा रहेका व्यक्ति सहित सबै जनताको सुरक्षित पोषणयुक्त र पर्याप्त खानामा वर्षै भरी पहुँच सुनिश्चित गर्ने | १. कुल उपभोगको दुई तिहाईभन्दा बढी खानामा खर्च गर्ने जनसंख्या (प्रतिशत) | १५ | ८ |
| **लक्ष्य २.४** सन् २०३० सम्म दिगो खाद्यान्न उत्पादन प्रणाली पद्धतिहरु सुनिश्चित गर्ने, साथै उत्थानशील कृषि अभ्यासहरु जसले उत्पादकत्व र उत्पादन बृद्धि गर्दछन् जसले जलवायु परिवर्तन, विषम मौसम, सुख्खा, बाढी तथा अन्य विपदसँगको अनुकुलनको निम्ति क्षमता बढाउँदछन् र जमिन र माटोको गुणस्तर अग्रगामी रुपमा अभिबृद्धि गर्दछन्, त्यस्ता अभ्यासहरु कार्यान्वय गर्ने | १. कुल खेतीयोग्य भूमिमध्ये वर्षैंभरी सिंचाई सुविधा पुगेको भूमि (प्रतिशत) | ३० | ५० |
| | २. माटोमा जैविक पदार्थ (बाली लगाईएको भूमिको प्रतिशत) | २ | ३.५ |
| **दिगो विकास लक्ष्य ३ः सबै उमेर समूहका व्यक्तिका लागि स्वास्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने** | | | |
| | १. मातृमृत्यू दर घटाउने | २३९ | १०० |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| **लक्ष्य ३.१** सन् २०३० सम्ममा विश्वव्यापी मातृमृत्यू दर प्रत्येक १ लाख जीवित जन्ममा ७० भन्दा कम गर्ने | २. सुरक्षित सुत्केरी सुविधा उपलब्ध गराउने अनुपात | ६५ | ८० |
| **लक्ष्य ३.२** नवजात शिशु मृत्यूदर (प्रतिहजार जीवित जन्ममा) कम्तिमा १२ मा घटाउने र ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) कम्तिमा २५ मा ओराल्ने उद्देश्य भएकाले सन् २०३० सम्मा नवजात शिशु र ५ वर्ष मुनिका बालबालिकाको रोक्न सकिने मृत्यूको अन्त्य गर्ने | १. ५ वर्ष मुनिको बाल मृत्यूदर | २७ | २० |
| | २. नवजात शिशु मृत्यूदर | १५ | १२ |
| | | | |
| **लक्ष्य ३.४** सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्यूलाई रोकथाम र उपचारबाट एक तिहाई कम गर्नुको साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रबर्द्धन गर्ने (३० वर्ष देखि ७० वर्ष उमेर समूहका मानिसहरुमा दीर्घकालिन रोगहरुबाट हुने मृत्यु प्रति हजार जनसंख्यामा) | १. क्यान्सर | ०.६१ | ०.५२ |
| | २. मधुमेह | ०.२५ | ०.२१ |
| | ३. स्वासप्रश्वास सम्बन्धि दीर्घकालिन रोग (अस्थामा, दम) | ०.७३ | ०.६२ |
| **लक्ष्य ३.५** लागु पदार्थ तथा मादक पदार्थको प्रयोगको रोकथाम तथा उपचार | पुनर्स्थापना केन्द्रमा सेवा लिने लागु पदार्थ प्रयोगकर्ताको प्रतिशत | ५० | ६० |
| | २.मदिराको हानिकारक प्रयोग गर्ने (१५ वर्ष र सो भन्दा माथिका जनसंख्याको प्रतिशत, पुरुषको हकमा ६० ग्राम भन्दा माथि र महिलाको हकमा ४० ग्राम भन्दा माथि) | १.९ | १.८ |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| **लक्ष्य ३.६** सन् २०३० सम्म विश्वभर सडक यातायात दुर्घटेनाबाट हुने मृत्यू र घाईतेको संख्यालाई आधा घटाउने | सडक यातायात दुर्घट्नाबाट हुने मृत्यूदर | ९ | ७ |
| **लक्ष्य ३.८** स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरुको साथै सबैको लागि क्षमता अनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधि तथा खोपहरुको उपलब्धता बढाउने | १. संस्थागत सुत्केरी केन्द्रहरुमा बच्चाहरु जन्माईने प्रतिशत | ७० | ८० |
| | २. महिलाहरुले प्रोटोकल अनुसार नै पिएनसी मा सहभागी हुने प्रतिशत | ५० | ७५ |
| | २. शिशुहरुले ३ डोज हेपाटाईटिसको खोप प्रदान गर्ने प्रतिशत | ९० | ९६ |
| | ३. स्वास्थ्य विमा कार्यक्रममा जनताहरु सहभागी भएका हुने प्रतिशत | ३० | ७५ |
| **दिगो विकास लक्ष्य ४ः समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाईका अवसरहरु प्रबर्द्धन गर्ने** | | | |
| **लक्ष्य ४.१** सन्र २०३० सम्ममा सबै छात्रछात्रहरुलाई सान्दर्भिक साथै सिकाईका सकारात्मक उपलब्धि तिर डोऱ्याउनको लागि उनीहरुका निम्ति निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने | १. प्राथमिक विद्यालयमा खुद भर्नादर (प्रतिशत) | ९८ | ९९ |
| | २. प्राथमिक तह पूरा गर्ने दर (प्रतिशत) | ९० | ९५ |
| | ३. कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरुको प्रतिशत | ८० | ९५ |
| | ४. कक्षा ८ सम्म पुग्ने छात्रछात्रा अनुपात | १.०३ | १.०१ |
| | ५. माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) भर्नादर प्रतिशत | ७२ | ९५ |
| **लक्ष्य ४.३** सन् २०३० सम्ममा क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र | १. प्राविधिक र व्यावसायिक शिक्षामा छात्राहरुको भर्ना अनुपात | ०.६६ | ०.८४ |
| | २. माध्यमिक शिक्षापछिको शिक्षा (स्नातक तह) मा छात्राहरुको भर्ना अनुपात | ०.९१ | ०.९६ |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| उच्च शिक्षाको सबै महिला र पुरुषको समान पहुँचको सुनिश्चितता गर्ने | ३. छात्रबृत्ति (कुल विद्यार्थीहरुमा छात्रबृत्ति पाउने विद्यार्थीहरुको प्रतिशत) | ३८ | ४० |
| **दिगो विकास लक्ष्य ५ लैंगिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकाहरुलाई सशक्त बनाउने** | | | |
| **लक्ष्य ५.१** सबै महिला, किशोरी तथा बालबालिका बिरुद्ध हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्ने | १. समान कामका लागि ज्याला (महला र पुरुष बीचको समानतामूलक ज्यालाको अनुपात) | ०.७२ | ०.८७ |
| **लक्ष्य ५.३** सबै प्रकारका हानिकारक प्रचलनहरु अन्त्य गर्नु जस्तै बालविवाह, कम उमेर र जबरजस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने | १. विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरु प्रतिशत | १८ | ८ |
| **लक्ष्य ५.४** सार्वजनिक सेवाको प्रावधान, पूर्वाधार, सामाजिक सुरक्षा नीतिहरुको प्रबर्द्धन गर्ने, पारिश्रमिक विना गरिने हेरचाह र घरायसी कामलाई मान्यता दिने तथा घरेलु एवम् पारिवारिक कामको राष्ट्रिय प्रावधान अनुसार बाँडफाँड गर्ने | १. श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | ०.९५ | ०.९८ |
| | २. महिलाले घरायसी काममा खर्चेको औषत समय/घण्टा | ११ | ८ |
| **लक्ष्य ५.५** राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको सबै निर्णय तहहरुको नेतृत्वमा महिलाहरुको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरहरुको सुनिश्चितता गर्ने | १. सहकारी क्षेत्रमा महिलाहरुको सहभागिता (प्रतिशत) | ३३ | ५० |
| | २. व्यावसायिक र प्राविधिक कामदारहरुमा महिला-पुरुषको अनुपात | २८ | ३५ |
| **दिगो विकास लक्ष्य ६ः सबैका निम्ति पानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने** | | | |
| **लक्ष्य ६.१** सन् २०३० सम्म सबैको निम्ति सुरक्षित र व्यहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने | १. सुरक्षित खानेपानी प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | ३५ | ६५ |
| | २. पाईपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | ८० | ९५ |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| | ३. आधारभूत खानेपानी सेवामा पहुँच (प्रतिशत) | ९० | ९५ |
| **लक्ष्य ६.३** सन् २०३० सम्ममा प्रदुषण घटाउने, हानीकारक रसायन वस्तुको विसर्जन अन्त्य गर्ने र निष्काशन कार्यलाई न्यूनीकरण गर्ने, प्रशोधन नगरिएको फोहर पानीको हिस्सा आधा घटाउने र खेर गएका वस्तुको पुनः प्रयोगको लागि प्रशोधन गर्ने साथै सुरक्षित प्रयोग बढाएर खानेपानीको गुणस्तर सुधार गर्ने | १. ल्याण्डफिल साईट निर्धारण | ० | १ वटा |
| | २. फोहर प्रशोधन केन्द्रको स्थापना | ० | १ वटा |
| | ३. पालिकामा हानिकारक रसायन वस्तुहरुमा प्रतिवन्ध लगाउने | नीति छैन | नीति निर्माण गरी कार्यान्वयन भएको हुने |
| | ४. पालिकालाई प्लाष्टिक झोलामुक्त पालिका घोषणा गर्ने | नीति छैन | नीति निर्माण गरी कार्यान्वयन भएको हुने |
| **दिगो विकास लक्ष्य ७: व्यहोर्न सकिने भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने** | | | |
| सन् २०३० सम्ममा व्यहोर्न सकिने भरपर्दो र आधुनिक उर्जा सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने | विद्युतमा पहुँच भएका जनसंख्या अनुपात | ९९ प्रतिशत | १०० प्रतिशत घरधुरीमा |
| **दिगो विकास लक्ष्य ८: सबैका लागि स्थिर, समावेशी तथा दिगो आर्थिक बृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रबर्द्धन** | | | |
| **लक्ष्य ८.१** राष्ट्रिय परिस्थिति अनुरुप प्रतिव्यक्ति आर्थिक बृद्धिलाई कायम राख्ने र विशेष गरेर अति कम विकसित मुलुकमा कुल ग्राहस्थ उत्पादनको बृद्धिलाई कम्तिमा प्रतिवर्ष ७ प्रतिशतमा कायम राख्ने | पालिकामा योजना अवधिको पहिलो २ वर्षको बृद्धिदर | | ८ प्रतिशत |
| **लक्ष्य ८.२** उच्च मूल्य अभिबृद्धि र श्रममूलक क्षेत्रहरुमा केन्द्रित गर्दै विविधिकरण प्रविधिको स्तरोन्नति र नवप्रवर्तनको माध्यमबाट उच्चस्तरको आर्थिक उत्पादकत्व हासिल गर्ने | बाँकी अविधिको बृद्धिदर | | १० प्रतिशत |
| **लक्ष्य ८.३** उत्पादनशील गतिविधि, मर्यादित रोजगारी सिर्जना, उद्यमशिलता, सिर्जनशिलता र नवप्रवर्तनलाई | लिङ्ग अनुसार गैरकृषि रोजगारीमा अनौपचारिक रोजगारीको अनुपात | ५० | ३० |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| सहयोग गर्ने खालका विकासमुखी नीति प्रबर्द्धन गर्ने र वित्तीय सेवामा पहुँच लगायत लघु, साना र मझौला उद्यमको वैधानिकीकरण र बृद्धिलाई प्रोत्साहन गर्ने | | | |
| **लक्ष्य ८.६** सन् २०३० सम्ममा रोजगारी, शिक्षा वा तालिम नपाएका युवाहरुको अनुपात उल्लेख रुपमा घटाउने | युवा अर्धबेरोजगारी दर (प्रतिशत) (१५ देखि ५९ वर्ष उमेरका) | ३० | १५ |
| **लक्ष्य ८.७** निकृष्ट स्वरुपको बालश्रमको निषेध र अन्त्य गर्न बाध्यकारी श्रमको उन्मूलन गर्ने र सन् २०२५ सम्ममा बाल सैनिकको भर्ती र प्रयोग लगायतका सबै स्वरुपको बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरु अपनाउने | १. पालिकालाई बालश्रम मुक्त घोषणा गर्ने | ० | नीति निर्माण गरी कार्यान्वयन गर्ने |
| | २. बाल सैनिक निषेधित क्षेत्र घोषणा गर्ने | ० | नीति निर्माण गरी कार्यान्वयन गर्ने |
| **लक्ष्य ८.९** दिगो पर्यटन जसले रोजगारी सिर्जना गर्दछ र स्थानीय संस्कृति र उत्पादनलाई प्रबर्द्धन गर्दछ, नीति तर्जुमा गरी कार्यान्वयन गर्ने | १. पर्यटन प्रबर्द्धनलाई लक्षित गरी साँस्कृतिक संग्रहालयको स्थापना गर्ने | ० | १ |
| | २. पालिकाको विविधतालाई झल्काउने र सबै साँस्कृतिक प्रतिनिधित्व हुने गरी साँस्कृतिक समूहहरु निर्माण गरी प्रबर्द्धन गर्ने | ० | ९ वटा (प्रत्येक वडामा एक समूह) |
| | ३. योजनाबद्ध रुपमा पर्यटन प्रबर्द्धन गर्ने | ० | पर्यटन नीति र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने |
| | ४. नागरिक र पालिकाको साझेदारीमा पर्यटन उद्योग सञ्चालन गर्ने | ० | १ वटा |
| | ५. पार्क तथा मनोरञ्जन क्षेत्रहरुको स्थापना गर्ने | ० | ९ वटा |
| | १. १५ वर्ष माथिका सबै नागरिकहरुको बैंक खाता | ५० | ७५ |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| **लक्ष्य ८.१०** बैंकिङ्ग, विमा र वित्तीय सेवामा सबैको पहुँचमा प्रोत्साहन र विस्तार गर्नको लागि आन्तरिक वित्तीय संस्थाको क्षमता सुदृढ गर्ने | २. पालिकाको कारोवार बैक मार्फत सञ्चालन हुने | ९५ प्रतिशत | १०० प्रतिशत |
| | ३. व्यापार तथा व्यवसायको कारोवार बैंक मार्फत गर्ने | १० प्रतिशत | ५० प्रतिशत |
| | ४. बैंक तथा वित्तीय संस्थाहरुको उपलब्धता | १ वडामा | प्रत्येक वडामा |
| **दिगो विकास लक्ष्य ९ः उत्थानशील पूर्वाधार निर्माण, समावेशी तथा दिगो औद्योगिकीकरणको प्रबर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने** | | | |
| लक्ष्य ९.१ व्यहोर्न सकिने र सबैको लागि समानतामूलक पहुँचमा केन्द्रित रहेर आर्थिक विकास र मानव सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सिमापार संरचना लगायत गुणस्तरीय भरपर्दो, दिगो र उत्थानशील पूर्वाधारको विकास गर्ने | १. दुई कि.मि. हिंडेर १२ महिना सञ्चालन हुने सडकमा आइपुग्ने जनसंख्या प्रतिशत | ८५ | ९५ |
| | २. सडकको घनत्व (वर्ग कि.मि.) | ०.५ | ०.६ |
| लक्ष्य ९.२ समावेशी र दिगो रुपको औद्योगिक प्रबर्द्धन गर्न र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थिति अनुरुप रोजगारी र कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको हिस्सा उल्लेखनीय रुपमा बृद्धि गर्ने साथै अति कम विकसित मुलुकमा यसको हिस्सा दोब्बर पार्ने | नागरिकहरुको सहभागितामा वातावरण मैत्री उद्योगहरुको स्थापना | ० | ६ वटा |
| **लक्ष्य ९.३** आफ्नो क्षमता अनुसार व्यहोर्न सकिने ऋण र मूल्य ऋङ्खला एवं बजारमा तिनीहरुको एकिकरण लगायत वित्तीय सेवाहरुमा विशेष गरेर विकासशील देशहरुका सानास्तरका उद्यमहरुमा पहुँच बढाउने | १. उद्यम विकासको लागि क्षमता अभिबृद्धि गर्ने | | ९००० |
| | २. पालिकास्तरमा उद्यम विकास सूचना केन्द्रको स्थापना गर्ने | ० | १ वटा |
| | ३. लघु उद्यम विकास Model मा आधारित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने | ० | १००० लघु उद्यमी सृजना गर्ने |
| | १. नगरपालिकामा अनुसन्धान शाखा खोल्ने | ० | १ वटा |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| **लक्ष्य ९.५** सन् २०३० सम्ममा नव प्रवर्तनलाई प्रोत्साहन गर्ने, प्रति १० लाख जनसंख्यामा अनुसन्धान र विकास कामदारहरुको जनसंख्या ७५ प्रतिशतले बृद्धि गर्ने र सार्वजनिक, निजी अनुसन्धान र विकास खर्च बढाउने लगायतका वैज्ञानिक अनुसन्धानहरुलाई बढवा दिने, सबै देशहरु खास गरी विकासशील देशहरुको औद्योगिक क्षेत्रमा प्रविधिको स्तरोन्नति गर्ने | २. भिमाद नगरपालिका भित्र भएका कला, संस्कृति, मौलिक ज्ञान, प्रविधि सम्बन्धि अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्ने | ० | १ पटक |
| | ३. सबै टोलहरुमा मोबाईल नेटवर्क र ईन्टरनेट सुविधाको पहुँच सुनिश्चित गर्ने | मोवाईल सेवा भरपर्दो छैन र ईन्टरनेट सेवा आंशिक क्षेत्रमा | सबै टोलमा भरपर्दो मोबाईल तथा ईन्टरनेट सेवा उपलव्ध पुऱ्याउने |
| **दिगो विकास लक्ष्य १० देशभित्र तथा देशहरुबीचको असमानता घटाउने** | | | |
| **लक्ष्य १०.४** नीतिहरु विशेष गरेर वित्त, ज्याला र सामाजिक सुरक्षा नीति अंगीकार गर्ने र वृहत्तर समानता प्रगतिशिल रुपमा हासिल गर्ने | नीतिहरु निर्माण गरी कार्यान्वयन गर्ने | ० | वित्तीय नीति, समान ज्याला नीति र सामाजिक सुरक्षा नीति निर्माण वगरी कार्यान्वयन भएको हुने |
| **दिगो विकास लक्ष्य ११ शहरहरु एवं मानव वस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने** | | | |
| **लक्ष्य ११.१** सन् २०३० सम्ममा सबैलाई पर्याप्त, सुरक्षित र व्यहोर्न सक्ने आवास तथा आधारभूत सेवामा पहुँच सुनिश्चित गर्ने र अव्यवस्थित बस्तीको स्तरोन्नति गर्ने | खर/स्याउलाले छाएको कच्चि घरमा बस्ने परिवार प्रतिशत | ७ | १ |
| **लक्ष्य ११.२** सन् २०३० सम्ममा संकटग्रस्त अवस्थामा रहेका व्यक्ति, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र प्रौढको आवश्यकतालाई विशेष ध्यान दिंदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेषगरी सार्वजनिक यातायातको विस्तारद्वारा | १. यातायात व्यवस्थापन गर्ने | ० | टाईम कार्डको व्यवस्था गर्ने |
| | २. निश्चित मापदण्डका सवारी साधनलाई मात्रै सार्वजनिक यातायातको रुपमा प्रयोग गर्ने | ० | यातायात व्यवस्थापन नीति बनाई कार्यान्वयन भएको हुने |
| | ३. पालिकाको मुख्य सडक, मुख्य बजारका सडक र चक्रपथ कालोपत्रे गर्ने | १५ किलोमिटर | १५० किलोमिटर |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| सबैका लागि सुरक्षित व्यहोर्न सक्ने पहुँचयोग्य र दिगो यातायात प्रणालीमा पहुँच पुऱ्याउने | | | |
| **लक्ष्य ११.७** सन् २०३० सम्ममा विशेष गरेर महिला बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित तथा सार्वजनिक खुला स्थानमा सर्वसुलभ पहुँच प्रदान गर्ने | १. पार्क तथा उद्यानहरुको निर्माण गर्ने | ० | ९ वटा |
| | २. सार्वजनिक स्थलहरुमा बृक्षारोपण गर्ने | आंशिक | ९ वटा |
| | ३. विद्यालय, सरकारी तथा सडक किनारहरुमा बृक्षारोपण गर्ने | आंशिक | सबै विद्यालयहरु, सडक किनारहरु, सरकारी कार्यालयहरुमा बृक्षारोपण भएको हुने |
| **दिगो विकास लक्ष्य १२ दिगो उपभोग तथा उत्पादन प्रणाली वा ढाँचाहरु सुनिश्चित गर्ने** | | | |
| **लक्ष्य १२.१** विकासोन्मुख देशको विकासलाई दृष्टिगत गर्दै सबै देशले दिगो उपभोग र उत्पादन कार्यक्रमको १० वर्षे खाका कार्यान्वय गर्ने साथै यस कार्यमा विकसित देशले नेतृत्व लिने | १. पालिकाको १० वर्षे उत्पादन तथा उपभोग खाका तयार गरी लागु गर्ने | ० | खाका तयार भइ लागु भएको हुने |
| | २. घरधुरीले वार्षिक व्यावसायिक योजना तयार गरी सोही मुताविक कार्य गर्ने | ० | ५० प्रतिशत घरधुरी |
| **लक्ष्य १२.२** सन् २०३० सम्ममा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्दै कुशल उपयोग हासिल गर्ने | १. जलस्रोत तथा उर्जा व्यवस्थापन नीति निर्माण तथा कार्यावयन गर्ने | ० | नीति निर्माण भै कार्यान्वयन भएको हुने |
| | २. भू-उपयोग नीतिको निर्माण गरी कार्यान्वयन गर्ने | ० | भू-उपयोग नीतिको निर्माण भै कार्यान्वयन भएको हुने |
| **लक्ष्य १२.६** कम्पनिहरु विशेषगरी ठूला र वहुराष्ट्रिय कम्पनीलाई दिगो अभ्यास पद्धति अवलम्बन गर्ने र आफ्ना प्रतिवेदन चक्रमा दिगोपना सम्बन्धि सूचना समावेश गर्न प्रेरित गर्ने | १. पालिकामा सञ्चालित जलविद्युत आयोजनाहरुलाई सामाजिक उत्तरदायित्व बहन गर्ने नीति निर्माण गरी कार्यान्वयन गर्ने | ० | नीति तयार गरी कार्यान्वयन भएको हुने |
| **दिगो विकास लक्ष्य १३ जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने** | | | |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| **लक्ष्य १३.२** जलवायु परिवर्तनका उपायलाई राष्ट्रिय नीति, रणनीति र योजनामा एकिकृत गर्ने | १. पालिकाको जलवायु न्यूनिकरण तथा अनुकुलन योजना तयार बनाएर लागु गर्ने | नभएको | योजना लागु भएको हुने |
| | २. जलवायु अनुकुलन स्मार्ट नगरको रुपमा विकास गर्न नीति तथा कार्यक्रमहरु तयार गरी लागु गर्ने | नभएको | नीति तथा कार्यक्रम कार्यान्वयन भएको हुने |
| | ३. जलवायु स्मार्ट खेती प्रणाली विकास गर्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी लागु गर्ने | नभएको | नीति तर्जुमा भै कार्यान्वयन भएको हुने |
| **लक्ष्य १३.३** जलवायु परिवर्तनलाई कम गर्न, असर घटाउन र पूर्व सावधानी गराउन शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने | १. पालिकास्तरीय पाठ्यपुस्तक तयार गरी लागु गर्ने | नभएको | आधारभूत विद्यालयस्तर देखि |
| | २. जनचेतनाका कामहरुलाई नियमित रुपमा सञ्चालन गर्ने | नभएको | प्रत्येक वडामा |
| | ३. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन समूहरु गठन गरी सबलीकरण गर्ने | ० | प्रत्येक वडामा |
| **दिगो विकास लक्ष्य १५ भुसतही, भूपरिधिस्तरीय, परिस्थितिय प्रणालीको दिगो उपयोग, रक्षा र पुनर्स्थापना गर्ने, वनको दिगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमिकारण बिरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने** | | | |
| **लक्ष्य १५.२** सन् २०३० सम्म सबै प्रकारका वनको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने वन फडानी रोक्ने, ह्रास भएको वनको पुनर्स्थापना गर्ने साथै बृक्षारोपण र विनास भएको वनमा पुनः रुख बिरुवा लगाउने | १. सामुदायिक वनको दिगो व्यवस्थापन | ० | सबै सामुदायिक वन्हरु |
| | २. कबुलियती वनको दिगो व्यवस्थापन | ० | सबै कबुलियती वन |
| | ३. निजी तथा पारिवारिक वनको दिगो व्यवस्थापन | ० | सबै निजी तथा पारिवारिक वनहरु |
| | ४. हाईटेक नर्सरी स्थापना गर्ने | ० | ३ वटा |
| **लक्ष्य १५.९** पारिस्थितिकीय प्रणालीहरु र जैविक विविधताका मूल्य मान्यताहरुलाई सन् २०२० सम्ममा राष्ट्रिय र स्थानीय योजना, विकास प्रक्रियाहरु, | पालिकाको परिस्थितिकीय प्रणाली र जैविक विविधतालाई समेटेर प्रोफाईल तयार गर्ने | ० | प्रोफाईल तयार भएको हुने |

| राष्ट्रिय लक्ष्य | दिगो विकास लक्ष्यको खण्डिकरण | भिमाद नगरपालिकाको परिमाणात्मक लक्ष्य | |
|---|---|---|---|
| | | आधार वर्ष २०७६ | वि.सं. २०८१ सम्मको लक्ष्य |
| गरिबी न्यूनीकरण रणनीतिहरु र लेखाहरुमा एकिकृत गरि सक्ने | | | |
| **दिगी विकास लक्ष्य १६ः दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी जवाफदेही र समावेशी संस्था निर्माण गर्ने** | | | |
| **लक्ष्य १६.१** सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्यूदर उल्लेख्य रुपमा कम गर्ने | पालिकालाई हिंसामुक्त पालिकाको रुपमा विकास गर्न घरधुरी स्तरीय प्रतिबद्धता पत्र वडा कार्यालयमा पेश गर्न लगाउने | ० | ९५ प्रतिशत घरधुरीले हिंसा नगर्ने प्रतिवद्धता पत्र वार्षिक रुपमा पालिकामा पेश गरेका हुनेछन् |
| **लक्ष्य १६.२** बालबालिका माथिको दुर्व्यवहार शोषण बेचबिखन र यीनीहरु विरुद्धका सबै प्रकारका हिंसा र शारीरिक मानसिक यातनाको अन्त्य गर्ने | पालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गरी घोषणा गर्ने | ० | घोषणा पत्र हुने |
| **लक्ष्य १६.६** सबै तहमा प्रभावकारी र पारदर्शी विकास गर्ने | १. नगरपालिका, वडा कार्यालय र सबै खाले कार्यालयहरुमा नागरिक वडापत्र अनिवार्य राख्ने | भएको | पालिका तथा सबै वडामा विद्युतीय नागरिक वडापत्र भएको हुने |
| | २. सबै कार्यालयहरुमा सहायता कक्ष अनिवार्य रुपमा राख्ने | ० | सहायता कक्षको व्यवस्था गरी कार्यान्वयन भएको हुने |
| | ३. पालिकाभित्रका सबै सरकारी निकाय, गैरसरकारी विद्यालयहरु सबैले मासिक प्रगति प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा अनिवार्य बुझाउने व्यवस्था मिलाउने | ० | पालिकामा प्रगति प्रतिवेदनहरु प्राप्त भएको हुने |
| **लक्ष्य १६.१०** राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौता अनुरुप सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्न र मौलिक स्वतन्त्रताको रक्षा गर्ने | पालिकाका गतिविधिहरु मासिक रुपमा सामुदायिक रेडियो र वेभसाईट मार्फत जानकारी गराउने | ० | रेडियो तथा वेभसाईटको अभिलेखहरु |

### ३.२.७ भिमाद नगरपालिकाको विकास रणनीति

### ३.२.७.१ कृषि तथा पशुपालनको आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण

१. पालिकाबासीहरुको सीप र दक्षता अभिबृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको आमुल रुपान्तरण गर्न कृषिको व्यावसायिकरण, यान्त्रिकिकरण, सूचना तथा प्रविधिको उपयोग गरेर उद्योगधन्दा विकास तथा बजारीकरण गर्ने

२. कृषि भूमिको संरक्षण एवं समुचित उपयोग गरी बाँझो तथा गैर कृषि प्रयोजनलाई निरुत्साहित गर्ने

३. सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गर्ने

४. कृषि तथा पशु विमा कार्यक्रमहरु लागु गर्ने

५. कृषि सूचना प्रणाली विकास गर्ने

६. व्यावसायिक पशुपालन तथा खेती प्रणालीको विकास गर्ने

७. व्यवसायिक रुपमा प्राङ्गारिक खेतीको प्रबर्द्धन गर्ने

८. समुदायमा आधारित भएर प्राङ्गारिक खेती गर्ने

९. कृषि बजार सङ्कलन केन्द्र तथा बजार केन्द्रको स्थापना गर्ने

१०.साना तथा मझौला सिंचाई प्रबर्द्धन गर्ने

११.प्रत्येक परिवारको बाली उत्पादन योजना तयार गरी चैत्र मसान्त भित्र वडा कार्यालयमा पेश गर्ने र सोही मुताविक उत्पादन गर्न अभिप्रेरित गर्ने

१२. व्यावसायिक किसानहरुलाई परिचयपत्रको व्यवस्था गर्ने

१३. गोठ तथा खोर सुधार कार्यक्रम सञ्चालन गर्ने

१४. सेवा केन्द्र तथा आपूर्ति केन्द्रहरुको स्थापना तथा प्रबर्द्धन गर्दै जाने

### ३.२.७.२ गुणस्तरीय तथा प्राविधिक शिक्षा र दक्ष जनशक्ति विकास

१. पालिकाभित्रका विद्यालयहरु प्रविधि मैत्री बनाउने

२. नयाँ विद्यालयहरुको समावेशी पूर्वाधारहरु (संरचनाहरु) बनाउने र अहिले सञ्चालनमा भएका तर समावेशी नभएका संरचनाहरुलाई समावेशी खालको बनाउँदै जाने

३. विद्यालय उमेरका सबै बालबालिकाहरुको लागि सहज गुणस्तरीय शिक्षा उपलब्ध गाराउने

४. इच्छुक विद्यार्थीहरुको लागि प्राविधिक शिक्षाको उपलब्धता गराउने

५. प्रत्येक विद्यार्थीले वर्षमा दुईपटक अनिवार्य रुपमा नजिकमा रहेका स्वास्थ्य संस्थामा जाँच गराउने कुरालाई सुनिश्चित गर्ने

६. नेपाल सरकारले भने अनुसारको निःशुल्क पाठ्यपुस्तकहरुको आपूर्ति नियमित रुपमा गर्ने

७. सम्पन्नता स्तरीकरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सामाजिक आदि सूचकहरु) गरेर सम्पन्नताको आधारमा विपन्न, दलित परिवारका सदस्यहरुलाई प्राविधिक शिक्षा, स्वास्थ्य उपचार र उद्यम सञ्चालनमा विशेष सहुलियत दिने

८. विद्यालय उमेरका शतप्रतिशत वालवालिकाहरुलाई विद्यालय भर्ना गर्ने र भर्ना भएका सबै विद्यार्थीहरुलाई विद्यालय शिक्षा सम्पन्न गर्न अभिप्रेरित गर्ने

९. समुदायको वौद्धिकरण गर्न सीमान्तकृत समुदायका घर परिवारका सदस्यहरुलाई स्नातकस्तरको शिक्षा आर्जन गर्न विशेष सहुलियत प्रदान गर्ने

१०.स्थानीयस्तरका विशेषता तथा सूचना, कला, संस्कृति बुझाउने गरी पाठ्यक्रम तयार गरी लागु गर्ने

११.विद्यार्थीहरु र समुदायको सम्बन्ध सुदृढ गर्न सामुदायिक सेवाहरुमा विद्यार्थीहरु तथा शिक्षकहरुको भूमिकालाई प्रबर्द्धन गर्ने

१२.सामुदायिक समस्याहरु समाधान गर्न विद्यार्थीहरु तथा शिक्षकहरुलाई सहभागी गराउने

१३.सिकाईलाई जीवनपयोगी बनाउन विद्यार्थीहरुलाई व्यावहारिक ज्ञान तथा सीप प्रदान गर्न समुदायलाई सिकाई केन्द्रको रुपमा विकास गर्ने

१४. पालिकाभित्र विज्ञान तथा प्रविधिको विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विज्ञान तथा प्रविधि सम्मेलन गर्ने

**३.२.७.३ स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्ने**

१. पालिकाभित्रका अस्पताल तथा स्वास्थ्य केन्द्रहरुलाई प्रविधि तथा उपभोक्तामैत्री बनाउने

२. नयाँ स्वास्थ्य संस्थाहरुमा समावेशी पूर्वाधारहरु बनाउने र विद्यमान संरचनाहरुलाई पनि समावेशी बनाउँदै लैजाने

३. सबै नागरिकहरुका लागि सहज गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने

४. प्रत्येक नागरिकले वर्षमा एक पटक अनिवार्य रुपमा नजिकमा रहेको स्वास्थ्य संस्थामा जाँच गरउने कुरालाई सुनिश्चित गरिनेछ र सबै नागरिकहरुको स्वास्थ्य प्रोफाईल तयार गर्ने

५. सबै नागरिकको स्वास्थ्य विमा गर्ने

६. विद्यालय भर्नामा खोप कार्ड अनिवार्य गर्ने

७. नेपाल सरकारबाट निर्धारित निःशुल्क औषधीहरुको आपूर्ति नियमित रुपमा गर्ने

८. पोषणयुक्त वस्तुहरुको उत्पादनको लागि प्रोत्साहित गर्ने

९. खाद्य सुरक्षा सम्बन्धि नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने

१०. औषधी तथा उपचार पद्धतिका स्थानीय प्रविधिहरुलाई प्रबर्द्धन गर्ने

११. आयुर्वेद तथा योग अभ्यासलाई प्रबर्द्धन गर्ने

**३.२.७.४ भू-उपयोग तथा भूमि व्यवस्थापन र संरक्षण**

१. पालिकाको भू-उपयोग नीति निर्माण गरी लागु गर्ने

२. राष्ट्रिय भू-उपयोग नीतिको अधिनमा रही उपलब्ध भूमिको सदुपयोग गर्दै एकिकृत बस्ती, खेल परिसर, आवास, शहरीकरण, पूर्वाधार विकास गर्ने

३. बासोबासका दृष्टिकोणले पालिकाभित्रका सुरक्षित र जोखिमयुक्त ठाउँहरुको नक्शाङ्कन गर्ने

४. जमिनको लगत विद्युतीय प्रणालीमा राखी भूमि व्यवस्थापनलाई पारदर्शी बनाउने

५. सडक तथा सार्वजनिक स्थानमा प्रयोग भएको र भू क्षयका कारण नष्ट भएको जमिनको लगत कट्टा गर्ने

६. भूमिहिन सुकुम्बासी जनसंख्या पहिचान गरी सो अवस्थाका नागरिकका समस्याहरु समाधान गर्ने

**३.२.७.५ सूचना, प्रविधि, सञ्चार तथा सुशासन प्रबर्द्धन**

१. पालिकाका सबै लगत तथा अभिलेखहरु विद्युतीय प्रणालीमा राख्ने

२. निश्चित रकम भन्दा माथिका बोलपत्र आह्वान गर्दा विद्युतीय आवेदन माग गर्ने

३. निश्चित रकम भन्दा माथिको आर्थिक कारोबार बैंक मार्फत गर्ने

४. सबै वस्तीहरुमा टेलिफोन, ईन्टरनेट सेवा उपलब्ध गराउने

५. पालिकाका सबै क्रियाकलापहरु प्रक्रियाबद्ध रुपमा सम्पन्न गर्ने र नियमित रुपमा सार्वजनिक गर्ने

६. विद्युतीय सुशासनलाई प्रबर्द्धन गर्ने

७. सूचना तथा प्रविधिको सदुपयोग गर्न नागरिकहरुको क्षमता अभिबृद्धि गर्ने

८. युवाहरुलाई सूचना तथा प्रविधिको सदुपयोग गरी नयाँ सफ्टवेयर तथा प्रविधि विकास गर्न प्रोत्साहित गर्ने

**३.२.७.६ साहित्य, कला, संस्कृति, पर्यटन प्रबर्द्धन तथा उद्यम विकास**

१. पालिकाभित्रका सबै भाषाभाषीहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने

२. कला, संस्कृति, साहित्य, भाषा, धर्म तथा सांस्कृतिक धरोहरहरुको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न नेतृत्वदायी भूमिका खेल्ने

३. पालिकालाई पर्यटन केन्द्रको रुपमा विकास गर्ने पर्यटन नीति तथा आचार संहिता तर्जुमा गरी कार्यान्वयन गर्ने

४. पालिकाभित्र भईरहेका पर्यटकीय गन्तव्यहरुको सुदृढिकरण गर्दै नयाँ नयाँ गन्तव्यहरु विकास गर्दै लैजाने

५. पालिकाको विस्तृत पर्यटन परियोजना प्रस्ताव तयार गरी गण्डकी प्रदेशको विशेष पर्यटकीय स्थलको रुपमा विकास गर्ने

६. घरबस्तीको सौन्दर्यकरण गर्ने, बाटोको दायाँबायाँ बृक्षारोपण, खोलाको किनारामा बाँस एवं बृक्षारोपण, व्यवस्थित सार्वजनिक शौचालयको व्यवस्था गर्ने

७. उद्यम तथा उद्यमशीलता विकासको लागि आवश्यक नीति तथा स्रोतको व्यवस्था गर्ने वातावरण निर्माण गर्ने

८. पालिकाभित्रका कला, साहित्य तथा संस्कृतिको प्रबर्द्धन गरी व्यावसायिक विकासको लागि समूहहरु गठन गरी परिचालन गर्ने

**३.२.७.७ वन व्यवस्थापन, वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरण**

१. वनको उत्पादकत्व बृद्धि गर्न र सामुदायिक वनहरु, कवुलियती वन, निजी तथा पारिवारिक वनहरुको दिगो व्यवस्थापन गर्ने

२. जलाधार संरक्षण, जैविक विविधताको प्रबर्द्धन तथा पर्यापर्यटन विकासको लागि जनसहभागितामा आधारित संरक्षण कार्यक्रमहरु लागु गर्ने

३. राष्ट्रिय, सामुदायिक, पारिवारिक तथा कबुलियती वनहरुको दिगो व्यवस्थापन गरी पर्यापर्टन क्षेत्रको रुपमा प्रबर्द्धन गर्ने

४. वनको उत्पादकत्व बृद्धि गरी वन पैदावारमा आत्मनिर्भर हुँदै पालिका र नागरिकको सहभागितामा वनमा आधारित उद्योगहरु सञ्चालन गर्ने

५. जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने

६. विरुवा उत्पादन गरी सडक किनारा, र सार्वजनिक स्थलहरुमा बृक्षारोपण गर्ने

७. पालिकाको जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरण योजना निर्माण गरी कार्यान्वयन गर्ने

८. वनमा आधारित उद्यम विकासको आधारशिला तयार गर्ने

**३.२.७.८ आन्तरिक राजश्व बृद्धि, वित्तीय सुशासन तथा पूंजि निर्माण**

१. कर तथा वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने

२. योजना अवधिको पहिलो ५ वर्षमा पालिकाभित्र सकारात्मक प्रभाव पार्ने उद्योग, होटल व्यवसाय आदि सञ्चालन गरी पालिकाभित्रका न्यूनतम १० जनालाई नियमित रोजगारी दिने रोजगारदाताहरुलाई करमा सहुलियत दिने र ५० जना भन्दा बढी रोजगारी दिने रोजगारदाताहरुलाई विशेष सहुलियत प्रदान गर्ने

३. योजना अवधिको २ वर्ष भित्र प्रत्येक व्यक्ति कुनै न कुनै सहकारीको सदस्य भएको हुनु पर्ने र नाबालकको हकमा माता, पिता वा दाजु, भाउजु वा दिदी संरक्षक रहन सक्ने व्यवस्था गर्ने

४. योजना अवधिको २ वर्षभित्रमा प्रत्येक घरधुरीको अनिवार्य बैंक तथा सहकारीमा आबद्ध गरी उत्पादन बिक्रि, रोजगारी आदिको कारोवार बैंक तथा वित्तीय संस्था मार्फत गर्नुपर्ने नीति निर्माण गर्ने

५. योजना अवधिमा स्थानीय स्रोत तथा साधनमा आधारित सबै घरधुरीको अनिवार्य सहभागिता रहने गरी मझौला र ठूला उद्योगहरुको स्थापना गरी आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गर्ने

६. करको दायरालाई फराकिलो बनाईनेछ र कर तिर्न प्रोत्साहित गर्ने

७. सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने

८. पालिका र नागरिकको सहकार्यमा व्यावसायिक पब्लिक लिमिटेड कम्पनीहरु सञ्चालन गर्ने

९. हरेक घरपरिवारलाई पारिवारिक वार्षिक व्यावसायिक योजना तयार गरी प्रत्येक वर्ष चैत्र मसान्त भित्र वडा कार्यालयमा पेश गर्न प्रोत्साहित गर्ने र व्यावसायिक योजना मुताविक उत्पादित वस्तुहरुको बजारीकरणलाई सुनिश्चित गर्ने

१०. वार्षिक योजना मुताविक लक्ष्य भन्दा बढी कृषि, पशु तथा औद्योगिक उत्पादन तथा बिक्री गरेर आय बृद्धि गर्ने घरपरिवारलाई विशेष रुपमा सम्मान गर्ने

### ३.२.७.९ भौतिक पूर्वाधार, यातायात व्यवस्थापन तथा सडक सञ्जाल स्तरोन्नतिकरण

१. पालिकाको भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागु गर्ने, सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरु समावेशी बनाउने

२. पालिकाले निर्माण गर्ने सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरु उपभोक्ता समूह वा समुदायमा आधारित समूह वा निर्माण व्यवसायी वा संस्थाहरु मार्फत गर्ने

३. सबै प्रकारका भौतिक पूर्वाधारहरुको योजना तर्जुमा प्रक्रिया देखि सम्पन्न भएर हस्तान्तरण प्रक्रियासम्म सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता प्रक्रियाहरु मार्फत अनुगमन तथा मूल्याङ्कन गर्ने

४. निजी, सार्वजनिक तथा सरकारी साझेदारी अवधारणा अनुसार परियोजना निर्माण तथा सञ्चालन गर्ने

५. पालिकाका सबै वडाहरुलाई चक्रपथ मार्फत जोडेर कृषि तथा लिङ्करोडका सञ्जालद्वारा सबै बस्तीहरुलाई जोडिनेछ र सडकलाई स्तरोन्नति गर्दै लैजाने

६. यातायात सेवालाई व्यवस्थित र भरपर्दो बनाउन नियमित अनुगमन गर्ने

## ३.२.८ समष्टिगत आर्थिक लक्ष्य र खाका

### ३.२.८.१ आर्थिक बृद्धिदर

भिमाद नगरपालिकाले विगतमा २ वटा वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट मार्फत विकासका आधारशिला तयार गरेको छ । आ.व. २०७५/०७६ लाई आधारवर्ष मानी यस योजनाको पहिलो वर्ष ८ प्रतिशत र बाँकी योजना अवधिभर १० प्रतिशत आर्थिक बृद्धि हुने लक्ष्य राखिएको छ । विशेषतः यहाँको मुख्य आम्दानी कृषि क्षेत्र, वैदेशिक रोजगार रहेका छन् भने वन पैदावार, पर्यटन, उद्योग, जलविद्युत संभावित क्षेत्रहरु हुन् । आर्थिक वर्ष २०७६/०७७ देखि पालिका र नागरिकको सहकार्यमा पब्लिक लिमिटेड उद्योगहरु स्थापना गरिनेछ ।

### ३.२.८.२ लगानीको आवश्यकता र स्रोत

यस योजना अवधिमा यस योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरु सञ्चालन गर्न कुल रु. ५,२८,८३,७५,००० खर्च हुने अनुमान गरिएको छ । तत्काल ठूला परियोजनामा लगानी गर्दा प्रतिफल प्राप्त गर्न समय लाग्ने हुँदा तुरुन्त उत्पादन दिने क्षेत्रमा लगानी केन्द्रित गर्नु पर्दछ भने ठूला भौतिक पूर्वाधारका क्षेत्रहरुमा संघीय सरकार र प्रदेश सरकारसँग पनि सहकार्य गरिनेछ । विषयगत लगानी बाँडफाँड गर्दा कृषि, उद्योग, शिक्षा, भौतिक पूर्वाधार, स्वास्थ्य क्षेत्रमा लगानी उल्लेख्य बृद्धि हुनेछ ।

### ३.२.८.३ सार्वजनिक स्रोत व्यवस्थापन

सहकारी, गैरसरकारी, निजी क्षेत्रहरुलाई लगानीमैत्री वातावरण निर्माण गर्न र आधारभूत सेवा प्रवाह गर्न पालिकाको महत्वूर्ण भूमिका हुन्छ । उत्पादनको क्षेत्रमा योगदान गर्न सहकारी, गैरसरकारी र निजीक्षेत्रलाई लगानी गर्नको लागि उपयुक्त वातावरण निर्माण गरिनेछ ।

### ३.२.८.४ अन्तर सरकारी वित्त

यस योजनाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरु सञ्चालनको लागि स्थानीय स्रोतबाट मात्र सम्भव छैन । यसका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ वमोजिम संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, राजश्व बाँडफाँड, समपुरक, विशेष र सशर्त अनुदानबाट प्राप्त बजेटहरुको प्राथमिकताका आधारमा अधिकतम प्रतिफल आउने गरी उपयोग गरिनेछ । यही स्रोत यस आवधिक योजनाको बजेटको मुख्य स्रोत हुनेछ । साथै ठूला लगानीका परियोजनाहरु संघीय तथा प्रदेश सरकारबाटै कार्यान्वयन हुने गरी पहल गरिनेछ ।

### ३.२.८.५ स्रोत साधनहरुको बाँडफाँड तथा परिचालनका आधारहरु

सार्वजनिक, सहकारी, निजी र गैरसरकारी क्षेत्रको सहभागितालाई पालिकाको सोंच, लक्ष्य र उद्देश्यहरु प्राप्ति गर्नको लागि एक अर्काको परिपूरकको रुपमा काम गर्ने वातावरण निर्माण गरिनेछ । पालिकाको लगानीलाई संवैधानिक तथा कानूनी दायित्वहरु पूरा गर्ने, आर्थिक बृद्धि हासिल गर्न आवश्यक भौतिक पूर्वाधार तथा सामाजिक विकास तर्फ केन्द्रित गरिएको छ । पालिका क्षेत्रमा लगानी मैत्री एवं व्यावसायिक वातावरण तयार गरी

लगानीलाई उद्योग सञ्चालन, रोजगार सिर्जना तथा आर्थिक विकास तर्फ अभिप्रेरित गरिनेछ । सहकारीहरुलाई कृषि, पशु, बजारीकरण जस्ता क्षेत्रमा लगानी गरी आय उत्पादन बृद्धि तथा आय आर्जन र रोजगार बृद्धिका क्षेत्रमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।

**बजेट विनियोजनका आधारहरु**

१. नागरिकका मौलिक हक प्राप्तिमा सहयोग पुग्ने क्षेत्रहरु

२. आर्थिक विकासका लागि सहयोग पुग्ने भौतिक पूर्वाधार निर्माणका परियोजना क्षेत्रहरु

३. उत्पादन बृद्धि हुने क्षेत्रहरु

४. नागरिकहरुको सीप तथा दक्षता अभिबृद्धि गर्ने क्षेत्रहरु

५. सुशासन तथा सामाजिक विकासका क्षेत्रहरु

६. पुनःनिर्माण र भौतिक निर्माणका क्षेत्रहरु

७. वातावरणीय सन्तुलन तथा दिगो विकास लक्ष्य प्राप्तिका क्षेत्रहरु

८. संघ तथा प्रदेशका योजनाहरुसँग सहकार्य हुने क्षेत्रहरु

### ३.२.८.६ प्रस्तावित लगानीबाट समष्टिगत अर्थतन्त्रमा पार्ने प्रभाव

भिमाद नगरपालिकाको स्थापना पश्चात स्थानीयस्तरका आर्थिक गतिविधिहरुलाई प्रबर्द्धन गर्न नीतिगत तथा संरचनागत प्रयासहरु भईरहेका छन् । स्थानीयस्तरमा गरिएका आर्थिक तथा भौतिक विकासका कार्यक्रमहरुले आय आर्जन तथा रोजगारी सिर्जनाका आधारहरु निर्माण भएका छन् । यस योजनाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरुले सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुलाई आयमूलक तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित हुनेछ । यस योजनाले कृषि क्षेत्रको उत्पादकत्व बृद्धि, उद्योग स्थापना तथा सञ्चालन, पशुपालनमा प्रोत्साहन, वन व्यवस्थापनद्वारा वनको उत्पादकत्वको बृद्धि, सीप विकास कार्यक्रमहरुद्वारा जनताको क्षमता अभिबृद्धि, पर्यटन प्रबर्द्धन, भौतिक पूर्वाधारहरुको निर्माण, शैक्षिक गुणस्तरमा सुधार, विभेद अन्त्य जस्ता वातावरणहरु निर्माण हुनेछन् । यो योजना अवधिमा चालु खर्चमा मितव्ययिता कायम गर्ने र

पूंजिगत खर्च, पूंजि निर्माण र आर्थिक बृद्धि हासिल गर्न केन्द्रित हुनेछ । राजश्व प्रशासनमा सुधार, पूंजिगत खर्च क्षमताको अभिबृद्धि, आय आर्जन तथा रोजगारी सिर्जनाले पालिकाको आत्मनिर्भर अर्थतन्त्र निर्माणका आधार सिर्जना गर्नेछ ।

## परिच्छेद ४

## समष्टिगत आर्थिक नीति

पालिकाको कुल गार्हस्थ बचत बृद्धि हुँदा पूंजि निर्माणको लागि वातावरण तयार भई समृद्ध पालिकाको आधारशिला तयार हुन्छ र आर्थिक विकासले गति लिन्छ । उत्पादनमा बृद्धि, नयाँ प्रविधिको आविष्कार र विकास, रोजगारीको सिर्जना, बजारयोग्य वस्तुहरुको उत्पादन र बिक्री, नागरिकहरुको बीचमा सहभागिता र वित्तीय संस्थाहरुको उपलब्धता, पालिकाको बजेटको सदुपयोग र निजी क्षेत्रको लागि लगानी मैत्री वातावरण निर्माणले पूंजि निर्माणको आधार तयार हुन्छ ।

### ४.१ सार्वजनिक वित्त

#### ४.१.१ सार्वजनिक खर्च

पालिकाले गर्ने सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेहीपूर्ण, विश्वसनीय र औचित्यपूर्ण बनाईनेछ । चालु खर्चको तुलनामा पूंजिगत खर्चलाई बृद्धि गरिनेछ । सूचना प्रणालीको प्रयोग गरी बजेटलाई नतिजामूलक बनाईनेछ र विकास आयोजनाहरुलाई प्राथमिकीकरणको आधारमा मात्रै बजेट विनियोजन गरेर आर्थिक तथा सामाजिक विकास, भौतिक पूर्वाधार निर्माण, वातावरणीय सन्तुलन तथा दिगो विकास लक्ष्यहरु हासिल गर्न योगदान पुग्ने गरी विनियोजन गरिनेछ ।

**सोंच**

*"सार्वजनिक वित्तको समुचित सदुपयोग गरी पालिकाभित्र नागरिकका मौलिक हकहरुको सुचिश्चतता गरी सुशासन कायम गर्ने"*

**लक्ष्य**

*"सामाजिक न्याय सहितको उत्पादनमूलक क्षेत्रहरुको बृद्धि हुने गरी पारदर्शी र न्यायोचित रुपमा सार्वजनिक वित्त परिचालन गर्ने"*

**उद्देश्य**

*"सार्वजनिक वित्तको सदुपयोग मार्फत सबै क्षेत्रहरुमा सकारात्मक परिणाम प्राप्त गरेर सुशासन, जवाफदेहिता र सामाजिक न्याय सहितको आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न पालिकाको क्षमता अभिबृद्धि गर्ने"*

**रणनीति**

१. मौलिक हक, भौतिक, सामाजिक तथा साँस्कृतिक सुरक्षा सुनिश्चितता गर्ने

२. विकास प्राथमिकताको आधारमा सार्वजनिक खर्चलाई विनियोजन गर्ने

३. पारदर्शिता, सुशासन र जवाफदेहितालाई प्रबर्द्धन गर्ने

### ४.१.२ नगरपालिकाको आर्थिक कार्यनीति

१. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानहरुको प्राथमिकताको आधारमा लगानी गर्ने

२. पर्यटन विकास, भौतिक पूर्वाधार, जनशक्ति विकास, सामाजिक विकास, प्राकृतिक स्रोत र साधनको व्यवस्थापन, पूंजि निर्माण, प्रविधि र सुशासन प्रबर्द्धनको लागि समुदायमा आधारित सङ्गठनहरु, सहकारी संस्थाहरु, पब्लिक लिमिटेड कम्पनीहरु, गैर सरकारी क्षेत्र तथा निजी क्षेत्रसँग सहकार्य गर्ने

३. सबै नागरिकले अनिवार्य रुपमा सहकारीको सदस्यता लिएर मासिक रुपमा न्यूनतम बचत गर्न उत्प्रेरित गर्ने र बचत रकमलाई उत्पादनमूलक काममा लगानी गर्न प्रोत्साहित गर्ने

४. सबै नागरिकहरुलाई चेकबाट भुक्तानी र वित्तीय संस्थामा खाता खोल्न अभिप्रेरित गर्ने

५. सबै नागरिकहरुको बचत र सहकारी शिक्षाको व्यवस्था गर्ने

६. वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको लागि लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने

७. सहकारीहरुलाई सबै वडामा बैंकिङ्ग कारोबार गर्न उत्प्रेरित गर्ने

८. सहकारी तथा पब्लिक कम्पनीहरु मार्फत सामुदायिक उद्यमशीलता स्थापना तथा प्रबर्द्धन गर्न उत्प्रेरित गर्ने

९. पालिकामा कार्यरत निजी व्यावसायिक कम्पनीहरुलाई व्यावसायिक सामाजिक उत्तरदायित्व बहन गर्नको लागि उत्तरदायी बनाउँदै उपलब्ध स्रोतलाई विकास प्राथमिकताको आधारमा सदुपयोग गर्ने

### ४.१.३ राजश्व

भिमाद नगरपालिकाको आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न संविधान तथा कानूनहरुको परिधिभित्र रहेर पालिकाको आन्तरिक स्रोतहरुको पहिचान र परिचालन गरी राजश्वका दायराहरु फराकिलो बनाउँदै वित्त संरचनालाई सुदृढ बनाउन पालिकाको आर्थिक नीति तयार गरी लागु गरिनेछ । विगतका वर्षहरुमा बजेट तर्जुमा गर्दा प्रक्षेपण गरिएको आम्दानीको आधारमा वार्षिक करीब १० प्रतिशत बृद्धिको अनुमान गरेर आगामी ५ वर्षको लक्ष्य प्रक्षेपण गरिएको छ ।

**योजना अवधि (५ वर्ष) को आय प्रक्षेपण**

रु. हजारमा

| आय शिर्षकहरु | आर्थिक वर्ष अनुसार आय प्रक्षेपण | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| आन्तरिक श्रोत | ११७६९२.४३ | १०५२०१ | २८६८१ | ३२४०४ | ३५८६४ | ३९६६५ | २४१८१५ |
| सम्पति कर | ११९८.३६ | १००० | १००० | ११०० | ११०० | १२०० | ५४०० |
| भुमिकर/मालपोत | ७८८.२९ | ७०० | ७०० | ८०० | ८०० | ९०० | ३९०० |
| घरवहाल कर | १०६३.६३ | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० |
| वहाल विटौरी कर | ० | ५० | ६० | ७० | ८० | ९० | ३५० |
| सवारी साधन कर (साना सवारी) | ० | २० | ३० | ३३ | ३७ | ४० | १६० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १२०२.२५ | १६५० | १८१५ | १९९७ | २१९६ | २४१६ | १००७४ |
| अन्य मनोरञ्जन कर | ० | ५० | ५० | ५० | ५० | ५० | २५० |
| व्यावसायीले भुक्तान गर्ने कर | १३२.६५ | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ० | १० | १० | ११ | ११ | १२ | ५४ |
| सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | ० | ११ | १२ | १३ | १५ | १६ | ६७ |
| अन्य कर | २१ | ० | ५० | ६० | ७० | ८० | २६० |

| आय शिर्षकहरु | आर्थिक वर्ष अनुसार आय प्रक्षेपण | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | ५० | ६१ | ६७ | ७३ | ८१ | ३३२ |
| न्यायिक दस्तूर | ० | १० | १२ | १३ | १५ | १६ | ६६ |
| परीक्षा शुल्क | ० | १० | ३६ | ४० | ४४ | ४८ | १७८ |
| शिक्षा क्षेत्रको आम्दानी | ० | १० | २० | ३० | ४० | ५० | १५० |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | १० | २० | ३० | ४० | ५० | १५० |
| नक्सापास दस्तुर | ६७९.११ | ११०० | १२१० | १३३१ | १४६४ | १६११ | ६७१६ |
| सिफारिस दस्तुर | ३२६९.९९ | ३००० | ३३०० | ३६०० | ३९०० | ४२०० | १८००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ०.५ | ४० | ५० | ६० | ७० | ८० | ३०० |
| नाता प्रमाणित दस्तुर | १४९.३७ | १५० | १८२ | २०० | २२० | २४२ | ९९४ |
| अन्य दस्तुर | ३९८.४४ | ३३० | ३६३ | ३९९ | ४३९ | ४८३ | २०१४ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०० | ५०० | ५०० | ६०० | ६०० | ७०० | २९०० |
| अन्य राजश्व | २०२७४.१८३ | १५००० | १७५०० | २०००० | २२५०० | २५००० | १००००० |
| गत वर्षको नगद मौज्दात | ८८०१४.६६ | ८०००० | ० | ० | ० | ० | ८०००० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **६३२४९.७७** | **८८०००** | **९५६८६** | **१०५२२५** | **११५१३७** | **१२६५११** | **५३०५५९** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर [राजस्व बाँडफाँड - प्रदेश सरकार] | ० | ३००० | ३३०० | ३६०० | ३९०० | ४२०० | १८००० |
| बाँडफाँड हुने राजस्व [राजस्व बाँडफाँड — संघीय सरकार] | ५९५२२.६१ | ८०००० | ८७३८६ | ९६१२५ | १०५७३७ | ११६३११ | ४८५५५९ |
| अन्य बाँडफाँड हुने राजस्व [राजस्व बाँडफाँड- प्रदेश सरकार] | ३७२७.१६ | ५००० | ५००० | ५५०० | ५५०० | ६००० | २७००० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **३७२६४५.१५** | **४१२३००** | **४३८०००** | **४४८५००** | **४५९०००** | **४६९५००** | **२२२७३००** |
| **संघीय सरकार** | **३५६७८६** | **३७९८००** | **३९५०००** | **४०५०००** | **४१५०००** | **४२५०००** | **२०१९८००** |
| समानिकरण अनुदान | १०६१०० | ११४८०० | १२०००० | १३०००० | १४०००० | १५०००० | ६५४८०० |
| शसर्त अनुदान | २५०६८५.७७ | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १२५०००० |

| आय शिर्षकहरु | आर्थिक वर्ष अनुसार आय प्रक्षेपण | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| विशेष अनुदान | ० | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० |
| समपुरक अनुदान | ० | १०००० | १५००० | १५००० | १५००० | १५००० | ७०००० |
| **प्रदेश सरकार** | **१५८५९** | **३२५००** | **४३०००** | **४३५००** | **४४०००** | **४४५००** | **२०७५००** |
| समानिकरण अनुदान | ७२९४.२३ | १२५०० | १३००० | १३५०० | १४००० | १४५०० | ६७५०० |
| शसर्त अनुदान | ० | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० |
| विशेष अनुदान | ४९७१.९९ | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० |
| समपुरक अनुदान | ३५९३.१६ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| **कुल जम्मा** | **५५३५८७** | **६०५५०१** | **५६२३६७** | **५८६१२९** | **६१०००१** | **६३५६७६** | **२९९९६७४** |

### ४.१.४ सार्वजनिक, निजी र सहकारी साझेदारी

#### ४.१.४.१ संघीय सरकार

भिमाद नगरपालिकामा सेती नदी जस्तो राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको जल क्रिडास्थलहरु भएको तथा जलविद्युत परियोजनाको प्रचुर संभावना, उष्ण तथा उपोष्ण क्षेत्रका साँस्कृतिक तथा महत्वूर्ण जैविक परिस्थितिकीय प्रणाली भएको क्षेत्र हो । यस क्षेत्रको समग्र भौतिक, सामाजिक तथा आर्थिक विकासको लागि संघीय सरकारको सहकार्य अपरिहार्य छ । यो क्षेत्र जलवायू परिवर्तन तथा प्राकृतिक विपदको उच्च जोखिम क्षेत्र समेत भएको हुँदा जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलन र विपद जोखिम न्यूनिकरणका लागि प्रभावकारी नीति निर्माण तथा कार्यान्वयनको लागि संघीय सरकारसँग सहकार्य गरिनेछ । पालिकाभित्र दातृ निकाय, बहुउद्देशीय कम्पनीहरु, अन्तर्राष्ट्रियस्तरका शैक्षिक तथा अनुसन्धान केन्द्रहरु सञ्चालन गर्न पनि संघीय सरकारसँग सहकार्य गरिनेछ । यस अवधिमा संघीय सरकारले पालिकालाई दिने अनुदान तथा सहयोगको प्रक्षेपण निम्नानुसार गरिएको छ । यस प्रक्षेपणमा हाल प्राप्त भएको रकममा करीब १० प्रतिशतका दरले बृद्धि गरी प्रक्षेपण गरिएको छ ।

**संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा सहयोगको प्रक्षेपण**

रु. हजारमा

| आय शिर्षक | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| **संघीय सरकार** | ३५६७८६ | ३७९८०० | ३९५००० | ४०५००० | ४१५००० | ४२५००० | २०१९८०० |
| समानिकरण अनुदान | १०६१०० | ११४८०० | १२०००० | १३०००० | १४०००० | १५०००० | ६५४८०० |
| शसर्त अनुदान | २५०६८५.७७ | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १२५०००० |
| विशेष अनुदान | ० | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० |
| समपुरक अनुदान | ० | १०००० | १५००० | १५००० | १५००० | १५००० | ७०००० |
| **जम्मा** | ३५६७८६ | ३७९८०० | ३९५००० | ४०५००० | ४१५००० | ४२५००० | २०१९८०० |
| | | | | | | | |

### ४.१.४.२ प्रदेश सरकार

पालिकाभित्रका ठूला तथा मझौला र प्रदेश सरकारको छनौटमा परेका योजना तथा पालिकाले प्रदेश सरकारको सहयोगमा सम्पन्न गर्ने योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ । यस अविधमा प्रदेश सरकारले पालिकालाई दिने अनुदान तथा सहयोगको प्रक्षेपण निम्नानुसार गरिएको छ । यस प्रक्षेपणमा हाल प्राप्त भएको रकममा करीब १० प्रतिशतका दरले बृद्धि गरी प्रक्षेपण गरिएको छ ।

**प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा सहयोगको प्रक्षेपण**

रु. हजारमा

| आय शिर्षक | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| **प्रदेश सरकार** | १५८५९ | ३२५०० | ४३००० | ४३५०० | ४४००० | ४४५०० | २०७५०० |
| समानिकरण अनुदान | ७२९४.२३ | १२५०० | १३००० | १३५०० | १४००० | १४५०० | ६७५०० |

| आय शिर्षक | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| शसर्त अनुदान | ० | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० |
| विशेष अनुदान | ४९७१.९९ | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० |
| समपुरक अनुदान | ३५९३.१६ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| **जम्मा** | **१५८५९** | **३२५००** | **४३०००** | **४३५००** | **४४०००** | **४४५००** | **२०७५००** |

### ४.१.४.३ भिमाद नगरपालिका

पालिकाको समग्र आर्थिक तथा सामाजिक विकासको लागि पालिकाले नेतृत्वदायी भूमिका खेल्ने छ । सामाजिक, आर्थिक एवं रणनीतिक महत्वका दृष्टिकोणले आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको निर्माण तथा गैर सरकारी संघसंस्थाहरुसँग सहकार्य, लगानीमैत्री वातावरण, कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, सुशासन, शान्ति, सद्भाव, सामाजिक न्याय कायम गर्न नेतृत्वदायी भूमिका खेल्ने छ । संघीय तथा प्रदेश सरकारको समानीकरण, राजश्व बाँडफाँड र सशर्त अनुदानका अतिरिक्त पालिका आफैले पनि विभिन्न कर तथा गैर कर राजश्वबाट आन्तरिक आय प्राप्त गर्दछ । पालिकाको आन्तरिक आयको प्रक्षेपण वार्षिक करीब १० प्रतिशत बृद्धिदर अनुमान गरी प्रक्षेपण गरिएको छ ।

**भिमाद नगरपालिकाको आन्तरिक स्रोतबाट प्राप्त हुने राजश्व आम्दानीको प्रक्षेपण**

रु. हजारमा

| आय शिर्षकहरु | आर्थिक वर्ष अनुसार आय प्रक्षेपण | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| आन्तरिक श्रोत | ११७६९२.४३ | १०५२०१ | २८६८१ | ३२४०४ | ३५८६४ | ३९६६५ | २४१८१५ |
| सम्पति कर | ११९८.३६ | १००० | १००० | ११०० | ११०० | १२०० | ५४०० |
| भुमिकर/मालपोत | ७८८.२९ | ७०० | ७०० | ८०० | ८०० | ९०० | ३९०० |
| घरवहाल कर | १०६३.६३ | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० |
| वहाल विटौरी कर | ० | ५० | ६० | ७० | ८० | ९० | ३५० |

| आय शिर्षकहरु | आर्थिक वर्ष अनुसार आय प्रक्षेपण | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| सवारी साधन कर (साना सवारी) | ० | २० | ३० | ३३ | ३७ | ४० | १६० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १२०२.२५ | १६५० | १८१५ | १९९७ | २१९६ | २४१६ | १००७४ |
| अन्य मनोरञ्जन कर | ० | ५० | ५० | ५० | ५० | ५० | २५० |
| व्यावसायीले भुक्तान गर्ने कर | १३२.६५ | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ० | १० | १० | ११ | ११ | १२ | ५४ |
| सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | ० | ११ | १२ | १३ | १५ | १६ | ६७ |
| अन्य कर | २१ | ० | ५० | ६० | ७० | ८० | २६० |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | ५० | ६१ | ६७ | ७३ | ८१ | ३३२ |
| न्यायिक दस्तूर | ० | १० | १२ | १३ | १५ | १६ | ६६ |
| परीक्षा शुल्क | ० | १० | ३६ | ४० | ४४ | ४८ | १७८ |
| शिक्षा क्षेत्रको आम्दानी | ० | १० | २० | ३० | ४० | ५० | १५० |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | १० | २० | ३० | ४० | ५० | १५० |
| नक्सापास दस्तुर | ६७९.११ | ११०० | १२१० | १३३१ | १४६४ | १६११ | ६७१६ |
| सिफारिस दस्तुर | ३२६९.९९ | ३००० | ३३०० | ३६०० | ३९०० | ४२०० | १८००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ०.५ | ४० | ५० | ६० | ७० | ८० | ३०० |
| नाता प्रमाणित दस्तुर | १४९.३७ | १५० | १८२ | २०० | २२० | २४२ | ९९४ |
| अन्य दस्तुर | ३९८.४४ | ३३० | ३६३ | ३९९ | ४३९ | ४८३ | २०१४ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०० | ५०० | ५०० | ६०० | ६०० | ७०० | २९०० |
| अन्य राजश्व | २०२७४.१८३ | १५००० | १७५०० | २०००० | २२५०० | २५००० | १००००० |
| गत वर्षको नगद मौज्दात | ८८०१४.६६ | ८०००० | ० | ० | ० | ० | ८०००० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **६३२४९.७७** | **८८०००** | **९५६८६** | **१०५२२५** | **११५१३७** | **१२६५११** | **५३०५५९** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर [राजस्व बाँडफाँड - प्रदेश सरकार] | ० | ३००० | ३३०० | ३६०० | ३९०० | ४२०० | १८००० |
| बाँडफाँड हुने राजस्व [राजस्व बाँडफाँड — संघीय सरकार] | ५९५२२.६१ | ८०००० | ८७३८६ | ९६१२५ | १०५७३७ | ११६३११ | ४८५५५९ |

| आय शिर्षकहरु | आर्थिक वर्ष अनुसार आय प्रक्षेपण | | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ को यथार्थ | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | |
| अन्य बाँडफाँड हुने राजस्व [राजस्व बाँडफाँड-प्रदेश सरकार] | ३७२७.१६ | ५००० | ५००० | ५५०० | ५५०० | ६००० | २७००० |
| **कुल जम्मा** | **१८०९४२.२** | **१९३२०१** | **१२४३६७** | **१३७६२९** | **१५१००१** | **१६६१७६** | **७७२३७४** |

### ४.१.४.४ निजी क्षेत्र

भिमाद नगरपालिकाले आह्वान गरे अनुसारका क्षेत्रहरुका सामाजिक, साँस्कृतिक तथा पर्यावरणीय उत्तरदायित्व पूरा गर्दै रोजगारी तथा आय आर्जनका क्षेत्रहरु बढाउन, उन्नत प्रविधिहरुको आयात तथा प्रबर्द्धन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । जनताहरुको सहकार्यमा निजीक्षेत्रको विकास गरी पालिकासँग सहकार्य तथा साझेदारी गरी उद्यम विकास गरिनेछ । पालिका र जनताको सहकार्यमा पब्लिक लिमिटेड कम्पनीहरुको स्थापना गरी पूँजि सङ्कलन गरी उद्योगहरुको स्थापना गरिनेछ ।

### ४.१.४.५ सहकारी क्षेत्र

पालिकाभित्र छरिएर रहेका स्रोत तथा साधनहरु सङ्गठित संस्था मार्फत परिचालन गरी सामाजिक समावेशी आर्थिक बृद्धि र समुदायको सशक्तिकरण गर्न सहकारीको प्रबर्द्धन गरिनेछ । सहकारीले पालिका र निजी क्षेत्रको प्रत्यक्ष प्रभाव पुग्न नसकेका क्षेत्रहरुमा समेत सेवा विस्तार गर्न सक्दछ । सहकारी मार्फत छरिएर रहेका श्रम, सीप, प्रविधि र पूँजिलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व बृद्धि गरी रोजगारी तथा आय आर्जनका अवसरहरु बृद्धि गरिनेछ ।

### ४.१.४.६.गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु

सबै प्रकारका कुरीति तथा सामाजिक विभेदहरुको अन्त्य, जनचेतना बृद्धि, वातावरण संरक्षण लगायतका कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्न गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरुसँग पालिकाको सोँच मुताविक लक्ष्य तथा उद्देश्यहरु पूर्ति गर्न सहकार्य गरिनेछ ।

### ४.१.४.७. वैदेशिक लगानी

नयाँ प्रविधि, ज्ञान, सीप भित्र्याई उत्पादकत्व बृद्धि गर्न संघीय सरकारको अनुमति लिएर वैदेशिक लगानी भित्र्याउने नीति अबलम्बन गरिनेछ ।

**<u>योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण</u>**

### क. कार्यक्रम तथा योजनामा हुने खर्चको प्रक्षेपण

यस आवधिक योजना अवधि (आगामी ५ वर्ष) मा सञ्चालन गर्न प्रस्ताव गरिएका कार्यक्रम तथा योजनाहरुमा हुने अनुमानित खर्चलाई देहाय वमोजिम प्रक्षेपण गरिएको छ ।

**योजना अवधिमा प्रस्ताव गरिएका कार्यक्रम तथा योजनामा हुने खर्च प्रक्षेपण**

रकम रु. हजारमा

| लगानी र खर्चका शीर्षकहरु | ५ वर्षको कुल अपेक्षित लगानी (पूँजिगत तर्फ) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास क्षेत्र | १७८८७०० | |
| सामाजिक विकास क्षेत्र | ९२८७०० | |
| पूर्वाधार विकास क्षेत्र | १३७९१०० | |
| लोकतन्त्र र सुशासन क्षेत्र | ४१४०० | |
| अन्तर सम्बन्धति क्षेत्र | ८२८०० | |
| योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | १०००० | |
| **कार्यक्रम तथा योजनामा जम्मा लगानी** | **४२३०७००** | |

## ख. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको प्रक्षेपण

यस योजना अवधिमा (५ वर्षमा) नगरकार्यपालिकाको कार्यालय र मातहतका शाखा तथा वडा कार्यालयहरुको दैनिक प्रशासन सञ्चालनका लागि हुने खर्च समावेश गरिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको प्रक्षेपण गर्दा यस नगरपालिकाको यस अघिका आर्थिक वर्षहरुको कुल वार्षिक बजेटमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको अंशलाई आधार मानि प्रक्षेपण गरिएको छ । यो अंश १६ देखि २० प्रतिशत रहेकोले योजना अवधिमा २० प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च हुने अनुमान गरिएको छ ।

**कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको प्रक्षेपण**

रकम रु. हजारमा

| लगानी र खर्चका शीर्षकहरु | ५ वर्षको अपेक्षित खर्च |
|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १०५७६७५ |

## ग. कुल आम्दानी र खर्चको प्रक्षेपण

यस योजना अवधिमा विषयगत क्षेत्रका कार्यक्रम तथा योजनाहरुमा हुने खर्च र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शिर्षकमा हुने खर्च तथा पालिकालाई प्राप्त हुन सक्ने आम्दानीका स्रोतहरुको आधारमा योजना अवधिको कुल खर्च र कुल आम्दानी देहाय वमोजिम प्रक्षेपण गरिएको छ । संघीय तथा प्रदेश सरकारहरुका कार्यान्वयन इकाईहरु मार्फत यस नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने योजना कार्यक्रमहरुमा हुने लगानीले पनि योजनाको लक्ष्य हासिल गर्नमा योगदान पुर्‍याउने हुनाले त्यस्ता योजना कार्यक्रमहरुमा संघ तथा प्रदेश सरकारबाट हुने लगानीलाई समेत आम्दानीको स्रोतको रुपमा राखिएको छ । यसमा राष्ट्रिय गौरबका Mega Project हरुमा हुने लगानी समावेश गरिएको छैन ।

रकम रु. हजारमा

| लगानी र खर्चका शीर्षकहरु | ५ वर्षको कुल अपेक्षित लगानी (पूँजिगत तर्फ) | प्रतिशत | अपेक्षित आम्दानी स्रोतहरु | रकम |
|---|---|---|---|---|
| आर्थिक विकास क्षेत्र | १७८८७०० | ४२.२८ | भिमाद नगरपालिका | २४१८१५ |
| सामाजिक विकास क्षेत्र | ९२८७०० | २१.९५ | राजश्व बाँडफाँड | ५३०५५९ |
| पूर्वाधार विकास क्षेत्र | १३७९१०० | ३२.६ | अन्तरसरकारी वित्तीय हस्तान्तरण | २२२७३०० |
| लोकतन्त्र र सुशासन क्षेत्र | ४१४०० | ०.९८ | जनसहभागिता | १००००० |

| लगानी र खर्चका शीर्षकहरु | ५ वर्षको कुल अपेक्षित लगानी (पूँजिगत तर्फ) | प्रतिशत | अपेक्षित आम्दानी स्रोतहरु | रकम |
|---|---|---|---|---|
| अन्तर सम्बन्धति क्षेत्र | ८२८०० | १.९६ | लागत साझेदारी (अन्य पालिका तथा बाह्य परियोजना) | १०००० |
| योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | १०००० | ०.२४ | नीजि क्षेत्र | ११२१०२६ |
| **कार्यक्रममा जम्मा लगानी** | <u>४२३०७००</u> | ८० | **नगरपालिकाबाट परिचालन हुने जम्मा आम्दानी** | <u>४२३०७००</u> |
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १०५७६७५ | २० | संघीय सरकारबाट कार्यान्वयन हुने योजनाहरुमा हुने लगानी | ९००००० |
| | | | प्रदेश सरकारबाट कार्यान्वयन हुने योजनाहरुमा हुने लगानी | १५७६७५ |
| **कुल लगानी** | **५२८८३७५** | १०० | **कुल आम्दानी** | **५२८८३७५** |

### ४.१.४.८. पालिकामा कार्यरत विकास साझेदारहरु

यस आवधिक योजनाको कार्यान्वयनका लागि पालिकाभित्र निम्नलिखित सरोकारवालाहरुको भूमिका महत्वपूर्ण रहनेछ ।

**१. भिमाद नगरपालिका**

यस आवधिक योजनाको कार्यान्वयनको नेतृत्वदायी भूमिका नगरपालिकाले खेल्नेछ । आवश्यक स्रोत र साधनहरुको व्यवस्थापनमा नेतृत्वदायी भूमिका खेल्दै जनपरिचालन मार्फत सुशासनको प्रत्याभूति गराईदै कार्यान्वयन गरिनेछ ।

**२. राजनीतिक दलहरु**

यस आवधिक योजनाको कार्यान्वयनको लागि सबै राजनीतिक दलहरुको भूमिका अपरिहार्य छ । आवधिक योजनाका कार्यक्रमहरुको बारेमा पालिकाबासीहरुलाई सुसूचित गराउन, उनीहरुको सकारात्मक धारणा निर्माण गर्न, कार्यक्रमहरुको कार्यान्वयनको लागि जन सहभागिता बृद्धि गर्न र स्रोतहरु सङ्कलनमा महत्वपूर्ण भूमिका रहनेछ ।

### ३. सहकारी संस्थाहरु

यस आवधिक योजनाको कार्यान्वयनकालागि सहकारीहरुको सक्रिय भूमिका रहनेछ र कार्यक्रमहरु कार्यान्वयनको लागि सहकारीहरुसँग साझेदारी गरिनेछ।

### ४. समुदायमा आधारित सङ्गठनहरु (समूह तथा स्थानीय गैर सरकारी संस्थाहरु, युवा क्लवहरु, उपभोक्ता समूहहरु, आमा समूहहरु)

यस आवधिक योजनाले अबलम्बन गरेका अभियान तथा जनतामा आधारित कार्यक्रमहरु कार्यान्वयन एवम् अनुगमन गर्न समुदायमा आधारित सङ्गठनहरुको भूमिकालाई सक्रिय गराईनेछ ।

### ५. गैरसरकारी संस्थाहरु तथा आयोजनाहरु

जनचेतना, क्षमता अभिबृद्धि तथा अभियानहरु सञ्चालनका लागि गैरसरकारी संघसंस्थाहरुसँग साझेदारी एवं सहकार्य गरिनेछ ।

### ६. निजी व्यापारिक प्रतिष्ठानहरु

व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत निजी तथा व्यापारिक प्रतिष्ठानहरुसँग सहकार्य गरेर जनचेतना तथा क्षमता अभिबृद्धि, पुस्तकालय, सूचना केन्द्र, प्रतिक्षालय, सामुदायिक भवन जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सहकार्य तथा साझेदारी गरिनेछ ।

### ७. प्रादेशिक सरकार

पालिकाले निर्दिष्ट गरेका कार्यक्रमहरु सञ्चालन गर्न तथा प्रदेश सरकारका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि प्रदेश सरकारसँग सहकार्य तथा समन्वय गरिनेछ । समपुरक अनुदानमा लागत साझदारी गरिनेछ भने विशेष अनुदान र सशर्त अनुदान प्रभावकारी रुपमा पालिकाले कार्यान्वयन गर्नेछ । प्रदेश सरकारबाट यसपालिकामा कार्यान्वयन हुने गरी स्वीकृत भएका योजना कार्यक्रमहरुको कार्यान्वयनमा पालिकाले सहयोगी भूमिका खेल्नेछ ।

## ८. संघीय सरकार

राष्ट्रिय महत्वका कार्यक्रमहरु सञ्चालनको लागि तथा पालिकाभित्र संघीय सरकारको सहयोग प्राप्त गर्नुपर्ने आयोजनाहरु कार्यान्वयन गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ । समपुरक तथा लागत साझेदारी गर्नपर्ने योजनाहरुमा लागत साझेदारी गरिनेछ भने सशर्त र विशेष अनुदानका योजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । संघीय सरकारबाट यस पालिकामा कार्यान्वयन हुने गरी स्वीकृत भएका योजनाहरुको कार्यान्वयनमा पालिकाले सहजीकरण गर्नेछ ।

## ९. विद्यालय तथा शैक्षिक प्रतिष्ठानहरु

यस आवधिक योजनाले निर्दिष्ट गरेका हरित क्लव, सरसफाईका कार्यक्रमहरु, बृक्षारोपण, विज्ञान तथा प्रविधि एवं नयाँ विषयहरुका बारेमा नगरबासीहरुलाई जानकारी गराउने कार्यक्रमहरु विद्यालयको नेतृत्वमा कार्यान्वयन गर्न उत्प्रेरित गरिनेछ ।

## १०. सञ्चार संस्थाहरु

यस आवधिक योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरु र योजनाहरु छनौट देखि सम्पन्न भईन्जेलसम्म उपभोक्ताहरुलाई सुसूचित गराउन र पालिकामा सूचनाको हकको प्रत्याभूति गराउन सञ्चारमाध्यमहरुको भूमिका प्रभावकारी रहनेछ ।

## ११. अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु

पालिकाभित्र सामाजिक अभियानका कार्यक्रमहरु सञ्चालन गर्न, ठूला परियोजना सञ्चालन गर्न र विभिन्न विषयका अनुसन्धानात्मक परियोजना सञ्चालन गर्न अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरुसँग साझेदारी तथा सहकार्य गरिनेछ ।

# परिच्छेद ५

## विषयगत क्षेत्रको कार्यक्रम तथा कार्यनीति

### ५.१ आर्थिक विकास क्षेत्र

**दूरदृष्टि**

*"स्रोत, सीप, प्रविधि र सूचनाको उपयोगिता, आर्थिक विकासको लागि नागरिकको नेतृत्व र सहभागिता"*

**लक्ष्य**

भिमाद नगरपालिकामा उपलब्ध भएका तथा हुन सक्ने आर्थिक, सामाजिक, प्राकृतिक, साँस्कृतिक तथा मानवीय स्रोतको सदुपयोग गरेर प्रतिव्यक्ति आय बृद्धि, विभेदहरुको अन्त्य, वातावरणीय सन्तुलन सहित द्रूत तथा दिगो विकास गरी समृद्ध समाजको निर्माण गर्ने ।

**उद्देश्य**

१. बि.सं. २०८१ सम्ममा समग्र आर्थिक विकासको क्षेत्रबाट प्रतिव्यक्ति वार्षिक आय रु. ३ लाख पुऱ्याउने

२ यस योजना अवधिमा १० हाजर नयाँ रोगजारी सिर्जना गर्ने

३. पर्यटन क्षेत्रको विकास गरी वार्षिक ५० हजार पर्यटक आउने वातावरण निर्माण गर्ने

४. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी आय आर्जन तथा रोजगारी सिर्जना गर्ने

५. वन क्षेत्र तथा खेतबारीमा उच्च मूल्य प्रजातिका जडीबुटी खेतीको प्रबर्द्धन गर्ने

६. प्राकृतिक स्रोत तथा साधनहरुको समुचित सदुपयोग गरी आर्थिक विकासका अवसर सिर्जना गर्ने

७. साँस्कृतिक तथा सामाजिक विकास गरी समावेशी तथा सहभागितामूलक आर्थिक विकासको आधार तयार गर्ने

८. भूमि खण्डिकरणलाई अन्त्य गरी सामुहिक खेती प्रणाली विकास गरी यान्त्रिकिकरण मार्फत कृषिलाई आधुनिकिकरण गर्ने

९. समुदायमा आधारित उद्यम तथा उद्योगहरुको विकास गर्ने

१०. स्थानीय स्रोत र साधनमा आधारित उद्यम तथा उद्योगहरुको विकास गर्ने

**रणनीति**

१. प्रदेश सरकार, संघीय सरकार लगायत उद्यमी, समूह, सहकारी, निजीक्षेत्र र साझेदार संस्थाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी कार्यान्वयन गर्ने

२. दक्ष प्राविधिक उत्पादनमा जोड दिने तथा परिचालन गर्ने

३. स्थानीय स्रोत साधनको विशेष परिचालन गर्ने

४. पर्यटन, कृषि, पशु तथा उद्यमको व्यावसायिक विकास गर्ने

५. एक घर एक उद्यमको अवधारणालाई साकार पार्ने

६. पालिका र नगरबासीको सहकार्यमा उद्योगहरु सञ्चालन गर्ने

७. प्रत्येक घर परिवारले वार्षिक व्यावसायिक योजना निर्माण गरी चैत्र मसान्तसम्ममा सम्बन्धित वडामा पेश गर्ने

## ५.१.१ कृषि

**लक्ष्य**

*"प्रविधिको सदुपयोग, भूमिको व्यवस्थापन, योजनाबद्ध उत्पादन प्रणाली मार्फत उत्पादन बृद्धि तथा कृषि पर्यटनको प्रबर्द्धन गरी उत्पादित वस्तुहरुको प्रशोधन, बजारीकरण तथा उद्यमशीलताको प्रबर्द्धन गरी आय आर्जन तथा रोजगारीका अवसरहरु बृद्धि गर्ने"*

**उद्देश्य**

१. प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोग गरी जमिनको उत्पादकत्व बृद्धि गर्ने

२. प्राङ्गारिक खेतीलाई प्रबर्द्धन गरी पालिकालाई प्राङ्गारिक खेती क्षेत्रको रुपमा विकास गर्ने

३. कृषकको क्षमता अभिबृद्धि गरी उच्च मुल्य प्रजातिका तरकारी, अन्नबाली, फलफुल, जडिबुटी, फुलखेती आदिको व्यावसायिक खेतीलाई प्रबर्द्धन गर्ने

४. सहकारी तथा पब्लिक लिमिटेड कम्पनी मार्फत उन्नत प्रविधिको प्रयोग गरी सामुहिक खेती प्रणालीलाई प्रबर्द्धन गर्ने

५. बाँझो रहेको खेतीयोग्य उर्वर भूमिमा खेती गर्न जग्गाधनीलाई प्रोत्साहित गर्ने

६. कृषि उपजको बजारीकरण सुनिश्चित गर्न सहकारी, कृषक समूह तथा पब्लिक लिमिटेड कम्पनी मार्फत बजारीकरण सुनिश्चित गर्ने

७. कृषि उपजहरुको प्रशोधन केन्द्र, उद्योग विकास तथा संस्थागत बजारीकरण गर्ने

**रणनीति**

१. प्रत्येक किसानलाई व्यावसायिक उत्पादन योजना र उत्पादन पात्रो मुताविक उत्पादन गर्न लगाउने

२. कृषकको दक्षतामा अभिबृद्धि गरी व्यावसायिक रुपमा उत्पादन गर्न सक्षम बनाउने

३. कृषिमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहित गर्ने

४. कृषि सूचना तथा सामाग्रीहरुको निरन्तर आपूर्ति  गर्न कृषि सेवा केन्द्रहरुको स्थापना गर्ने

## कार्यक्रम, कार्यनीति र क्रियाकलाप

| क्र.सं. | कार्यक्रम तथा कार्यनीतिहरु | क्रियाकलाप | लक्ष्य | आधार वर्ष | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | बजेट रु. लाखमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **किसान विकास कार्यक्रम** | | | | | | | | | |
| | <u>कार्यनीति</u><br>१.व्यावसायिक कृषकहरुको पहिचान गरी संस्थागत रुपमा विकास गर्ने | १.व्यावसायिक किसान पहिचान एवं परिचयपत्र वितरण | सबै वडा | ० | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २२५ |
| | | २.किसान व्यावसायिक योजना बनाउन लगाउने | सबै वडा | ० | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | ३.प्रत्येक किसानलाई बालीपात्रो बनाउन लगाई उत्पादन योजना अनिवार्य गर्ने | सबै वडा | ० | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | **कृषक समूहहरुको संस्थागत विकास** | | | | | | | | | २२५ |
| | <u>कार्यनीति</u><br>१.कृषकहरुलाई उत्पादक समूहमा आबद्ध गराई समूहको व्यावसायिक योजना मुताविक उत्पादन क्रियाकलापलाई निरन्तरता दिने<br>२.उत्पादक समूहहरुको | १.भएका कृषक वा उत्पादन समूहहरुको सबलीकरण गर्ने | सबै वडा | | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | २.नयाँ कृषक समूह गठन गर्ने | सबै वडा | | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | ३.समूहहरुको व्यवसायिक योजना निर्माण तथा कार्यान्वयनमा सहयोग | सबै वडा | | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| | | ४.समूहहरुलाई वडा वा पालिकामा दर्ता गर्ने | सबै वडा | | सबै वडा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.सं. | कार्यक्रम तथा कार्यनीतिहरु | क्रियाकलाप | लक्ष्य | आधार वर्ष | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ | ०७९।०८० | ०८०।०८१ | बजेट रु. लाखमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
